| ६ | अशुभ | स्कन्द | नन्दा | मध्यम | मध्यम | तेल |
| ७ | शुभ | सूर्य | भद्रा | मध्यम | मध्यम | अमला |
| ८ | व्याधिना० | शिव | जया | मध्यम | मध्यम | नरिवल |
| ९ | मृत्युदा | दुर्गा | रिक्ता | मध्यम | मध्यम | लौकी |
| १० | धनदा | यम | पूर्णा | मध्यम | मध्यम | चिचिन्डो |
| ११ | शुभा | विश्वेदेव | नन्दा | शुभ | अशुभ | सिमी |
| १२ | सर्वश्री | हरि | भद्रा | शुभ | अशुभ | मुसुरी |
| १३ | सर्वसिद्धि | मदन | जया | शुभ | अशुभ | भन्टा |
| १४ | उग्र | शिव | रिक्ता | शुभ | अशुभ | मह |
| १५ | तुष्टिदा | चन्द्र | पूर्णा | शुभ | अशुभ | जूवा |
| ३० | अशुभा | पितर | पूर्णा | शुभ | अशुभ | मैथुन |

चित्र विचित्र, आनन्दादिक कर्म, देवता आदिको उत्साह कर्म, गृहादि कर्म, ठीका आदिको काम, जग्गा-जमीन लेन-देन व्यवहार, गान-बजान आदि कार्य, नन्दा तिथि १-६-११ मा गर्दा असल हुन्छ। विवाह, आभूषणादि धारण, रथ, बग्गी आदि बनाउनु बाटो खन्नु, पौष्टिककर्मादि भद्रातिथि २-७-१२ मा शुभ हुन्छ। युद्धादिको सामान (तरवार, बन्दूक, भाला, बर्छा) आदि बनाउनु इत्यादि कार्य जयातिथि ३-८-१३ मा गर्नु बेस हुन्छ। व्यभिचारादि कर्म (कसैलाई मार्नु, पिट्नु, बाँध्नु आदि) विष शस्त्रादि कार्य रिक्ता तिथि ४-९-१४ मा गर्नु प्रशस्त हुन्छ। विवाहादि मङ्गल कार्य, यात्रा (परदेश गमन), शान्ति, पौष्टिकादिकर्म पूर्णातिथि ५-१०-१५ मा शुभ हुन्छ। अमावस्या (औंसी) मा केवल पितृश्राद्ध संबन्धी कार्य गर्नु, मङ्गलादि शुभ कार्य गर्नु सर्वथा वर्जित छ (गर्नु हुँदैन) ॥ ८३ ॥

* मतान्तरेण तिथिकृत्यानि *

गीतं नृत्यं तथा क्षेत्रं चित्रोत्सवगृहादिकम् ।
वस्त्रालङ्कारशिल्पादि नन्दाख्यासु शुभं स्मृतम् ॥८४॥
विवाहोपनयौ यात्रा भूषाशिल्पकलादिकम् ।
गजाश्वरथकृत्यं च भद्रातिथिषु सिद्धिदम् ॥८५॥
सैन्यं संग्रामशस्त्रादि यात्रोत्सवगृहादिकम् ।
भैषज्यं चैव वाणिज्यं सिद्ध्येत्सर्वं जयासु च ॥८६॥
शत्रूणां वधबन्धादि विषशस्त्राग्नियोजनम् ।
कर्तव्यं तच्च रिक्तायां नैव सन्मङ्गलं क्वचित् ॥८७॥
व्रतबन्धविवाहादि यात्राराज्याभिषेचनम् ।
शान्तिकं पौष्टिकं कर्म पूर्णासु किल सिद्ध्यति ॥८८॥

गीत ( गाना ), नृत्य ( नाच ), खेती, चित्र विचित्र उत्सव, गृहादि कर्म अनि वस्त्रभूषणादि धारण गर्नु, शिल्प कर्मादि ( बढ़ई कर्मीआदिको काम ) कार्य नन्दा तिथिमा गर्नु शुभ हुन्छ। विवाह, व्रतबंध, यात्रा, भूषणादि पैहनु, शिल्पकर्मादि, हात्ती, घोडा किन्नु, रथ आदि बनाउनु इत्यादि सब कार्य भद्रा तिथिमा शुभ हुन्छ। फौजको काम, युद्ध ( लड़ाई ) को अथवा गृहादिकार्य, औषधी आदि सेवन गर्नु, वाणिज्य कर्म ( व्यापार ) का निमित्त जया तिथि प्रशस्त शुभ हुन्छ। शत्रु वध गर्नु ( मार्नु ) बन्धन आदि कर्म गर्नु शस्त्र-अस्त्रादि चलाउनु, आगो लाउनु इत्यादि कार्य रिक्ता तिथिमा बेस हुन्छ। यज्ञोपवीत ( व्रतबन्ध ), विवाह राजसिंहासनमा बस्नु, शान्तिः पौष्टिक कर्मादि कार्य पूर्णा तिथिमा शुभ हुन्छ ॥ ८८ ॥

* अमावास्यायोगः *

अमावास्यां भवेद्वारो यदा भूमिसुतस्य वै ॥
जाह्नवीस्नानमात्रेण गोसहस्रफलं लभेत् ॥८९॥
अमा वा सोमवारेण रविवारेण सप्तमी ॥
चतुर्थी भौमवारेण विषुवत्सदृशं फलम् ॥९०॥
सिनीवाली कुहुर्वापि यदि सोमदिने भवेत् ॥
गोसहस्रफलं दद्यात्स्नानं चेन्मौनिना कृतम् ॥९१॥
दृष्टचन्द्रा सिनीवाली नष्टचन्द्रा कुहुः स्मृताः ॥९२॥

मङ्गलवार र औंसी तिथि संयुक्त भयो भने त्यस दिन गङ्गा-स्नान गर्नाले मात्र पनि हजार गौदान गरेको फल मिल्छ। सोमवार औंसी, आइतवार सप्तमी, मङ्गलवार चतुर्थी पऱ्यो भने विषुवत् संक्रान्तिको फल मिल्दछ। औंसीका दिनमा चन्द्रमा देखिए भने त्यो सिनीवाली नाम गरेको अमावस्या हुन्छ, चन्द्रमा देखिएनन् भने कुहु

नाम गरेको अमावस्या हुन्छ। यी दुवै सोमवार परे भने नबोली स्नान गर्नु, सहस्र गोदान गरेको फल मिल्छ !

* अमावास्यायां व्यतीपातयोगः *

श्रवणाश्विधनिष्ठार्द्रा नागदैवतमस्तकैः ।
यद्यमारविवारेण व्यतीपातः स उच्यते ॥९३॥

अश्विनी, मृगशिरा, आर्द्रा, अश्लेषा, श्रवण, धनिष्ठा यी नक्षत्र अमावास्या आइतवार संयुक्त भयो भने व्यतीपात योग हुन्छ ॥ ९३ ॥

* मतान्तरेण तिथिस्वामिज्ञानम् *

तिथीशावह्निधात्राम्बा हेरम्बोरगषण्मुखाः ।
रवीशाम्बायमा विश्वे हरिस्मरशिवेन्दवः ॥९४॥
अमावास्यातिथेरीशाः पितरः संप्रकीर्तिताः ॥९५॥

तिथिका स्वामी कहिन्छन्—प्रतिपदाका अग्नि, द्वितीयाका ब्रह्मा, तृतीयाकी देवी, चतुर्थीका गणेश, पंचमीका सर्प, षष्ठीका स्वामिकार्तिक, सप्तमीका सूर्य, अष्टमीका ईश, नवमीकी दुर्गा, दशमीका यम, एकादशीका विश्वेदेव, द्वादशीका विष्णु, त्रयोदशीका कामदेव, चतुर्दशीका शिव, पूर्णिमाका चन्द्रमा, अमावस्याका स्वामी पितृ यस्तै प्रकारबाट तिथिका देवता जान्नु ॥ ९५ ॥

* कृत्यविशेषेषु निषिद्धतिथयः *

षष्ठ्य(६)ष्टमी(८)भूत(१४)विधुक्षयेषु(३०) नो
सेवेत ना तैलपलेक्षुरं रतम् ।
नाभ्यञ्जनं विश्व(१३)दश(१०)द्विके(२) तिथौ
धात्रीफलैः स्नानममा(३०)द्रि(७)गो(९) ष्वसत् ॥९६॥

बुद्धिमान्ले षष्ठीमा तेल नलगाउनु, अष्टमीमा मासु नखानु, चतुर्दशीमा क्षौर नगर्नु, औंसीमा स्त्रीप्रसंग नगर्नु। त्रयोदशी,

दशमी, द्वितीया यी तिथिमा बुकुवा नलगाउनू । औंसी, सप्तमी, नवमी तिथिमा अमलाका फलले स्नान नगर्नू ॥ ९६ ॥

* तिथिमध्ये तैलादिपरिहारः

षष्ठी शनैश्चरे तैलं महाष्टम्यां पलानि च ।
तीर्थक्षौरं चतुर्दश्यां दीपमालासु मैथुनम् ॥९७॥

षष्ठी तिथिमा शनिवार पऱ्यो भने तेल लाउनु हुन्छ, महाष्टमीमा मासु खानु हुन्छ, तीर्थस्थानमा चतुर्दशी परे पनि क्षौर गर्नु हुन्छ, दीपमालिकामा मैथुन गर्दा दोष लाग्दैन ॥ ९७ ॥

* शुभकृत्ये वर्जितयोगादयः *

व्यतीपातवैधृत्यमापर्वभद्रा
तिथेर्वृद्धिनाशौ जनुर्भं ग्रहर्क्षम् ।
कवीज्यास्तसंक्रान्तिन्यूनाधिमास—
कुजार्कार्किरिक्तास्त्यजेद्भव्यकृत्ये ॥९८॥
विष्कुम्भवज्रे घटिका हि तिस्रो—
व्याघातशूले नव पञ्च जह्यात् ।
भव्येषु कृत्येष्वतिगण्डगण्डे
षडेव धीरः परिघार्द्धमाद्यम् ॥९९॥

व्यतीपातयोग, वैधृतियोग, अमावास्या, पर्व, भद्रा, तिथिवृद्धि, तिथिक्षय, जन्मनक्षत्र र गुरु, शुक्र अस्त भएका बेला संक्रान्तिका दिन, मलमास, क्षयमासमा, रवि, मङ्गल, शनिवार, रिक्तातिथि ४-९-१४ यति कुयोगमा सम्पूर्ण शुभ कार्य गर्नु वर्जित छ ॥ २६ ॥ कुनै आचार्यका मतमा संक्रान्तिको सोह्र सोह्र घटी पूर्व र पर वर्जित हुन्छ । विष्कुम्भ र वज्रयोगको आद्य ३ घटी वर्जित हुन्छ । व्याघातको आद्य ९ घटी र शूलयोगको आद्य ५ घटी वर्जित हुन्छ । गण्ड र

अतिगण्डको ६-६ घटी वर्जित हुन्छ। परिघयोगको समस्त शुभ-कार्यमा पैह्लेको आधा वर्जित हुन्छ ॥ ९९ ॥

* पर्वज्ञानम् *

चतुर्दश्यष्टमी कृष्णा अमावस्या च पूर्णिमा ।
पर्वाण्येतानि राजेन्द्र रविसंक्रान्तिरेव च ॥१००॥

कृष्णपक्षको चतुर्दशी, अष्टमी, औंसी; पूर्णिमा, संक्रान्तिका दिन पनि पर्व संज्ञक हुन्, त्यस कारण शुभ कार्य वर्जित गर्नु ॥ १०० ॥

* भद्राज्ञानम् *

शुक्ले पूर्वार्द्धेऽष्टमीपञ्चदश्यो-
भद्रैकादश्यां चतुर्थ्यां परार्द्धे ।
कृष्णेऽन्त्यार्द्धे स्यात्तृतीयादशम्योः
पूर्वे भागे सप्तमीशम्भुतिथ्योः ॥१०१॥

शुक्लपक्षका अष्टमी र पूर्णिमाको पूर्वदलमा एकादशी र चतुर्थीका परदलमा कृष्णपक्षका तृतीया र दशमीका परदलमा सप्तमी र चतुर्दशीका पूर्वदलमा भद्राको वास हुन्छ ॥१०१॥

* भद्रावासज्ञानम् *

कुम्भकर्कद्वये मर्त्यें स्वर्गेऽब्जेऽजात्रयेऽलिगे ।
स्त्रीधनुर्जूकनक्रेऽधो भद्रा तत्रैव तत्फलम् ॥१०२॥
स्वर्गे भद्रा शुभं कार्यं पाताले च धनागमः ।
मृत्युलोके यदा भद्रा सर्वकार्यविनाशिनी ॥१०३॥

कुम्भ, मीन, कर्क, सिंह यी राशिका चन्द्रमा भए भद्राको वास मृत्युलोकमा हुन्छ। मेष, वृष, मिथुन, राशिका चन्द्रमा भए भद्राको वास स्वर्ग लोकमा हुन्छ। कन्या, तुला, धन र मकर राशिका चन्द्रमा भए भद्राको वास पातालमा हुन्छ। जुन लोकमा भद्राको वास छ

त्यंही लोकमा फल दिन्छ ॥३०॥ स्वर्गमा भद्रा भए कार्यमा शुभ फल हुन्छ, पातालमा भद्रा भए धन लाभ हुन्छ, मृत्युलोकमा भए सर्व-कार्यको नाश गरिदिन्छ ॥१०३॥

* भद्रापरिहारः *

दिवाभद्रा यदा रात्रौ रात्रिभद्रा यदा दिने ।
तदा विष्टिकृतो दोषो न भवेत्सर्वसौख्यदः ॥१०४॥

दिनका भद्रा अर्थात् परार्द्धका भद्रा रात्रिमा र रात्रिका भद्रा अर्थात् परार्द्धका भद्रा दिनमा पऱ्यो भने भद्राको दोष लाग्न सक्तैन । त्यो भद्रा सर्व सुख दिने हुन्छ ॥१०४॥

* मतान्तरेण भद्रादेः परिहारः *

विष्टिरङ्गारकश्चैव व्यतीपातश्च वैधृतिः ।
प्रत्यरिर्जन्मनक्षत्रं मध्याह्नात्परतः शुभम् ॥१०५॥

विष्टि ( भद्रा ) अङ्गार ( मङ्गल ) व्यतीपात, वैधृति योग पंचम तारा र जन्म नक्षत्र यी सबै कुयोग जति छन् , मध्याह्नका अनन्तर शुभ हुन्छन् ॥१०५॥

* शुक्रगुरुचन्द्रबालवृद्धज्ञानम् *

पुरः पश्चाद्भृगोर्बाल्यं त्रिदशाहं च वार्द्धकम् ।
पक्षं पञ्चदिनं ते द्वे गुरोः पक्षमुदाहृते ॥१०६॥
ते दशाहं द्वयोः प्रोक्तं कैश्चित्सप्तदिनं परैः ।
त्र्यहं त्वात्ययिकेऽप्यन्यैरर्द्धाहं च त्र्यहं विधोः ॥१०७॥

शुक्रको उदय पूर्वदिशामा भए तीन दिन बालक रहन्छ । पश्चिममा भए १० दिन रहन्छ जब शुक्र पूर्वास्त हुन लाग्छ, तब अस्त हुनुभन्दा पन्ध्र दिन पैल्हैदेखि वृद्ध हुन्छ । उस्तै पश्चिमास्त हुनुभन्दा पाँच दिन पैल्है वृद्ध हुन्छ । बृहस्पतिको उदयास्तमा क्रमैले १५ १५

दिन बाल वृद्ध रहन्छ। अस्त हुनुभन्दा १५ दिन पैल्हैदेखि वृद्धत्व र उदय भएका १५ दिन पर्यन्त बाल्यत्व रहन्छ। कुनै कुनै आचार्यका मतमा गुरु, शुक्र बाल्यत्व, वृद्धत्वमा दस दस दिन भन्दछन्, कोही सात दिन हुन्छ भन्दछन्। कसैकसैको यस्तो मत पनि छ, यदि कुनै कार्य गर्नु सारै आवश्यक भयो भने तीनै दिनको बाल्यत्व, वृद्धत्व हुन्छ। त्यति वर्जित गरेर कार्य गर्नु हुन्छ। चन्द्रमाको बाल्यावस्था आधा दिन र वृद्धावस्था तीन दिनको हुन्छ ॥१०७॥

* गुरुशुक्रास्तमध्ये कार्यवर्जितज्ञानम् *

वाप्यारामतडागकूपखननारम्भप्रतिष्ठे व्रता-
रम्भोत्सर्गवधूप्रवेशनमहादानानि सोमाष्टके।
गोदानाग्रयणप्रपाप्रथमकोपाकर्मवेदव्रतं
नीलोद्वाहमथातिपन्नशिशुसंस्कारान्सुरस्थापनम् ॥१०८॥
दीक्षामौञ्जिविवाहमुण्डनमपूर्वं देवादितीर्थेक्षणं-
संन्यासाग्निपरिग्रहौ नृपतिसंदर्शाभिषेकौ गमम्।
चातुर्मास्यसमावृती श्रवणयोर्वेधं परीक्षां त्यजेद्
वृद्धत्वास्तशिशुत्वइज्यसितयोर्न्यूनाधिमासे तथा ॥१०९॥

बावली ( हिटी ), बगैंचा, तलाऊ ( पोखरी ), कुवा, घर आदि बनाउन आरम्भ गर्नु अथवा यिनको प्रतिष्ठा गर्नु, अरु नयाँ व्रतको आरम्भ गर्नु, उद्यापन ( यज्ञादि ), वधूप्रवेश, महादान अर्थात् तुलादानादि सोह्रदान, सोमयज्ञ, अष्टकश्राद्ध, पैह्ले पाला दारी आदि छेवर गर्नु, नयाँ अन्न ( न्वाँगी ), पौशाला ( पानीको सदावर्त ) पैह्लापाला श्रावणी कर्म गर्नु, वेदारम्भ, काम्य वृषोत्सर्ग, समयातिक्रान्त बालकहरूको संस्कार, अन्नप्राशनादि कर्म, देवप्रतिष्ठा, मन्त्र दीक्षा ग्रहण, यज्ञोपवीत ( व्रतबन्ध ) र पैह्लापाला तीर्थ जानु वा देवताको दर्शन,

संन्यास, अग्नि-होत्रादि कर्मका लागि अग्निको संग्रह, राजाको दर्शन अथवा राजसिंहासनमा बस्नु, यात्रा, चातुर्मास्य व्रत (चौमासा पुराण सुन्नु ), समावर्तन कर्म, कर्णवेधन ( कान नाक छेड्नु ); परीक्षा लिनु इत्यादि यी शुभ कार्य गुरु शुक्र अस्त भएका बेला र बाल्यत्व वृद्धत्व भएमा, मलमास क्षयमासमा पनि गर्नु हुँदैन; वर्जित छ ॥१०९॥

* मतान्तरेण कार्यवर्जितकुयोगज्ञानम् *

अस्ते वर्ज्यं सिंहनक्रस्थजीवे
वर्ज्यं केचिद्वक्रगे चातिचारे ।
गुर्वादित्ये विश्वघस्रेऽपि पक्षे
प्रोचुस्तद्वद्दन्तरत्नादिभूषाम् ॥११०॥

मतान्तरमा यो पनि भनेको छ कि बृहस्पति र शुक्रका अस्तमा जो जो कार्य वर्जित गरेको छ ती सम्पूर्ण कार्य सिंह र मकर राशिमा गुरु भएका बेला पनि गर्नु हुँदैन; वर्जित छ। कुनै कुनै आचार्यको यस्तो मत पनि छ कि यदि बृहस्पति वक्र वा अतिचार ( एकराशि-लाई भोगी न-सकी नाघेर दोस्रा राशिमा जानु अर्थात् एक राशिमा थोरै दिन बसेर दोस्रा राशिमा जानु यसैलाई अतिचार भनिन्छ ) भएका बेलामा पनि पूर्वोक्त कार्य गर्नु वर्जित हुन्छ। गुर्वादित्य (सूर्यगुरु) जब एकै राशिमा जालान् त्यसबेला पनि पूर्वोक्त कार्य गर्नु हुँदैन, वर्जित छ। यी पूर्वोक्त कार्यमा तेह्र दिनको पक्ष पर्‍यो ( एकपक्षमा दुइ तिथि क्षय भयो ) भने पनि गर्नु हुँदैन। त्यस्तै गरी हात्तीका दाँत वा रत्नादिहरुबाट बनेका आभूषण ( गहना आदि ) पनि गुरुशुक्रका अस्तादि कालमा धारण गर्नु हुँदैन ॥११०॥

* गुर्वादित्यादिपरिहारः *

गुर्वादित्ये दशाहानि गुरुः सिंहे त्रिमासिकम् ।
अतिचारे च वक्रे च अष्टाविंशतिवासरान् ॥१११॥

गुर्वादित्य ( सूर्यगुरुको योग ) दश दिन भान्नु पर्छ। सिंहका बृहस्पतिमा तीन महीना वर्जित गर्नुपर्छ। अतिचार र वक्रीमा अट्ठाइस दिन वर्जित गर्नुपर्छ ॥१११॥

* द्वितीयप्रकारेण गुर्वादित्यपरिहारः *

गुरुः सूर्यात्पृथग् भूत्वा पुनश्चेत्क्रियते युतिः।
गुर्वादित्योद्भवो दोषो न भवेद्वै कदाचन ॥११२॥

गुरु, सूर्य अलग भएर फेरि एकै राशिमा गए भने गुर्वादित्यको दोष निश्चयै पनि हुँदैन ॥११२॥

* सिंहस्थगुरुपरिहारः *

मघादिपञ्चपादेषु गुरुः सर्वत्र निन्दितः।
गङ्गागोदान्तरं हित्वा शेषांघ्रिषु न दोषकृत् ॥११३॥

चार चरण मघाको र एक चरण पूर्वाफाल्गुनीको यी पाँच चरणमा बृहस्पति बसेका बेला सबै देशमा शुभ कार्य वर्जित छ। अरु चरणमा सिंहराशिकै गुरुमा पनि गङ्गा गोदावरीका बीच छाडेर अरू देशमा गर्नु हुन्छ। गङ्गा गोदावरीका बीच चाहिं खालि मेष राशिका सूर्य छोडेर समस्त सिंह वर्जित छ। यो वचन अगाडि लेखिन्छ ॥११३॥

* द्वितीयप्रकारेण सिंहस्थगुरुपरिहारः *

मेषेऽर्के सद्व्रतोद्वाहौ गङ्गागोदान्तरेऽपि च।
सर्वः सिंहगुरुर्वर्ज्यः कलिंगे गौडगुर्जरे ॥११४॥

मेषका सूर्यमा गङ्गा गोदावरीका बीच विवाह शुभ हुन्छ। अरु समस्त सिंहका बृहस्पतिमा कलिङ्ग,गौड र गुर्जर देशमा वर्जितछ ॥११४॥

* मकरस्थगुरुपरिहारः *

रेवापूर्वे गण्डकीपश्चिमे च
शोणस्योदग्दक्षिणे नीच ईज्यः।

वर्ज्यो नायं कोङ्कणे मागधे च
गौडे सिन्धौ वर्जनीयः शुभेषु ॥११५॥

रेवानदीका पूर्व र गण्डकी नदीका पश्चिम अनि शोणभद्रका उत्तर, दक्षिण दिशामा मकरका बृहस्पति शुभकार्यमा वर्जित छन्। अरु कोंकण, मगध देशमा वर्जित हुँदैनन्। अरु गौड़देश र सिन्धु-देशमा शुभकार्यमा वर्जित छन् ॥११५॥

* ग्रहणे वर्ज्यमासादिज्ञानम् *

नेष्टं ग्रहर्क्षं सकलार्द्धपादग्रासे क्रमात्तर्कगुणेन्दुमासान्।
पूर्वं परस्तादुभयोस्त्रिघस्त्रग्रस्तास्तगे चाभ्युदितेऽर्द्धखण्डे

सर्वग्रहण (खग्रास) भयो भने ग्रहणको नक्षत्र अर्थात् जुन नक्षत्रमा ग्रहण लागेको छ त्यस नक्षत्रमा ६ महीनासम्म शुभ कार्य गर्नु हुँदैन। आधा ग्रहण भए त्यो नक्षत्रमा तीन महीनासम्म शुभ कार्य निन्दित छ। ग्रस्तास्त ( ग्रहण मोक्ष न भई सू. चं. अस्त भए ) ग्रहण लाग्नुभन्दा तीन दिन पैह्लेदेखि शुभ-कार्य वर्जित हुन्छ। ग्रस्तोदय ( ग्रहण लागेर उदय भए ) मा तीन दिन पछिसम्म शुभकार्य वर्जित गर्नु। मध्य दिनमा र मध्य रात्रिमा ग्रहण भए तीन दिन पैह्लेदेखि तीन दिन पछि सम्म वर्जित गर्नुं पर्छ ॥११६॥

त्यसको उदाहरण तल चक्रमा स्पष्ट लेखिएको छ—

* चक्रम् *

| सर्वग्रासे ग्रहनक्षत्रं वर्ज्यम्। | अर्द्धग्रासे ग्रहनक्षत्रं-वर्ज्यम्। | पादग्रासे ग्रहनक्षत्रं-वर्ज्यम्। |
|---|---|---|
| मासषट्कम् ६ | मासत्रयम् ३ | एकमासः १ |

* पुनश्चक्रम् *

| भरतास्ते | भ्रस्तोदये | अर्द्धखण्डे अर्थात् मध्याह्ने तथार्द्धरात्रौ |
| --- | --- | --- |
| पूर्व त्रिदिनंवर्ज्यम् ३ | परं त्रिदिनंवर्ज्यम् ३ | उभयोस्त्रिदिनंवर्ज्यम् ३ |

* कुयोगादिपरिहारः *

कुयोगास्तिथिवारोत्थास्तिथिभोत्था भ-वारजा ।
हूणवङ्गखसेष्वेव वर्ज्यास्त्रितयजास्तथा ॥११७॥

तिथि वारमा युक्त भएका जो कुयोग छन् । फेरि तिथि नक्षत्रमा मिलेका जो कुयोग छन् । ती हूणदेश, बङ्गदेश र खसदेशमा वर्जित छन् । यस्तै प्रकारले तिथि, वार, नक्षत्र यी तीनैदेखि युक्त भएका जो कुयोग छन्, ती पनि उनै देशमा मात्र वर्जित हुन्छन्, अन्य देशमा हुँदैनन् ॥ ११७ ॥

* द्वितीयप्रकारेण कुयोगपरिहारः *

अयोगे सुयोगेऽपि चेत्स्यात्तदानी-
मयोगं निहत्यैष सिद्धिं तनोति ॥
परे लग्नशुद्ध्या कुयोगादिनाशं
दिनार्द्धोत्तरं विष्टिपूर्वं च शस्तम् ॥११८॥

जुन दिन कुयोग छ त्यसै दिन सिद्धियोग पनि परे कुयोग अन्य दोष नाश गरी आफ्ना सिद्धियोगको प्रकाश गर्छ । कुनै आचार्यको यस्तो मत पनि छ कि लग्न शुद्धि भएमा कुयोगादि दोष लाग्दैन । मध्य दिनका पछि जो भद्रादि कुयोग हुन्छ त्यो पनि शुभ हुन्छ ॥ ११८ ॥

* वारप्रवृत्तिज्ञानम् *

निशार्द्धं दिनमानं च युक्तं पञ्चेन्दुभिस्तथा ।
वारप्रवृत्तिर्विज्ञेया सूर्यसिद्धान्तसम्मता ॥११९॥

रात्रिप्रमाणको आधा गर्नु र त्यसमा दिनमान थपी त्यसै अङ्कमा फेरि १५ जोडिदिनु जो अङ्क हुन्छ त्यही इष्टकाल वार प्रवृत्तिको सूर्योदयदेखि जान्नु; यो सूर्यसिद्धान्तको मत हो ॥

जस्तै :—संवत् २०२७ शक १९९२ पौषशुक्ल एकादशी शुक्रवार स्पष्टवारप्रवृत्तिको निरूपण, ग्रहलाघवीय दिनमान २५।५७ रात्रिमान ३४।०३ रात्रिमानको आधा १७।०१ भयो यसमा दिनमान जोड्दा ४२।५८ भयो, यसमा अरु १५ जोड्दा ५७।५८ यै इष्टकाल शनिवार प्रवेश भयो अर्थात् सन्ताउन्न घटी, अन्ठाउन्न पला, रात्रि जाँदा शनिवारको प्रवेश भयो। वार प्रवेशको अङ्क ६० भन्दा बढ्ता भए ६० निकाली जति शेष अङ्क हुन्छ उत्ति घटीको इष्टकाल जान्नू। ६० भन्दा कम्ति भए उति घटी रात जाँदाको इष्टकाल जान्नू ॥ ११९ ॥

* कालहोराज्ञानम् *

वारादेर्वटिका द्वि (२) घ्नाः स्वाक्षह्च्छेषवर्जिताः।
सैका (१) स्तष्टानगैः (७) कालहोरेशा दिनपक्रमात् ॥१२०

जैल्हेदेखि वारप्रवृत्ति लाग्छ त्यहींदेखि जति इष्टकाल बित्यो त्यसलाई दूना गर्नू र दुइ स्थानमा राख्नू। पैल्हे स्थानका अङ्कमा पाँचको भाग दिनू जो शेष रहन्छ, त्यसलाई दोस्रा स्थानका अङ्कमा लगेर घटाइ दिनू, फेरि १ जोडनू जति हुन्छ त्यसमा सातको भाग-दिनू जो शेषाङ्क रहन्छ, त्यसलाई दिन प्रतिका क्रमले होरा जान्नू। अर्थात् जुन दिनको होरा बनाउनु छ उसै दिनदेखि शेषाङ्क सम्म गन्नू। अन्तमा जुन वार आउँछ उसैको होरा जान्नू ॥

जस्तै—श्रीसंवत् २०२७ शक १९९२ पौषशुक्ल द्वितीया शनिवार वारप्रवेशको इष्ट ५७।५८ सूर्योदयादिष्ट ३।४५ मा वारप्रवेश इष्ट जोड्दा ६१।४३ भयो, यो ६० भन्दा बढता भएकाले ६० निकाल्दा १।४३ रह्यो यसलाई दूना गर्दा ३।२६ भयो, त्यसलाई

दुई जग्गामा राखेर पैला अङ्कलाई पाँचको भाग दिंदा ३।२६ रह्यो अर्थात् पाँचभन्दा सानु अङ्क हुँदा उत्तिनै रह्यो। पैल्हा अङ्कमा घटाउँदा ०।० रह्यो यसमा ७ को भाग दिंदा शेष ०।० नै रह्यो अर्थात् यहाँ पनि शून्यमा ७ को भाग लागेन र शून्यै रह्यो। अब यसलाई शनिवारबाट गन्दा अगाडि शून्य भएको हुँदा शनिवारकै होरा भयो। अब दिनको वार प्रविष्ट र दिनकै इष्टबाट वार होरा बनाउने क्रम लेखिन्छ। सूर्योदय इष्टमा वार प्रविष्ट घटाई पूर्वोक्त क्रिया गर्दा काल होरा बन्छ। यसै गरी प्रत्येक दिनको काल होरा बनाउनू॥ १२०॥

* द्वादशचन्द्रपरिहारः *

अभिषेके निषेके च प्राशने व्रतबन्धने।
पाणिग्रहे प्रयाणे च चन्द्रमा द्वादशः शुभः॥१२१॥

राज्याभिषेक ( राजसिंहासनमा बस्नु ), निषेक अर्थात् गर्भधारण, अन्नप्राशन, व्रतबन्ध, विवाह, यात्रा, यति कार्य गर्नका लागि द्वादश चन्द्रमा शुभ हुन्छन्॥ १२१॥

* जन्मचन्द्रमानिषेधः *

जन्मगः फलदश्चन्द्रः पञ्चकर्मसु वर्जयेत्।
यात्रायुद्धविवाहेषु प्रवेशे क्षौरकर्मणि॥१२२॥

जन्मको चन्द्रमा सर्व कार्यमा शुभ हुन्छ। यात्रा ( परदेश ), युद्ध ( लड़ाई ), विवाह, प्रवेश र क्षौर-कर्म यी पाँच कार्यमा वर्जित हुन्छ॥ १२२॥

* चन्द्रनिर्णयः *

पापान्तः पापयुग्द्यूने (७) पापाच्चन्द्रः शुभोऽप्यसत्।
शुभांशे वाधिमित्रांशे गुरुदृष्टोऽशुभोऽपि सत्॥१२३॥

चन्द्रमा पापग्रहका मध्यमा हवस् अथवा पापसँगयुक्त हवस् वा पापग्रहदेखि सातौं भयो भने र आफ्ना राशिभन्दा शुभ भए पनि

त्यो चन्द्रमालाई अशुभै जान्नु । यदि चन्द्रमा शुभग्रहका नवांशमा हवस् अथवा आफ्नामित्रका नवांशमा हवस् वा चन्द्रमालाई बृहस्पतिले देखेको भए चन्द्रमा आफ्ना राशिभन्दा अशुभ भए पनि शुभ फल दिने जान्नू ॥ १२३ ॥

* द्वितीयप्रकारेण चन्द्रनिर्णयः *

सिताऽसितादौ सद्दुष्टे चन्द्रे पक्षौ शुभावुभौ ।
व्यत्यासे चाशुभौ प्रोक्तौ संकटेऽब्जबलं त्विदम् ॥१२४॥

शुक्लपक्षका प्रतिपदामा जसका राशिदेखि चन्द्रमा शुभ र कृष्णपक्षका प्रतिपदामा जसका राशिदेखि चन्द्रमा अशुभ हुन्छन्, यस्तो योग जसको हुन्छ त्यसलाई दुवै पक्षका चन्द्रमा शुभ जान्नु यसको विपरीत अर्थात् शुक्लपक्षमा अशुभ र कृष्णपक्षमा शुभ भए दुवै पक्षमा अशुभ जान्नू । यस्तो चन्द्रबल संकट अर्थात् विवाह, यात्रामा लिनु हुन्छ ॥ १२४ ॥

* चन्द्रफलम् *

आद्ये चन्द्रः श्रियं कुर्यान्मनस्तोषं द्वितीयके ।
तृतीये धनसम्पत्तिश्चतुर्थे कलहागमः ॥१२५॥
पञ्चमे ज्ञानवृद्धिश्च षष्ठे संपत्तिरुत्तमा ।
सप्तमे राजसम्मानं मरणं चाष्टमे तथा ॥१२६॥
नवमे धर्मलाभश्च दशमे मनसेप्सितम् ।
एकादशे सर्वलाभो द्वादशे हानिरेव च ॥१२७॥

पैह्ला चन्द्रमा लक्ष्मी वृद्धि । दोस्रोमा संतोष कारक । तेस्रोमा धन, संपत्ति कारक । चौथामा कलह गराउने । पाँचौंमा ज्ञानवृद्धि गर्ने । छैटौंमा सम्पत्तिदायक । सातौंमा राजसम्मान दायक । आठौंमा मरण प्रद । नवौंमा धर्मलाभ । दशौंमा मनोवाञ्छित कार्य सिद्धि कारक । एकादशमा सर्वलाभ । बाह्रौंमा हानिकारक हुन्छ ॥१२५-२७॥

* तिथ्यादिगुणज्ञानम् *

तिथिरेकगुणोपेता नक्षत्रं च चतुर्गुणम् ।
वारश्चाष्टगुणाः प्रोक्ताः करणं षोडशान्वितम् ॥१२८॥
स्याद्द्वात्रिंशद्गुणो योगस्ताराषष्ठिगुणान्विता ।
चन्द्रो दशगुणो लग्नं सहस्रगुणमुच्यते ॥१२९॥

तिथिमा एक गुण हुन्छ। नक्षत्रमा चार गुण हुन्छ। वारमा आठ गुण हुन्छ। करणमा सोहगुण हुन्छ। योगमा बत्तीस गुण हुन्छ। तारामा साठी गुण हुन्छ। चन्द्रमामा दशगुण हुन्छ। लग्नमा सहस्र ( हजार ) गुण हुन्छ ॥१२८–१२९॥

* ताराज्ञानम् *

जन्मभाद्दिनभं यावद्गणनीयं यथाक्रमम् ।
नव (९) भिस्तु हरेद्भागं शेषं ताराबलाबलम् ॥१३०॥
जन्म१ संपद् २विपत् ३क्षेमः ४प्रत्यरिः ५साधक ६स्तथा।
वध ७मैत्रा ८ तिमैत्रेय ९ तारानामसदृक्फलम् ॥१३१॥
कृष्णे बलवती तारा शुक्लपक्षे तु चन्द्रमाः ।
सदा ग्राह्या बुधैरेवं कृष्णे तारा न चन्द्रमाः ॥१३२॥

जन्मनक्षत्रदेखि दिन नक्षत्रसम्म गन्नु, जति हुन्छ त्यसमा नौको भाग दिनु जो शेष रहन्छ त्यै तारा जान्नु। एक रहे जन्म तारा, दुइ रहे संपद, तीन विपद, चार क्षेम, पाँच रहे प्रत्यरि, छ रहे साधक, सात रहे वध, आठ रहे मैत्र, नौ रहे अतिमैत्र नामको तारा जान्नु। कृष्णपक्षमा तारा बलि हुन्छ, शुक्ल पक्षमा चन्द्रमा बलि हुन्छ र बुद्धिमान् जनले कृष्णपक्षमा सधैं ताराको विचार गर्नु चन्द्रमाको नगर्नू १३०-१३२।

* दिशास्वामिज्ञानम् *

रविः शुक्रो महीसूनुः स्वर्भानुर्भानुजो विधुः ।
बुधो बृहस्पतिश्चैव दिशामीशास्तथा ग्रहाः ॥१३३॥

पूर्वदिशाका स्वामी सूर्य, आग्नेयका स्वामी शुक्र, दक्षिणका स्वामी मङ्गल, नैर्ऋत्यका स्वामी राहु, पश्चिमका स्वामी शनिश्चर, वायव्यका स्वामी चन्द्रमा, उत्तर दिशाका स्वामी बुध, ईशानकोणका स्वामी बृहस्पति हुन् ॥१३३॥

* ग्रहजातिज्ञानम् *

ब्राह्मणौ जीवशुक्रौ च क्षत्रियौ भौमभास्करौ ।
चन्द्रसौम्यौ च विट्शूद्रौ राहुमन्दौ तथान्त्यजौ ॥१३४॥

बृहस्पति, शुक्र ब्राह्मण; सूर्य, मङ्गल क्षत्रिय ; चन्द्रमा वैश्य; बुध शूद्र र राहु, शनिश्चर अन्त्यज जातिका हुन् ॥१३४॥

* ग्रहवर्णज्ञानम् *

रक्तावङ्गारकादित्यौ श्वेतौ शुक्रनिशाकरौ ।
गुरुज्ञौ पीतहरितौ शनिराह्वसितौ स्मृतौ ॥१३५॥

सूर्य, मङ्गल लाल (राता); शुक्र, चन्द्रमा श्वेत (सेतो); बृहस्पति पीत; बुध हरित र शनि, राहु श्याम ( कृष्ण ) वर्णका हुन्छन् ॥१३५॥

* नक्षत्रज्ञानम् *

अश्विनी भरणी चैव कृत्तिका रोहिणी मृगः ।
आर्द्रा पुनर्वसुः पुष्यस्ततः श्लेषा मघा तथा ॥१३६॥
पूर्वाफाल्गुनिका तस्मादुत्तराफाल्गुनी ततः ।
हस्तश्चित्रा तथा स्वाती विशाखा तदनन्तरम् ॥१३७॥
अनुराधा ततो ज्येष्ठा तथा मूलं निगद्यते ।
पूर्वाषाढोत्तराषाढा ह्यभिजिच्छ्रवणस्ततः ॥१३८॥
धनिष्ठाशततारारूयं पूर्वाभाद्रपदा ततः ।
उत्तराभाद्रपाच्चैव रेवत्येतानि भानि च ॥१३९॥

अश्विनी १ भरणी २ कृत्तिका ३ रोहिणी ४ मृगशिरा ५ आर्द्रा ६ पुनर्वसु ७ पुष्य ८ आश्लेषा ९ मघा १० पूर्वफाल्गुनी ११ उत्तराफाल्गुनी १२ हस्त १३ चित्रा १४ स्वाती १५ विशाखा १६ अनुराधा १७ ज्येष्ठा १८ मूल १९ पूर्वाषाढा २० उत्तराषाढा २१ अभिजित् २२ श्रवण २३ धनिष्ठा २४ शतभिषा २५ पूर्वाभाद्रपद २६ उत्तराभाद्रपद २७ रेवती २८ थी अट्ठाइस नक्षत्र अभिजित् समेत जान्नु । अब अभिजित् नक्षत्र जान्ने प्रकार लेखिन्छ । उत्तराषाढ़ाको चौथो पाउ र श्रवणको पैल्हो पाउ अर्थात् १५ घटीसम्म अभिजित्को भोग हुन्छ त्यस कारण त्यही अभिजित् नक्षत्र हुन्छ ॥१३६–१३९॥

* सप्तविंशतियोगाः *

विष्कुम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस्तथा ।
अतिगण्डः सुकर्मा च धृतिः शूलस्तथैव च ॥१४०॥
गण्डो वृद्धिर्ध्रुवश्चैव व्याघातो हर्षणस्तथा ।
वज्रः सिद्धिर्व्यतीपातो वरीयान् परिघः शिवः ॥१४१॥
सिद्धिः साध्यः शुभः शुक्लो ब्रह्मैन्द्रो वैधृतिः क्रमात् ।
सप्तविंशति योगाश्च नामतुल्यफलप्रदाः ॥१४२॥

* सप्तविंशतियोगचक्रम् *

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विष्कुम्भ १ | प्रीति २ | आयुष्मान् ३ | सौभाग्य ४ | शोभन ५ | अतिगण्ड ६ | सुकर्मा ७ |
| धृति ८ | शूल ९ | गण्ड १० | वृद्धि ११ | ध्रुव १२ | व्याघात १३ | हर्षण १४ |
| वज्र १५ | सिद्धि १६ | व्यतीपात १७ | वरीयान् १८ | परिघ १९ | शिव २० | सिद्धि २१ |
| साध्य २२ | शुभ २३ | शुक्ल २४ | ब्रह्म २५ | ऐन्द्र २६ | वैधृति २७ | + |

* ग्रहस्वामिज्ञानम् *

शिवो दुर्गा गुहोविष्णुर्ब्रह्मेन्द्रः कालसंज्ञकः ।
सूर्यादीनां क्रमादेते स्वामिनः परिकीर्तिताः ॥१४३॥

सूर्यका स्वामी शिव, चन्द्रमाका दुर्गा, मङ्गलका कार्त्तिकेय, बुधका विष्णु, बृहस्पतिका ब्रह्मा, शुक्रका इन्द्र र शनिश्चरका स्वामी काल हुन् ॥१४३॥

* करणज्ञानम् *

बवश्च बालवश्चैव कौलवस्तैतिलस्तथा ।
गरश्च वणिजो विष्टिः सप्तैतानि चराणि च ॥१४४॥
कृष्णपक्षे चतुर्दश्यां शकुनिः पश्चिमे दले ।
चतुष्पदश्च नागः स्यादमावास्यादलद्वये ॥१४५॥
शुक्लप्रतिपदायां च किंस्तुघ्नः प्रथमे दले ।
स्थिराण्येतानि चत्वारि करणानि जगुर्बुधाः ॥१४६॥
शुक्लप्रतिपदान्ते च बवाख्यः करणो भवेत् ।
एकादशैव ज्ञेयानि चरस्थिरविभागतः ॥१४७॥
तिथिं च द्विगुणीकृत्य हीनमेकं च कारयेत् ।
सप्तभिस्तु हरेद्भागं शेषं करणमुच्यते ॥१४८॥

बव १ बालव २ कौलव ३ तैतिल ४ गर ५ वणिज ६ विष्टि ७ यी सात करण चर संज्ञक जान्नू । कृष्णपक्षका चतुर्दशीका दोस्रो दलमा शकुनीकरण हुन्छ । अमावास्याका प्रथम दलमा चतुष्पद करण हुन्छ । दोस्रो दलमा नाग करण हुन्छ, शुक्लपक्षका प्रतिपदाका प्रथम दलमा किंस्तुघ्न करण हुन्छ । यी चार करणलाई आचार्यहरू स्थिरसंज्ञक भन्छन् ।

यस्तै क्रमले एघार करण हुन्छन् । चर स्थिरको विभाग गरेर ( पैह्लेका चर संज्ञा र पछिका चार स्थिर संज्ञा ) एघार हुन्छन् । गत तिथिलाई दोबर गर्नु र उसमा एक घटाउनु त्यसमा ( ७ ) सातको भाग दिनु जो शेष रहन्छ त्यसैलाई बवादि करण जान्नु ॥१४८॥

## ॐ सोदाहरणं करणचक्रम् ॐ

| शुक्ल पक्ष | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | तिथि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| करण | किंस्तुघ्न | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | प्रथम दल |
| देवता | सर्प | ब्रह्मा | अर्य्य. | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य. | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | |
| करण | बव | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | बव | द्वितीय दल |
| देवता | इन्द्र | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य. | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य. | लक्ष्मी | इन्द्र | |
| कृष्ण पक्ष | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | ३० | तिथि |
| करण | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | चतुष्पद | प्रथम दल |
| देवता | ब्रह्मा | अर्य्य | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य. | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | वायु | |
| करण | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | बव | कौलव | गर | विष्टि | बालव | तैतिल | वणिज | शकुनि | नाग | द्वितीय दल |
| देवता | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य | लक्ष्मी | इन्द्र | मित्र | भूमि | यम | ब्रह्मा | अर्य्य | लक्ष्मी | कलि | वृषभ | |

* नक्षत्रस्वामिज्ञानम् *

अश्विनी दस्रदैवत्या भरणी यमदेवता ।
आग्नेयी कृत्तिका प्रोक्ता विधाता रोहिणीश्वरः ॥१४९॥
मृगशीर्षेश्वरश्चन्द्रस्तथैवार्द्रेश्वरः शिवः ।
अदितिस्तु पुनर्वस्वोः पतिः पुष्यस्य वाक्पतिः ॥१५०॥
आश्लेषाधिपतिः सर्पो मघेशाः पितरः स्मृताः ।
भगश्च पूर्वाफाल्गुन्याः उफायाः पतिरर्यमा ॥१५१॥
हस्तस्याधिपतिः सूर्यस्त्वष्टा चित्राभिधस्य च ।
स्वातिश्च दैवतं वायुर्विशाखेन्द्राग्निदेवता ॥१५२॥
अनुराधेश्वरो मित्रो ज्येष्ठाया इन्द्र उच्यते ।
मूलस्य देवतं रक्षः पूर्वाषाढेश्वरो जलम् ॥१५३॥
उषाया दैवतं विश्वे विधिश्चाभिजिताधिपः ।
श्रवणाधिपतिर्विष्णुर्धनिष्ठावसुदेवता ॥१५४॥
वरुणः शततारायाः पूभेशः कथितोऽजपात् ।
अहिर्बुध्न्यस्त्वथोभायाः पूषोक्तो रेवतीपतिः ॥१५५॥

अश्विनी नक्षत्रका स्वामी अश्विनीकुमार भरणीका यम कृत्तिकाका अग्नि रोहिणीका ब्रह्मा, मृगशिराका चन्द्रमा, आर्द्राका शिव, पुनर्वसुका अदिति, पुष्यका बृहस्पति, आश्लेषाका सर्प, मघाका पितृ, पूर्वाफाल्गुनी-का भग, उत्तराफाल्गुनीका अर्यमा, हस्तका सूर्य, चित्राका त्वष्टा, स्वातीका वायु, विशाखाका अग्नि र इन्द्र, अनुराधाका मित्र, ज्येष्ठाका इन्द्र, मूलका राक्षस, पूर्वाषाढ़ाका जल, उत्तराषाढ़ाका विश्वेदेव, अभि-जित्का विधि, श्रवणका विष्णु, धनिष्ठाका वसु, शतभिषाका वरुण,

पूर्वाभाद्रपदका अजपात, उत्तराभाद्रपदका अहिर्बुध्न्य, रेवतीका स्वामी पूषा हुन् ॥ १४९–१५५ ॥

* सामान्यतः शुभाशुभनक्षत्रकर्मज्ञानम् *

रोहिण्यश्विमृगाः पुष्यो हस्तश्चित्रोत्तरात्रयम् ।
रेवती श्रवणश्चैव धनिष्ठा च पुनर्वसुः ॥१५६॥
अनुराधा तथा स्वाती शुभान्येतानि भानि च ।
सर्वाणि शुभकार्याणि सिद्ध्यन्त्येषु च भेषु च ॥१५७॥
पूर्वात्रयं विशाखा च ज्येष्ठार्द्रा मूलमेव च ।
शततारामिधेष्वेव कृत्यं साधारणं स्मृतम् ॥१५८॥
भरणी कृत्तिका चैव मघा श्लेषा तथैव च ।
अत्युग्रं दुष्टकार्यं यत्प्रोक्तं भेषु विधीयते ॥१५९॥

रोहिणी, अश्विनी, मृगशिरा, पुष्य, हस्त, चित्रा, तीनै उत्तरा, रेवती, श्रवण, धनिष्ठा, पुनर्वसु तथा अनुराधा र स्वाती यी नक्षत्र शुभ हुन् । यिनमा शुभकार्य गरेमा शुभ हुन्छ । तीनै पूर्वा, विशाखा, ज्येष्ठा, आर्द्रा, मूल र शतभिषा यी नक्षत्रमा साधारण कृत्य गरेमा शुभ हुन्छ । भरणी, कृत्तिका, मघा र आश्लेषा यिनमा अति उग्रकार्य र दुष्टकार्य गरेमा सिद्ध हुन्छ ॥ १५६–१५९ ॥

* स्थिरध्रुवनक्षत्रसंज्ञाज्ञानम् *

उत्तरात्रयरोहिण्यो भास्करश्च ध्रुवं स्थिरम् ।
तत्र स्थिरं बीजगेहशान्त्यारामादिसिद्धये ॥१६०॥

तीनै उत्तरा, रोहिणी र रविवार यिनको ध्रुव र स्थिर संज्ञा हो । यिनमा स्थिरकार्य अर्थात् घर बनाउनु बिउछर्नु रोप्नु, बगैंचा लगाउनु, शान्त्यादि कार्य गर्दा सिद्ध हुन्छ ॥ १६० ॥

* चरसंज्ञक नक्षत्रज्ञानम् *

**स्वात्यादित्ये श्रुतेस्त्रीणि चन्द्रश्चापि चरं चलम् ।**
**तस्मिन् गजादिकारोहो वाटिकागमनादिकम् ॥१६१॥**

स्वाती, पुनर्वसु, श्रवण, धनिष्ठा, शतभिषा यी नक्षत्र र सोमवार यिनको चरसंज्ञा हो, यिनमा हात्ती आदिको सवारी गर्नु फेरि फुलवारी लगाउनु अरु यात्रादि कर्म गरेमा शुभ हुन्छ ॥ १६१ ॥

* उग्रसंज्ञकनक्षत्रज्ञानम् *

**पूर्वात्रयं याम्यमघे उग्रं क्रूरं कुजस्तथा ।**
**तस्मिन्घाताग्निशाठ्यानि विषशस्त्रादि सिद्धयति॥१६२॥**

तीनै पूर्वा, भरणी, मघा यी नक्षत्र र भौमवारको उग्र र क्रूरसंज्ञा हो । यिनमा घात कर्म गर्नु आगो लाउनु अरु क्रूरकर्म विष, शस्त्रादि बनाउनु शुभ हुन्छ ॥ १६२ ॥

* मिश्रसंज्ञकनक्षत्रज्ञानम् *

**विशाखाग्ने यमे सौम्ये मिश्रं साधारणं स्मृतम् ।**
**तत्राग्निकार्यं मिश्रं च वृषोत्सर्गादि सिद्धयति ॥१६३॥**

विशाखा, कृत्तिका र बुधवार यिनको मिश्र र साधारण संज्ञा हो, यिनमा अग्निकार्य वा मिश्र ( मिलेका कार्यहरू ) र वृषोत्सर्गादि कार्य गरेमा सिद्ध हुन्छ ॥ १६३ ॥

* लघुक्षिप्रसंज्ञकनक्षत्रज्ञानम् *

**हस्ताश्विपुष्याभिजितः क्षिप्रं लघु गुरुस्तथा ।**
**तस्मिन्पण्यरतिज्ञानं भूषाशिल्पकलादिकम् ॥१६४॥**

हस्त, अश्विनी, पुष्य, अभिजित् र गुरुवार यिनको लघु र क्षिप्र-संज्ञा हो । यिनमा बजार लगाउनु, रति गर्नु, भूषण धारण गर्नु, कर्मीको काम गर्नु अरु कलादि सिक्ने कर्म गरेमा शुभ हुन्छ ॥१६४॥

* मृदुमैत्रसंज्ञकनक्षत्रज्ञानम् *

मृगान्त्यचित्रामित्रर्क्षं मृदु मैत्रं भृगुस्तथा ।
तत्र गीताम्बरक्रीडा मित्रकार्यं विभूषणम् ॥१६५॥

मृगशिरा, रेवती, चित्रा, अनुराधा र शुक्रवार यिनको मृदु र मैत्र संज्ञा हो । यिनमा गीतको आरम्भ, वस्त्रधारण, विहारादि गर्नु र मित्रकार्य गर्नु श्रेष्ठ हुन्छ ॥ १६५ ॥

* तीक्ष्णदारुणसंज्ञकनक्षत्रज्ञानम् *

मूलेन्द्रार्द्राहिभं सौरिस्तीक्ष्णं दारुणसंज्ञकम् ।
तत्राभिचारघातोग्रभेदाः पशुदमादिकम् ॥१६६॥

मूल, ज्येष्ठा, आर्द्रा, आश्लेषा र शनिवार यिनको तीक्ष्ण र दारुण संज्ञा हो । यिनमा व्यभिचार, घात र अरु उग्रकर्म गर्नु अरु भेद (छुट्याउने काम) गर्नु तथा मार्ने आदि कार्य शुभहुन्छ ॥ १६६ ॥

* ऊर्ध्वमुखनक्षत्रज्ञानम् *

उत्तरात्रितयं पुष्यो रोहिण्यार्द्राश्रुतित्रयम् ।
ऊर्ध्ववक्त्रो गणः उक्तो नक्षत्राणां मनीषिभिः ॥१६७॥
प्रासादच्छत्रगेहानि प्राकारध्वजतोरणम् ।
नानाभिषेकमश्वं च कुर्यादूर्ध्वमुखे गणे ॥ १६८ ॥

तीनै उत्तरा, पुष्य, रोहिणी, आर्द्रा, श्रवण, धनिष्ठा, शतभिषा यी नक्षत्रको ऊर्ध्वमुख संज्ञा हो । यी नक्षत्रमा मंदिर बनाउनु, छत्र राख्नु, घर बनाउनु, परखाल लगाउनु, तोरण झुण्ड्याउनु, अभिषेक गर्नु, घोडाको सवारी गर्नु, यी काम शुभ हुन्छन् ॥१६८॥

* तिर्यङ्मुखनक्षत्रज्ञानम् *

रेवतीयुगलं ज्येष्ठा मैत्रं हस्तत्रयो मृगः ।
पुनर्वसुश्च विज्ञेयो गणस्तिर्यङ्मुखो बुधैः ॥१६९॥

वृक्षारोपणवाणिज्यं सर्वसिद्धिं च कारयेत् ।
वाहनानि च यन्त्राणि गमनं च विधीयते ॥१७०॥

रेवती, अश्विनी, ज्येष्ठा, अनुराधा, हस्त, चित्रा, स्वाती, मृगशिरा र पुनर्वसु यी नक्षत्रको तिर्यङ्मुखसंज्ञा जान्नू। यी नक्षत्रमा वृक्ष लगाउनु, वाणिज्य गर्नु सिद्ध हुन्छ अरु वाहन ( गाड़ी ) यन्त्र ( मशीन ) र गमन कार्य शुभ हुन्छ ॥ १७० ॥

* अधोमुखनक्षत्रज्ञानम् *

पूर्वात्रयं मघाश्लेषा विशाखा कृत्तिका यमः ।
मूलं चाधोमुखं ज्ञेयं नवकोऽयं गणा बुधैः ॥१७१॥
भूकार्यमुग्रकार्यं च खननं विवरस्य च ।
युद्धं चाधोमुखं यच्च यत्कार्यं कारयेद् बुधः ॥१७२॥

तीनै पूर्वा, मघा, अश्लेषा, विशाखा, कृत्तिका, भरणी र मूल यी नक्षत्रको अधोमुख संज्ञा हो। यिनमा भूमिकार्य, उग्रकार्य कूवा खन्नु र युद्ध गर्नु यी काम शुभ हुन्छन्। अरु अधोमुख ( तलतिर मुख भएका कामहरू ) सबै हुन्छन् ॥ १७१–१७२ ॥

* वारकृत्यम् *

सोमसौम्यगुरुशुक्रवासराः सर्वकर्मसु भवन्ति सिद्धिदाः ।
भानुभौमशनिवासरेषु च प्रोक्तमेव खलु कर्म सिद्ध्यति ॥

चन्द्रमा, बुध, शुक्र, बृहस्पतिवार सबै काममा सिद्धि दिन्छ; शनि, रवि, मङ्गल यी वारमा जो काम कहिएको छ त्यही कार्य मात्र सिद्ध हुन्छ ॥ १७३ ॥

* वारदोषपरिहारः *

यस्मिन् वारे तु यत्कृत्यं पूर्वाचार्यैरुदाहृतम् ।
तत्कृत्यं तस्य खेटस्य होरायां खलु सिद्ध्यति ॥१७४॥

वारदोषाश्च ये प्रोक्ता रात्रौ न प्रभवन्ति ते ।
शनिभौमार्कवारेषु विशेषादिति केचन ॥१७५॥

जुन वारमा जो कर्म कहिएको छ त्यो वार मिलेन भने उसै वारका होरामा त्यो कार्य गर्नु शुभ हुन्छ भनेर पूर्वाचार्यले भनेका छन् । दोस्रो परिहार यो पनि छ कि वारको दोष रात्रिमा लाग्दैन, कति आचार्यहरूको यस्तो मत पनि छ कि शनि, मङ्गल र रविको दोष रात्रिमा विशेष गरेर लाग्दैन ॥ १७४-१७५ ॥

❀ रविवारकर्मज्ञानम् ❀

राज्याभिषेकोत्सवयानसेवा
गोवह्निमन्त्रौषधशस्त्रकर्म ॥
सुवर्णताम्रौर्णिकचर्मकाष्ठ-
संग्रामपण्यादि रवौ विदध्यात् ॥१७६॥

राज्याभिषेक, उत्सवकर्म, यात्रा, गोपालन, हवन, मन्त्रोपदेश, औषधी-सेवन, शस्त्र-कर्म, सुन तामा ऊन, काष्ठकर्म, युद्धकर्म र बजार लगाउनु यति काम रविवार गर्दा शुभ हुन्छ ॥ १७६ ॥

❀ चन्द्रवारकर्मज्ञानम् ❀

शङ्खाब्जमुक्तारजतं सुभोज्यं
स्त्रीवृक्षकृष्यं भुवि भूषणाद्याः ॥
गानं क्रतुक्षीरविकारशृङ्गा-
पुष्पाम्बरारम्भणमिन्दुवारे ॥१७७॥

शङ्ख, कमल, मोती, चाँदी, भोजन, स्त्रीभोग, वृक्ष लगाउनु, कृषिकर्म भूषणादि बनाउनु र गानविद्या सिक्नु, यज्ञकर्म तथा गोरस-कर्म ( दूध, दही मथ्नु ) तथा सींग मढाउनु, पुष्पकर्म तथा वस्त्रकर्म यति काम सोमवार असल हुन्छ ॥ १७७ ॥

* भौमवारकर्म *

भेदानृतस्तेयविषाग्निशस्त्र-
बन्ध्याविघाताहवशाठ्यदम्भान् ॥
सेनानिवेशाकरधातुहेम-
प्रवालरत्नानि कृते विदध्यात् ॥१७८॥

भेदकर्म, अनृतकर्म, चौर्यकर्म, विषकर्म, अग्निकर्म, बधकर्म, बन्ध्याकर्म, घातकर्म, रणकर्म, शाठ्य ( कपट ) कर्म, दम्भकर्म, सेनानिवेश खानि तथा धातु, सुन, मूँगा अरू रत्नादि कृत्य मङ्गलवार गरे शुभ हुन्छ ॥ १७८ ॥

* बुधवारकर्म *

नैपुण्यपुण्याध्ययनं कलाश्च शिल्पानिसेवालिपिलेखकानि।
धातुक्रिया काञ्चनयुक्तिसन्धिव्यायामवादश्च बुधे विधेया ॥

चातुर्य, पुण्य, अध्ययन, कलाविषय, शास्त्रसेवा र लेख्नु; तस्वीर ( फोटो ) खिच्नु धातु सम्बन्धी क्रिया, सुवर्ण सम्बन्धी काम, मित्रता ( मीत लगाउनु, ) व्यायाम ( कसरत ) कर्म बुधवार गर्नु असल हुन्छ ॥ १७९ ॥

* गुरुवारकर्मज्ञानम् *

धर्मक्रियापौष्टिकयज्ञविद्या-
माङ्गल्यहेमाम्बरवेश्मयात्रा ।
रथाश्च भैषज्यविभूषणादि-
कार्यं विदध्यात्सुरमन्त्रिवारे ॥१८०॥

धर्मक्रिया, पुष्टिकार्य, यज्ञ, विद्याभ्यास, मङ्गलकर्म, सुवर्ण वस्त्रादि कार्य, गृह बनाउनु, यात्रा, रथ बनाउनु, औषधि गर्नु भूषण धारण गर्नु, यति कार्य बृहस्पतिवार शुभ हुन्छ ॥ १८० ॥

* शुक्रवारकर्मज्ञानम् *

स्त्रीगीतशय्यामणिरत्नगन्ध-

वस्त्रोत्सवालङ्करणादिकर्म ।

भूपण्यगोकोशकृषिक्रियाश्च

सिद्ध्यन्ति शुक्रस्य दिने समस्ताः ॥१८१॥

स्त्रीप्रसंग, गानविद्या, शय्या बनाउनु, मणिकर्म, रत्नकर्म, चन्दनकर्म, वस्त्रकर्म, उत्साह र अरु अलङ्कार भूमिकर्म, व्यापार, गोकर्म, द्रव्यकर्म र खेती आदिको काम यति कार्य शुक्रवार शुभ हुन्छ ॥ १८१ ॥

* शनिवारकर्मज्ञानम् *

गृहप्रवेशदीक्षादि गजबन्धः स्थिरक्रिया ।

दासशस्त्रानृतं स्तेयमेतत्सिद्ध्येच्छनैश्चरे ॥१८२॥

गृहप्रवेश, दीक्षा लिनु, हाति बाँध्नु, स्थिरक्रिया दासकर्म, शस्त्रकर्म, झूठो बोल्नु, चोरी गर्नु यी कर्म शनैश्चर वारका दिन शुभ हुन्छन् ॥१८२॥

* पञ्चकज्ञानम् *

धनिष्ठार्द्धोत्तरं पञ्च ऋक्षेष्वेषु त्यजेद् बुधः ।

याम्यदिग्गमनं शय्या वितानं गेहगोपनम् ॥१८३॥

प्रेतदाहं न कुर्वीत तृणकाष्ठादिसंग्रहम् ॥१८४॥

आधा धनिष्ठा नक्षत्रदेखि रेवतीपर्यन्त पंचक हुन्छ, उसमा दक्षिण दिशाको यात्रा, खाट बनाउनु, पाल बनाउनु, घर छाउनु, वर्जित हुन्छ फेरि प्रेतदाह र तृण काष्ठादिको काम पनि वर्जित छ ॥ १८३–१८४ ॥

* मेषराशिगतग्रहणफलम् *

उपरागो यदा मेषे पीडयन्ते सर्वदा जनाः ।

काम्बोजाङ्ग्रिकिरातश्च पाञ्चालश्च कलिङ्गकाः ॥१८५॥

मेषराशिमा ग्रहण भए काम्बोज, अङ्घ्रि, किरात, पाञ्चाल र कलिंग यी देशहरूमा पीडा हुन्छ ॥ १८५ ॥

* वृषराशिगतग्रहणफलम् *

वृषे च ग्रहणे गोपाः पशवः पथिका जनाः ।
महान्तो मनुजा ये च पीड्यन्ते साधवस्तथा ॥१८६॥

वृषराशिमा ग्रहण भए गोप, पशु, पथिक ( बटुवा ) महात्माहरू र साधुहरूलाई पीडा हुन्छ ॥ १८६ ॥

* मिथुनराशिगतग्रहणफलम् *

रविचन्द्रमसौ ग्रस्तौ मिथुने च वराङ्गनाः ।
पीड्यन्ते वाल्हिका मत्स्या यमुनातटवासिनः ॥१८७॥

मिथुनराशिमा सूर्य र चन्द्रग्रहण परे सुन्दर श्रेष्ठ स्त्री र वाल्हिक-देश, मत्स्यदेश र यमुनातटवासीहरूलाई पीड़ा हुन्छ ॥ १८७ ॥

* कर्कराशिगतग्रहणफलम् *

कर्कटे ग्रहणे पीडा मल्लादीनां च जायते ।
अन्तरं सर्वराणां च तदा मत्स्यविनाशिनः ॥१८८॥

कर्कटराशिमा ग्रहण भए मल्लादि देशवासीहरूलाई पीड़ा हुन्छ अरू सर्वारदेश र मत्स्यदेशनिवासीहरूलाई विनाश गर्छ ॥ १८८ ॥

* सिंहराशिगतग्रहणफलम् *

सिंहे च ग्रहणे पीडा सर्वेषां वनवासिनाम् ।
नृपाणां नृपतुल्यानां मनुजानां च जायते ॥१८९॥

सिंहराशिमा ग्रहण भए सबै वनवासीहरूलाई तथा राजाहरू र राजा समानका मनुष्यहरूलाई पनि पीड़ा हुन्छ ॥ १८९ ॥

* कन्याराशिगतग्रहणफलम् *

कन्यायां ग्रहणे पीडा त्रिपुराणां च शालिनाम् ।
कवीनां लेखकानां च जायते पीडनं सदा ॥१९०॥

कन्याराशिमा ग्रहण परे त्रिपुष्करदेश वासीहरूलाई पीडा र धान्यादिको नाश गराउँछ, अरु कवि र लेखकहरूलाई पनि सदा पीड़ा गर्दछ ॥ १९० ॥

* तुलाराशिगतग्रहणफलम् *

तुलायामुपरागे च दशार्णो बाहुकाहुकौ ।
मरुवश्च परात्यश्च पीड्यन्ते साधवश्च ये ॥१९१॥

तुलाराशिमा ग्रहण परे दशार्ण, बाहुक, आहुक, मरुव, परात्य यी देशवासीहरू र साधुजनहरूलाई पीड़ादायक हुन्छ ॥ १९१॥

* वृश्चिकराशिगतग्रहणफलम् *

वृश्चिके ग्रहणे पीडा सर्पजातेश्च जायते ।
औदुम्बरस्य भद्रस्य चोलायोध्येयकस्य च । १९२॥

वृश्चिकराशिमा ग्रहण लागे सर्पहरूलाई पीड़ा हुन्छ अरु औदुम्बर-देश, भद्रदेश, चोलदेश, अयोध्यावासीहरूलाई पीड़ा हुन्छ ॥ १९२ ॥

* धनराशिगतग्रहणफलम् *

यदोपरागश्चापे च तदा मत्स्यनिवासिनः ।
विदेहमल्लपाञ्चालाः पीड्यन्ते च भिषग्विदः ॥१९३॥

धनराशिमा ग्रहण परे मत्स्यदेशवासीहरूलाई पीड़ा हुन्छ; फेरि विदेह, मल्ल, पाञ्चालदेशहरुमा पीड़ा हुन्छ; अरु वैद्य, पण्डितहरूलाई पनि पीडा हुन्छ ॥ १९३ ॥

* मकरराशिगतग्रहणफलम् *

मकरे ग्रहणे पीडा नीचानां मन्त्रवादिनाम् ।
स्थविराणां भटानां च चित्रकूटस्थसंक्षयः ॥१९४॥

मकरराशिमा ग्रहण परे नीच वा मन्त्रवादिहरुलाई र वृद्ध, योद्धा-हरूलाई पनि पीडा हुन्छ अरु चित्रकूटवासीहरूको क्षय हुन्छ ॥१९४॥

* कुम्भराशिगतग्रहणफलम् *

कुम्भे चैवोपरागे च पश्चिमस्थास्तथार्बुदाः ।
चौराणां रोगिणां मृत्युः पीड्यन्ते बहुधा बुधाः ॥१९५॥

कुम्भराशिमा ग्रहण भयो भने पश्चिम देशवासी र अर्बुद देशवासीलाई पीड़ा हुन्छ । चोर र रोगीहरूको मृत्यु हुन्छ, पण्डितहरूलाई पनि पीडा हुन्छ ॥ १९५ ॥

* मीनराशिगतग्रहणफलम् *

मीनोपरागे पीड्यन्ते जलद्रव्याणि सागराः ।
जलोपजीविनो लोका ये च यत्र प्रतिष्ठिताः ॥१९६॥

मीनराशिमा ग्रहण परे जलद्रव्य, सागर र जलोपजीवीहरू पीडा पाउँछन् अर्थात् जलबाटै जसको जीविका हुन्छ अर्थात् जलका पासैमा जो जीव रहन्छन् ती सबैलाई पीड़ा हुन्छ ॥ १९६ ॥

* एकमासे चन्द्रसूर्यग्रहणफलम् *

यदैकमासे ग्रहणं जायते शशिसूर्ययोः ।
शस्त्रकोपैः क्षयं यान्ति भूपा माया परस्परम् ॥१९७॥

जब एकै मासमा चन्द्र, सूर्य दुवै ग्रहण परे शस्त्रकोपबाट राजा क्षय हुन्छन् अर्थात् युद्ध होला वा राजाहरूमा परस्पर माया होला ॥१९७॥

इति श्रीज्योतिःसारे संवत्सरप्रकरणं समाप्तम् ॥ १ ॥

## मुहूर्तप्रकरणम्

* वस्त्र-भूषण-चूडिकादिधारणमुहूर्तम् *

पौष्णध्रुवाश्विकरपञ्चकवासवेज्या-
दित्ये प्रवालरदशङ्खसुवर्णवस्त्रम् ।

धार्यं विरिक्तशनिचन्द्रकुजेऽह्नि रिक्तं
भौमे ध्रुवादितियुगे सुभगा न दध्यात् ॥१॥

रेवती, तीनै उत्तरा, रोहिणी, अश्विनी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, धनिष्ठा, पुष्य, पुनर्वसु— यी नक्षत्रमा, रिक्तातिथि छोडेर अन्य तिथिमा, अनि सोम, मंगल, शनैश्चर यी वार छोडेर अन्य दिन मूँगा धारण गर्नु, शंख धारण गर्नु, सुवर्ण-का आभूषण (गहना) धारण गर्नु, वस्त्र धारण गर्नु उचित हुन्छ, अरु मंगलवारमा लाल वस्त्र धारण गर्नु उचित छ। फेरि तीनै उत्तरा पुनर्वसु, पुष्य यी नक्षत्रमा सधवा स्त्रीले मूँगा इत्यादि धारण नगर्नू ॥ १ ॥

* चूडिकाचक्रज्ञानम् *

यावद्भास्करभुक्तिभानि दिवसे धिष्ण्याहि संख्या ततः
वह्निर्भूतगुणाब्धिसप्तनयनं पृथ्वीकरेन्दुः क्रमात् ।
सूर्यारौ कविसौम्यराहुरविजा जीवः शशी केतवः
क्रूरेऽसच्च शुभे शुभं च कथितं चक्रे च चूडाह्वये ॥२॥

जुन नक्षत्रमा सूर्य छन् त्यहाँबाट दिनका नक्षत्रसम्म गन्नु प्रथम तीन नक्षत्र सूर्यको हो, त्यो अशुभ छ। फेरि पाँच मङ्गलको पनि अशुभ, फेरि तीन नक्षत्र शुक्रको शुभ, फेरि चार नक्षत्र बुधको शुभ, फेरि सात नक्षत्र राहुको अशुभ, फेरि दुइ नक्षत्र शनिश्चरको अशुभ, फेरि एक नक्षत्र बृहस्पतिको शुभ, फेरि दुइ नक्षत्र चन्द्रमाको पनि शुभ फेरि एक नक्षत्र केतुको अशुभ जान्नु यै क्रमले चूडाचक्र जान्नु ॥२॥

* चूडिकाचक्रं सूर्यभात् *

| सू. | मं. | शु. | बु. | रा. | श. | बृ. | चं. | के. | ग्रह |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ५ | ३ | ४ | ७ | २ | १ | २ | १ | नक्षत्र |
| अशुभ | अशुभ | शुभ | शुभ | अशुभ | अशुभ | शुभ | शुभ | अशुभ | फल |

* मुहूर्तं विनापि कुत्रचिद्वस्त्रधारणम् *

राज्ञा प्रीत्यार्पितं वस्त्रं विवाहे चोत्सवादिषु ।
तथा विप्राज्ञया धार्यं निन्द्ये धिष्ण्येऽपि वासरे ॥३॥

जुन वस्त्र राजाले प्रीति पूर्वक अर्पण गरे; अथवा विवाह उत्सवादिमा अथवा ब्राह्मणका आज्ञाले निन्दित नक्षत्रमा र निन्द्य वारादिमा भए पनि नयाँ वस्त्र धारण गर्नुहुन्छ ॥ ३ ॥

* नीलकृष्णाम्बरधारणमुहूर्तम् *

पुनर्वसुधनिष्ठाख्येऽश्विभे हस्ताच्चतुष्टये ।
पूर्वोत्तरे शनौ सूर्ये नीलकृष्णाम्बरं शुभम् ॥४॥

पुनर्वसु, धनिष्ठा, अश्विनी, हस्त, चित्रा, स्वाती, विशाखा, तीनै पूर्वा, तीनै उत्तरा यी नक्षत्रमा र शनिश्चर, रविवार यी वारमा नीलो वा कालो वस्त्र धारण गर्नु शुभ हुन्छ ॥ ४ ॥

* रोमजाम्बरधारणम् *

नीलवस्त्रोदिते धिष्ण्ये रेवतीपुष्ययोरपि ।
शुक्रे शनैश्चरेऽर्के च धारयेद्रोमजाम्बरम् ॥५॥

नीलो वस्त्रधारण गर्ने जो नक्षत्र कहिएको छ त्यसैमा रोमजवस्त्र (दुशाला, कम्बल) आदि धारण गर्नु उचित हुन्छ। रेवती र पुष्यनक्षत्र पनि शुभ हुन्छ । शुक्र, शनिश्चर, रविवार पनि शुभ हुन्छ ॥ ५ ॥

* पट्टकूलधारणम् *

जीवेऽर्के च बुधे शुक्रे वस्त्रोक्तर्क्षे श्रवान्विते ।
स्थिरेऽङ्के सद्ग्रहैर्युक्ते पट्टकूलस्य धारणम् ॥६॥

बृहस्पति, रवि, बुध, शुक्रमा र उपरोक्त वस्त्रधारण नक्षत्र र श्रवण नक्षत्र अनि शुभग्रह युक्त स्थिर लग्नमा रेशमी वस्त्र धारण गर्नु शुभ हुन्छ ॥६॥

* वस्त्रधारणनक्षत्रफलम् *

वस्त्रप्राप्तिरथाश्विन्यां भरण्यां तद्विनाशनम् ।
कृत्तिकाग्निभयं कुर्याद्रोहिण्यां सर्वसंपदः ॥७॥
मृगे मूषकभीतिः स्यादार्द्रायां निधनं भवेत् ।
पुनर्वसौ तथा पुष्ये धनधर्ममहोत्सवः ॥८॥
श्लेषाभे तु भवेच्छोको मघायां मरणं ध्रुवम् ।
राज्ञो भयं तु पूफायामूफायां तु धनागमः ॥९॥
कर्मसिद्धिस्तु हस्तर्क्षे चित्रायामिष्टसम्पदः ।
मिष्टभोजनदा स्वाती विशाखाऽनन्ददायिनी ॥१०॥
मित्राप्तिरनुराधायां ज्येष्ठायां वाससां हृतिः ।
जलप्लुतिश्च मूलर्क्षे पूर्वाषाढातिरोगदा ॥११॥
मिष्टान्नदोत्तराषाढः श्रवणो नयनार्तिकृत् ।
धान्यागमो धनिष्ठायां विषघ्नीतिः शताभिधे ॥१२॥
पूर्वाभाद्रे जलाद्भीतिरुत्तरायां धनागमः ।
रत्नावाप्तिस्तु रेवत्यां भवेद्वस्त्रस्य धारणात् ॥१३॥

यसको अर्थ अकों पृष्ठको कोष्ठमा छ ॥ ७-१३ ॥

* स्त्रीणां वस्त्राभरणादिधारणमुहूर्तम् *

अश्विन्यां च धनिष्ठायां रेवत्यां करपञ्चके ।
सुवर्णरत्नदन्तादिवस्त्राणां धारणं स्त्रियाः ॥१४॥

अश्विनी, धनिष्ठा, रेवती, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा यी नक्षत्रमा स्त्रीहरुले सुवर्ण, रत्न, चूराहरु र नयाँ वस्त्र धारण गर्नु शुभदायक हुन्छ ॥ १४ ॥

* वस्त्रधारणनक्षत्रफलम् *

| नक्षत्र | अश्विनी | भरणी | कृत्तिका | रोहिणी |
| --- | --- | --- | --- | --- |
| फल | वस्त्रप्राप्ति | विनाश | अग्निभय | सर्वसंपदा |
| नक्षत्र | मृगशिरा | आर्द्रा | पुनर्वसु | पुष्य |
| फल | मूषकभय | मृत्यु | धनलाभ | धर्मवृद्धिमहो |
| नक्षत्र | आश्लेषा | मघा | पू. फाल्गुनी | उत्तराफाल्गुनी |
| फल | शोक | मरण | राजभय | धनागम |
| नक्षत्र | हस्त | चित्रा | स्वाती | विशाखा |
| फल | कर्मसिद्धि | श्रेष्ठसंपदा | श्रेष्ठभोजन | आनन्दप्राप्ति |
| नक्षत्र | अनुराधा | ज्येष्ठा | मूल | पूर्वाषाढा |
| फल | मित्रप्राप्ति | चौरभय | जलभय | महारोग |
| नक्षत्र | उत्तराषाढा | श्रवण | धनिष्ठा | शतभिषा |
| फल | मिष्टान्नप्राप्ति | नेत्ररोग | धान्यागम | विषभय |
| नक्षत्र | पूर्वाभाद्रपद | उत्तराभाद्रपद | रेवती | • |
| फल | जलभय | धनागम | रत्नप्राप्ति | • |

* नवीनवस्त्रप्रक्षालनम् *

**पुनर्वसुद्वये ऽश्विन्यां धनिष्ठाहस्तपञ्चके ।**
**हित्वार्कार्किबुधान् रिक्तां षष्ठीं श्राद्धदिनं तथा ॥१५॥**
**व्रतं पर्वं च वस्त्राणि क्षालयेद्रजकादिना ॥१६॥**

पुनर्वसु, पुष्य, अश्विनी, धनिष्ठा, हस्त, चित्रा, स्वाती, विशाखा

र अनुराधा यी नक्षत्रमा धोबीलाई नयाँ वस्त्र धुलाउनु अथवा आफैंले धुनु शुभ हुन्छ। रवि, शनि, बुध, रिक्तातिथि ४-९-१४ षष्ठी श्राद्धको दिन र व्रतको दिन पूर्वोक्त पर्वमा वस्त्र धुन वर्जित छ ॥ १५-१६ ॥

* भूषणघट्टनमुहूर्तम् *

त्रिपुराभिधे योगे त्र्युत्तरे रेवतीद्वये ।
श्रुतित्रये मृगे पुष्ये पुनर्वस्वनुराधयोः ॥
हस्तत्रयेऽथ रोहिण्यां भूषा कार्या शुभेऽहनि ॥१७॥

त्रिपुष्कर योगमा, ३ उत्तरा, रेवती, अश्विनी, श्रवण, धनिष्ठा, शतभिषा, मृगशिरा, पुनर्वसु, पुष्य, अनुराधा, हस्त, चित्रा, रोहिणी यी नक्षत्र र शुभ तिथि वारमा आभूषण (गहना) बनाउनु शुभ हुन्छ ॥१७॥

* द्विपुष्करत्रिपुष्करयोगज्ञानम् *

भद्रातिथीरविजभूतनयार्कवारे
द्वीशार्यमाजचरणादितिवह्निवैश्वे ।
त्रैपुष्करो भवति मृत्युविनाशवृद्धौ
त्रैगुण्यदो द्विगुणकृद्वसुतक्षचान्द्रे ॥१८॥

भद्रातिथि २-७-१२ रवि, मंगल, शनिवार, विशाखा, उत्तराफाल्गुनी, पूर्वाभाद्रपद, पुनर्वसु, कृत्तिका, उत्तराषाढ़ा यी नक्षत्रको योग भयो भने त्रिपुष्कर नाम गरेको योग हुन्छ। यस त्रिपुष्कर योगमा कसैका घरमा कोही मर्‍यो भने फेरि अरू तीन जना मर्नें छन्। कोहि चीजको चोरी भयो भने पनि तीन बार चोरी हुनेछ। यदि कोही चीज प्राप्त भयो भने पनि तीनैवार मिल्नेछ। अर्थात् तीन वस्तु ( चीज ) मिल्नेछ। फेरि श. मं. रविवार २।७।१२ तिथि धनिष्ठा चित्रा, मृग यी नक्षत्र परेमा द्विपुष्कर नाम गरेको योग हुन्छ, यस योगमा पनि कोही मरे, जन्मे, चोरी भए, लाभ भए अर्थात् जे भए पनि द्विगुणित हुन्छ ॥ १८ ॥

* गजस्याङ्कुशमुहूर्तम् *

**शुभवारे शुभे लग्ने शुभांशे शोभने तिथौ।**
**अङ्कुशाः करिणां योज्याः शनेर्लग्ने शनेर्दिने ॥१९॥**

शुभ वार, शुभग्रहका लग्न, शुभग्रहका नवांश र शुभ तिथिमा अङ्कुशले हात्ती हाँक्ने मुहूर्त शुभ हुन्छ। फेरि शनिश्चरको लग्न मकर, कुम्भ र शनिवारमा पनि पूर्वोक्त कार्य शुभ हुन्छ ॥ १९ ॥

* रससेवनमुहूर्तम् *

**हस्तत्रयेऽश्विनीपुष्येऽनुराधाऽन्त्ये श्रुतित्रये।**
**पुनर्भे मृगशीर्षेऽर्के भौमेज्ये रसभक्षणम् ॥ २० ॥**

हस्त, चित्रा, स्वाती, अश्विनी, पुष्य, अनुराधा, रेवती, श्रवण, धनिष्ठा, शतभिषा, पुनर्वसु, मृगशिरा, यी नक्षत्र र रवि, मंगल बृहस्पति यी वारमा रस खानु शुभ हुन्छ ॥ २० ॥

* मल्लक्रीडामुहूर्तः *

**ज्येष्ठार्द्राभरणीपूर्वामूलाश्लेषामघाभिधे।**
**जयापूर्णासु सद्वारे सार्के शीर्षोदयेऽङ्गके ॥**
**सत्खेटैः केन्द्रगैः सार्कैर्मल्लक्रीडा शुभावहा ॥२१॥**

ज्येष्ठा, आर्द्रा, भरणी, तीनपूर्वा, मूल, आश्लेषा, मघा यी नक्षत्र मल्लविद्यामा शुभ छन्। जया र पूर्णासंज्ञक तिथि शुभ छन्। रविवार पनि शुभ हुन्छ अरू शीर्षोदय लग्न होस् अर्थात् मिथुन, कन्या, तुला वृश्चिक, कुम्भ यी लग्न र सूर्य सहित शुभग्रह केन्द्रमा भएका वेला मात्र अत्यन्त शुभ हुन्छ ॥ २१ ॥

* लवणकृत्यम् *

**लवणारम्भकृत्यं तु भरणीरोहिणीश्रवे।**
**शनिवारे दिवा श्रेष्ठं जन्मराशेः शनेर्बले ॥२२॥**

भरणी, श्रवण, रोहिणी यी नक्षत्रमा नून बनाउन आरम्भ गर्नु शुभ हुन्छ। शनिवार र अरू वार पनि शुभ हुन्छ। रात्रिसमय र जन्म राशिदेखि गोचरोक्त शनि बलि हुनु आवश्यक छ ॥ २२ ॥

* कुम्भकारकृत्यम् *

पुनर्वसुद्वये हस्तत्रयेऽन्त्ये रोहिणीमृगे ।
अनुराधाश्रवोज्येष्ठासमूर्यसौम्यवासरे ॥२३॥
तथा चरोदये प्रोक्ता कुम्भकारक्रिया बुधैः ॥२४॥

पुनर्वसु, पुष्य, हस्त, चित्रा, स्वाती, रेवती, रोहिणी, मृगशिरा, अनुराधा, श्रवण, ज्येष्ठा यी नक्षत्रमा कुम्हालेको कृत्य शुभ हुन्छ, रविवार र सोमवार अनि चर लग्न शुभ हुन्छ ॥ २३–२४ ॥

* स्वर्णकारकृत्यम् *

श्रुतित्रयेऽश्विनीपुष्ये मृगे हस्तचतुष्टये ।
आदित्ये कृत्तिकायां च शुभे लग्ने शुभे तिथौ ॥२५॥
हेमकारक्रिया शस्ता हित्वा बुधशनैश्चरौ ॥२६॥

श्रवण, धनिष्ठा, शतभिषा, अश्विनी, पुष्य, मृगशिरा, हस्त, चित्रा, स्वाती, विशाखा, पुनर्वसु, कृत्तिका यी नक्षत्रमा फेरि शुभ लग्नका शुभ तिथिमा सुनारको कर्म शुभ हुन्छ, बुध र शनिवार वर्जित छ ॥२५-२६॥

* वारविषघटीज्ञानम् *

नखा यमार्कदिक्सप्तबाणतत्त्वमिताः क्रमात् ।
आभ्यो नाडीचतुष्कं च विषं तद्रविवासरात् ॥२७॥

वारका विषघटी तल चक्रमा स्पष्ट छ ॥ २७ ॥

* वारविषघटीचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | वासराः |
|---|---|---|---|---|---|---|---|
| २० | २ | १२ | १० | ७ | ५ | २५ | विषघटी उपरान्त |
| ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | विषघटी यावत् |

* तिथिविषघटीज्ञानम् *

तिथि बाणाष्टसप्ताङ्गपञ्चवेदाष्टभूधराः ।
दिग्वह्न्यर्का मनुः शैला वसवो घटितः क्रमात् ॥२८॥
आभ्यो घटीचतुष्कञ्च विषं प्रतिपदादितः ॥२९॥

प्रतिपदादिको विषघटी पनि चक्र हेर्नाले स्पष्ट जानिन्छ ॥२८-२९॥

* तिथिविषघटीचक्रम् *

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५　३० | तिथि |
| १५ | ५ | ८ | ७ | ६ | ५ | ४ | ८ | ७ | १० | ३ | १२ | १४ | ७ | ८ | विषघटी-उपरान्त |
| ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | विषघटी-यावत् |

* सकलकर्मसिद्ध्यर्थमभिजिन्मुहूर्तः *

अङ्गुल्या विंशतिः सूर्ये शङ्कुः सोमे च षोडश ।
कुजे पञ्चदशाङ्गुल्यो बुधवारे चतुर्दश ॥३०॥
त्रयोदश गुरोर्वारे द्वादशार्कजशुक्रयोः ।
शङ्कुमूले यदा छाया मध्याह्ने च प्रजापते ॥३१॥
तत्राऽभिजित्तदाख्यातो घटिकैका स्मृता बुधैः ।
अत्र कार्याणि सर्वाणि सिद्धिं यान्ति कृतानि च ॥३२॥

रविवार २० अंगुलको शंकु खडा गर्नु, सोमवार १६, मंगलवार १५, बुधवार १४, गुरुवार १३, शुक्रवार १२ शनिवारका दिन १२ अंगुल लामु शंकु खडा गर्नु । आधा दिनमा जब सूर्यको छाया शंकु मूलका बराबर हुन्छ । त्यहाँदेखि १ घटीसम्म अभिजित्संज्ञक मुहूर्त हुन्छ त्यसमा कार्यको आरम्भ गर्नाले त्यो कार्य निर्विघ्नपूर्वक सिद्धि हुन्छ ॥ ३०-३२ ॥

* दिनमध्ये पञ्चदशमुहूर्तज्ञानम् *

गिरिशभुजगमित्राः पित्र्यवस्वम्बुविश्वे-
ऽभिजिदथ च विधातापीन्द्रइन्द्रानलश्च ॥
निर्ऋतिरुदकनाथोऽप्यर्यमाथो भगश्च
क्रमश इह मुहूर्ता वासरे बाणचन्द्राः ॥३३॥

गिरिश १, भुजग २, मित्र ३, पित्र्य ४, वसु ५, अम्बु ६, विश्वे ७, अभिजित् ८, विधाता ९, इन्द्र १०, इन्द्रानल ११, निर्ऋति १२, उदकनाथ १३, अर्यमा १४, भग १५, यी पन्ध्र मुहूर्त दिनभरिमा हुन्छन् सूर्योदयदेखि सूर्यास्त पर्यन्त दिनमान भोगबाट जान्नु ॥ ३३ ॥

* रात्रिमध्ये पञ्चदशमुहूर्तज्ञानम् *

शिवोजपादादष्टौ स्युर्भेशा अदितिजीवकौ।
विष्णवर्कत्वाष्ट्रमरुतो मुहूर्ता निशि कीर्तिताः ॥३४॥

शिव १, पूर्वभाद्रपद २, उत्तराभाद्र ३, रेवती ४, अश्विनी ५, भरणी ६, कृत्तिका ७, रोहिणी ८, मृगशिरा ९, अदिति १०, जीव ११, विष्णु १२, अर्क १३, त्वाष्ट्र १४, मरुत् १५ यी पन्ध्र मुहूर्त रात्रिमा हुन्छन् ॥ ३४ ॥

* कार्यकृत्यमुहूर्तः *

नक्षत्रनाथतुल्येऽस्मिन् कार्यं कुर्याच्छुभोदितम्।
दिनमध्येऽभिजित्संज्ञे दोषसंज्ञेषु सत्स्वपि ॥
सर्वं कुर्याच्छुभं कर्म याम्यदिग्गमनं विना ॥३५॥

नक्षत्र स्वामीका तुल्य कार्य गर्नु शुभ हुन्छ, जब कार्योक्त नक्षत्र मिल्दैन तब यी नक्षत्र संज्ञक मुहूर्तमा कार्य गर्नु पर्छ ॥ ३५ ॥

जस्तै :—अनुराधा नक्षत्रमा जुन कार्य कहिएको छ त्यो दिनमा

तेश्रो मुहूर्त मित्रसंज्ञक हुन्छ त्यो अनुराधाको स्वामी हो त्यसैमा कार्यारम्भ गर्नु पर्छ, यस्तै प्रकारले सबै जान्नु। फेरि जो दिनका मध्यमा अभिजित् मुहूर्त हुन्छ, त्यसमा कार्य गर्दा पनि समस्त दोष हुँदा हुँदै सब कार्य शुभ हुन्छन्। तर दक्षिण दिशाको यात्रा सर्वथा वर्जित छ, गर्नु हुँदैन ॥ ३५ ॥

* वारदुर्मुहूर्तज्ञानम् *

रवावर्यमा ब्रह्मरक्षश्च सोमे
कुजे वह्निपित्रे बुधे चाभिजित्स्यात्।
गुरौ तोयरक्षो भृगौ ब्राह्म्यपित्रौ
शनावीशसार्पौ मुहूर्ता निषिद्धाः ॥३६॥

रविवार अर्यमा मुहूर्त त्याज्य छ, सोमवार ब्रह्म र रक्ष, मङ्गलवार वह्नि र पितृ, बुधवार अभिजित्, गुरुवार तोय र रक्ष, शुक्रवार ब्रह्म र पितृ, शनिश्चरवार ईश र आश्लेषा मुहूर्त वर्जित छ ॥ ३६ ॥

* रविवारादिमुहूर्तनिषिद्धचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | वाराः |
|---|---|---|---|---|---|---|---|
| अर्यमा १४ | ब्रह्म ९ | वह्नि ११ | अभिजित् ८ | तोय ६ | ब्राह्म्य ९ | ईश १ | मुहूर्तं |
| ०० | राक्षस १२ | पितृ ४ | ०० | रक्ष १२ | पितृ ४ | आश्लेषा २ | मुहूर्तं |

* लग्नराशिस्वामिज्ञानम् *

मेषवृश्चिकयोर्भौमः शुक्रो वृषतुलाधिपः।
बुधः कन्यामिथुनयोः कर्कस्वामी च चन्द्रमा ॥३७॥

धनुर्मीनाधिपो जीवः शनिर्मकरकुम्भयोः ।
सिंहस्याधिपतिः सूर्यः कथितो गणकोत्तमैः ॥३८॥
कन्याया राहुराख्यातो केतुर्वै मिथुनस्य च ॥३९॥

मेष वृश्चिकका स्वामी मङ्गल हुन्, वृष तुलाका शुक्र, कन्या मिथुनका बुध, कर्कका चन्द्रमा, धन मीनका बृहस्पति, मकर कुम्भका शनैश्चर सिंहका स्वामी सूर्य हुन्। पण्डितहरू यो पनि भन्दछन् कि कन्याका स्वामी राहु हुन्, मिथुनका स्वामी केतु हुन् ॥ ३९ ॥

* राशीशचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. | स्वामिनः |
|---|---|---|---|---|---|---|---|---|---|
| सिंह | कर्क | मेष वृश्चिक | मिथुन कन्या | धन मीन | वृष तुला | मकर कुम्भ | कन्या | मिथुन | ग्रहाः |

* उत्पातादियोगज्ञानम् *

द्वीशात्तोयाद्वासवात्पौष्णभाच्च
ब्राह्मयात्पुष्यादर्यमर्क्षाच्चतुर्भैः ।
स्यादुत्पातो मृत्युकाणौ च सिद्धि-
र्वारेऽर्काद्ये तत्फलं नामतुल्यम् ॥४०॥

रविवार आदि सात दिनमा विशाखा, पूर्वाषाढ़ा, धनिष्ठा, रेवती, रोहिणी, पुष्य, उत्तराफाल्गुनी यी नक्षत्रदेखि लिएर क्रमैसँग चार नक्षत्रमा, उत्पात, मृत्यु, काण र सिद्धि यी चार योग हुन्छन्। अर्थात् रविवार विशाखा नक्षत्र भएमा उत्पात योग हुन्छ। अनुराधा भए मृत्यु, ज्येष्ठा भए काण, मूल भये सिद्धियोग हुन्छ। सोमवार पूर्वाषाढ़ा नक्षत्र भए उत्पात, उत्तराषाढ़ा मृत्यु, अभिजित् काण र श्रवण नक्षत्र भए सिद्धि योग हुन्छ। मंगलवार धनिष्ठा नक्षत्र भए

उत्पात, शतभिषा मृत्यु, पूर्वभाद्रपद-काण, उत्तराभाद्रपद नक्षत्र भए सिद्धि हुन्छ। बुधवार रेवती नक्षत्र भए उत्पात, अश्विनी मृत्यु, भरणी काण र कृत्तिका नक्षत्र भए सिद्धियोग हुन्छ। बृहस्पतिवार रोहिणी-नक्षत्र भए उत्पात, मृगशिरा मृत्यु, आर्द्रा काण, फेरि पुनर्वसु नक्षत्र भए सिद्धियोग हुन्छ। शुक्रवार पुष्य नक्षत्र भए उत्पात, अश्लेषा मृत्यु, मघा काण, पूर्वाफाल्गुनी नक्षत्र भए सिद्धियोग हुन्छ। शनिवार उत्तराफाल्गुनी नक्षत्र भए उत्पात, हस्त मृत्यु, चित्रा काण, अरू स्वाती नक्षत्र भए सिद्धियोग हुन्छ। यी चारै योगका फल पनि नामकै समान हुन्छन् ॥ ४० ॥

* उत्पातादियोगचतुष्टयचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | वाराः |
|---|---|---|---|---|---|---|---|
| वि. | पू. षा | ध. | रे. | रो. | पुष्य | उ. फा. | उत्पात योग |
| अनु. | उ. षा. | श. | अ. | मृ. | श्ले. | ह. | मृत्युयोग |
| ज्ये. | अभि. | पू. भा. | भ. | आ. | म. | चि. | काणयोग |
| मू. | श्र. | उ. भा. | कृ. | पु. | पू. फा. | स्वा. | सिद्धियोग |

* कुलिकादियोगः *

कुलिकः कालवेला च यमघण्टश्च कण्टकः ।
वारद्विघ्ने क्रमान्मन्दे बुधे जीवे कुजेक्षणः ॥ ४१ ॥

कुलिक, कालवेला, यमघण्ट, कण्टक यी चार प्रकारका योग हुन्छन्, वर्तमान वारदेखि गनेर शनिश्चरवारसम्ममा जो अङ्कहुन्छ त्यसलाई दूना गर्नू, द्विगुणित गर्दा जो अङ्क हुन्छ उसै मुहूर्तमा कुलिकयोग जान्नू। अनि कालेबेला हेर्नु पर्‍यो भने वर्तमान वारदेखि बुधवारसम्म गन्नु र दूना गर्नु जो अङ्क हुन्छ, उसै मुहूर्तमा कालवेला

योग हुन्छ। फेरि यमघण्टा योगको विचार गर्नु छ भने वर्तमान वारदेखि बृहस्पतिसम्म गन्नु र दूना गर्नु जो अंक हुन्छ त्यसमा यमघंटा योग जान्नु। अरू कण्टकयोगको विचार गर्नु छ भने वर्तमान वारदेखि मङ्गलवारसम्म गन्नु र त्यो अंक दूना गर्नु जो अंक हुन्छ उसै मुहूर्तमा कण्टकयोग लाग्ने जान्नु ॥ ४१ ॥

उदाहरण—

जस्तै—रविवार कुलिकयोगको विचार गर्नु छ—रविवारदेखि शनिवारसम्म गन्दा सात भयो, त्यसलाई दूना गर्दा चौध भयो, यै चौधौं मुहूर्तमा कुलिक योग हुन्छ अर्थात् तेह्रौं मुहूर्तका उपरान्त चौध भर कुलिक योगको भोग रह्यो। यै प्रकार सबै जान्नु। मुहूर्त दिनको सोह्रौं हिस्सालाई भन्दछन् ॥

* क्रकचयोगज्ञानम् *

तिथ्यङ्केन समायुक्तो वाराङ्को यदि जायते।
त्रयोदशाङ्कः क्रकचो योगोऽयं निन्दितः शुभे ॥ ४२ ॥

तिथि र वार मिलाएर तेह्र भयो भने क्रकचयोग हुन्छ। यो शुभ कार्यमा निन्दित छ ॥ ४२ ॥

* रवियोगज्ञानम् *

सूर्यभाद्वेदगोतर्कदिग्विश्वनखसंमिते ।
चन्द्रर्क्षे रवियोगाः स्युर्दोषसंघविनाशकाः ॥४३॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु। चार, नौ, छ, दश, तेह्र, बीस यी अङ्क भएमा रवियोग जान्नु। यो योग समस्त दोष समूहलाई नाश गर्ने हुन्छ ॥ ४३ ॥

* सूर्यभाद् रवियोगचक्रम् *

| ४ | ९ | ६ | १० | १३ | २० | नक्षत्र |
|---|---|---|---|---|---|---|
| रवियोगः | रवियोगः | रवियोगः | रवियोगः | रवियोगः | रवियोगः | संज्ञा |

* स्त्रीणां कज्जलादर्शकृत्यम् *

चित्राचतुष्टयेऽश्विन्यां धनिष्ठारेवतीमृगे ।
शुक्रेऽर्केऽह्नि शनौ स्त्रीणां दर्पणाञ्जनयोर्धृतिः ॥४४॥

चित्रा, स्वाती, विशाखा, अनुराधा, अश्विनी, धनिष्ठा, रेवती, मृगशिरा यी नक्षत्र र शुक्र, रवि, शनिश्चरवारमा स्त्रीले गाजल लगाउनु र ऐना हेर्नु शुभ हुन्छ ॥ ४४ ॥

* सुगन्धादिधारणमुहूर्तः *

श्रुतित्रयेऽश्विनीपुष्ये पूर्वाषाढानुराधयोः ।
हस्तत्रये पुनर्भेऽन्त्ये मृगभे च शुभेऽहनि ॥४५॥
चन्दनागुरुकस्तूरीपुष्पाणां धारणं शुभम् ॥४६ ॥

श्रवण, धनिष्ठा, शतभिषा, अश्विनी, पुष्य, पूर्वाषाढा, अनुराधा, हस्त, चित्रा, स्वाती, पुनर्वसु, रेवती, मृगशिरा यी नक्षत्रमा र शुभवारमा चन्दन, अगुरु (अगर), कस्तूरी, फूल इत्यादि सुगन्धित वस्तुहरु धारण गर्नु शुभ हुन्छ ॥ ४५–४६ ॥

* मद्यारम्भमुहूर्त्तः *

रौद्रे पैत्र्ये वारुणे पौरुहूते
याम्ये सार्पे नैर्ऋते चैव धिष्ण्ये ।
पूर्वाख्येषु त्रिष्वपि श्रेष्ठ उक्तो
मद्यारम्भः कालविद्भिः पुराणैः ॥४७॥

आर्द्रा, मघा, शतभिषा, ज्येष्ठा, भरणी, अश्लेषा, मूल, तीनै पूर्वा यी नक्षत्रमा मदिरा ( जाँड-रक्सी आदि ) बनाउनु शुभ हुन्छ ॥४७॥

* वृक्षारोपणम् *

शतद्वीशमूलान्त्यचित्रानुराधा-
मृगत्र्युत्तराधातृहस्ताश्विपुष्ये ।

भवेद्वृक्षवल्ल्यादिरोपः प्रशस्तः
सिते शीतगौ सोमपुत्रे सुरेज्ये ॥४८॥
वैशाखे श्रावणे मार्गे कार्त्तिके फाल्गुने तथा ।
एते साधारणा मासा वृक्षस्यारोपणं शुभाः ॥४९॥

शतभिषा, विशाखा, मूल, रेवती, चित्रा, अनुराधा, मृगशिरा, तीनै उत्तरा, रोहिणी, हस्त, अश्विनी, पुष्य यी नक्षत्रमा र फेरि शुक्र, चन्द्र, बुध, बृहस्पति यी वारमा वृक्ष लतादि ( लहराहरु ) रोप्नु शुभ हुन्छ । वैशाख, श्रावण, मार्ग, कार्तिक, फाल्गुन यी महीनामा वृक्ष लगाउनु शुभदायक हुन्छ ॥ ४८–४९ ॥

* वृक्षचक्रम् *

सूर्यभाद्दिनभं यावद् वृक्षचक्रं विचारयेत् ।
त्रीणि मूले भवेद्रोगस्त्वचि त्रीणि धनागमः ॥५०॥
शाखायां वेदनाशः स्यात्पत्रे युग्मं दरिद्रता ।
शीर्षे त्रीणि शुभं प्रोक्तं पूर्वमेकं तु मृत्युदम् ॥५१॥
याम्ये पञ्च सुतो नाशः पश्चिमे द्वे धनप्रदे ।
उत्तरे वेदलाभः स्यात्तदुक्तं ब्रह्मयामले ॥५२॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र ३ नक्षत्र वृक्षका जरामा स्थापन गर्नु त्यो रोगप्रद हुन्छ । ३ नक्षत्र त्वचा ( बोक्रा ) मा स्थापना गर्नु त्यो धनप्रद हुन्छ । यै प्रकार शाखा ( हाँगा ) मा ४ नक्षत्र स्थापना गर्नु त्यो नाशप्रद हुन्छ । २ नक्षत्र पत्र ( पात ) मा स्थापना गर्नु त्यो दरिद्रता हुन्छ । ३ नक्षत्र शिर ( टुप्पा ) मा स्थापना गर्नु त्यो शुभप्रद हुन्छ फेरि १ नक्षत्र पूर्वमा स्थापना गर्नु त्यो मृत्युदायक हुन्छ । दक्षिणमा ५ नक्षत्र स्थापना गर्नु त्यो पुत्र-

नाशक हुन्छ। अरु २ नक्षत्र पश्चिममा स्थापना गर्नु त्यो धनदाता हुन्छ। फेरि उत्तरमा ४ नक्षत्र स्थापना गर्नु त्यो लाभप्रद हुन्छ। यो वृक्षचक्र भ्रमयामलमा कहेको छ ॥ ५०–५२ ॥

* वृक्षन्यासचक्रं सूर्यभात् *

| मूल | त्वचा | शाखा | पत्र | शीर्ष | पूर्व | दक्षिण | पश्चिम | उत्तर | स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | ४ | २ | ३ | १ | ५ | २ | ४ | नक्षत्र |
| रोग-प्रद | धना-गम | नाश-प्रद | दरि-द्रता | शुभ-प्रद | मृत्यु-प्रद | पुत्र-नाश | धन-प्रद | लाभ-प्रद | फल |

* गवां क्रयविक्रयमुहूर्त्तः *

शक्रवासवकरेषु विशाखापुष्यवारुणपुनर्वसुभेषु ।
अश्विपूषभयुतेषु विधेयो विक्रयः क्रयविधिःसुरभीणाम् ॥

ज्येष्ठा, धनिष्ठा, हस्त, विशाखा, पुष्य, शतभिषा, पुनर्वसु, अश्विनी, रेवती यी नक्षत्रमा गौहरुको लेनदेन शुभ हुन्छ ॥ ५३ ॥

* राजदर्शनमुहूर्तः *

त्र्युत्तरे श्रवणद्वन्द्वे मृगे पुष्यानुराधयोः ।
रोहिण्यां रेवतीयुग्मे चित्राहस्ते शुभेऽहनि ॥५४॥
बलिन्यर्केऽर्कवारेऽपि राजदर्शनमीरितम् ॥५५॥

तीनै उत्तरा, श्रवण, धनिष्ठा, मृगशिरा, पुष्य, अनुराधा रोहिणी, रेवती, अश्विनी, चित्रा, हस्त यी नक्षत्रमा अरु रविवारले सहित शुभ दिनमा राजाको दर्शन ( भेट ) गर्नु शुभहुन्छ, तर गोचरका अनुसार सूर्य बलवान् हुनुपर्छ ॥ ५४–५५ ॥

* पशूनां प्रवेशयात्रास्तिथयः *

न रिक्ताष्टमीदर्शभौमेषु चित्रा
श्रुतित्र्युत्तरे रोहिणीषु प्रकामम् ॥

पशूनां प्रवेशप्रयाणस्थितीश्च
प्रकुर्वन्ति धीराः कदाचित्कथंचित् ॥५६॥

रिक्ता ४–९–१४ तिथि, अष्टमी, अमावस्या यी तिथि र मङ्गलवार पशु यात्रादि ( गोठसार्नु ) वर्जित छ, नगर्नू। फेरि चित्रा, श्रवण, तीनै उत्तरा, रोहिणी यी नक्षत्रमा पशु प्रवेश, पशुयात्रा र पशुस्थिति आदि कार्य गर्नु शुभ हुन्छ ॥ ५६ ॥

* क्रयविक्रयमुहूर्त्तः *

पुष्यो भाद्रपदायुग्मं स्वाती च श्रवणोऽश्विनी ।
हस्तोत्तरा मृगो मैत्रं तथाऽश्लेषा च रेवती ॥५७॥
ग्राह्याणि भानि चैतानि क्रयविक्रयणे बुधैः ।
चन्द्रभार्गवजीवाश्च वाराः शकुनमुत्तमम् ॥५८॥

पुष्य, पूर्वाभाद्रपद, उत्तराभाद्रपद, स्वाती, श्रवण, अश्विनी, हस्त, उत्तरा, मृगशिरा, अनुराधा, श्लेषा, रेवती यी नक्षत्रमा चन्द्रवार, शुक्रवार, गुरुवारमा क्रय विक्रय कार्य अर्थात् खरीदनु बेच्नु शुभ हुन्छ, परन्तु उत्तम शकुन पनि लिनु पर्छ ॥ ५७–५८ ॥

* विपणिसूचीकर्ममुहूर्त्तः *

स्याद्रोहिणीत्र्युत्तरहस्तपुष्ये
चित्रान्त्यमित्रे विपणिर्मृगाश्वे ।
पुनर्वसौ मित्रयमे धनिष्ठा—
चित्रासु सौम्येऽहनि कर्म सूच्याः ॥५९॥

रोहिणी, तीनै उत्तरा, हस्त, पुष्य, चित्रा, रेवती, अनुराधा, मृगशिरा, अश्विनी, यी नक्षत्र र शुभ दिनमा दोकान गर्नु शुभ हुन्छ। पुनर्वसु, अनुराधा, अश्विनी, धनिष्ठा, चित्रा यी नक्षत्र र शुभ दिनमा सूची-कर्म; दर्जीको काम – कपड़ा सिलाउने आरम्भ गर्नु शुभ हुन्छ ॥५९॥

* भैषज्यकर्ममुहूर्त्तः *

अर्काश्विपुष्ये श्रवणत्रये च
मूलादितिस्वातिमृगे सपौष्णे ।
चित्रासुमित्रे च शुभेऽह्नि सार्के
भैषज्यकर्म प्रचरेद्विरिक्ते ॥६०॥

हस्त, अश्विनी, पुष्य, श्रवण, धनिष्ठा, शतभिषा, मूल, पुनर्वसु, स्वाती, मृगशिरा, रेवती, चित्रा, अनुराधा यी नक्षत्रमा रविवार सहित शुभ दिन अर्थात् रिक्ता तिथि छोड़ेर औषधि खानु शुभ हुन्छ ॥ ६० ॥

* वाजिहस्तिकर्ममुहूर्त्तः *

क्षिप्रान्त्यवस्विन्दुमरुज्जलेशा-
दित्येष्वरिक्तारदिने प्रशस्तम् ।
स्याद्वाजिकृत्यं त्वथ हस्तिकार्यं
कुर्यान्मृदुक्षिप्रचरेषु विद्वान् ॥६१॥

क्षिप्रसंज्ञक नक्षत्र अर्थात् रेवती, धनिष्ठा, मृगशिरा, स्वाती, शतभिषा, पुनर्वसु, यी नक्षत्रमा घोड़ाको कार्य शुभ छ ( सवारी आदि पीठ दिनु श्रेष्ठ हुन्छ । ) रिक्तातिथि ४-९-१४ मंगलवार वर्जित छ । मृदुसंज्ञक, चरसंज्ञक यी नक्षत्रमा हात्तीको कार्य बुद्धिमान्ले गर्नु शुभ हुन्छ ॥ ६१ ॥

* अश्वचक्रम् *

अश्वाकारं लिखेच्चक्रं साभिजिद्भानि विन्यसेत् ।
स्कन्धे च सूर्यभात्पञ्च पृष्ठे च दश भानि च ॥६२॥
पुच्छे द्वे स्थापयेद्धीरश्चतुष्पादे चतुष्टयम् ।
उदरे विन्यसेत्पञ्च मुखे द्वे तुरगस्य च ॥६३॥

अर्थलाभो मुखे सम्यग् वाजी नश्यति चोदरे ।
चरणस्थे रणे भङ्गः पुच्छे पत्नी विनश्यति ॥६४॥
अर्थसिद्धिर्भवेत्पृष्ठे स्कन्धे स्कन्धपतिर्भवेत् ।
अश्वाकारमिदं चक्रं विचार्यं गणकोत्तमैः ॥६५॥

सूर्यले भोग गरेका नक्षत्रदेखि अश्वचक्र लेखेर अभिजित्समेत चन्द्र नक्षत्रसम्म गन्नु र स्थापन गर्नु। प्रथम ५ नक्षत्र स्कन्ध (काँध) मा राख्नू, फेरि १० नक्षत्र पीठमा, फेरि २ नक्षत्र पुच्छरमा, फेरि ४ नक्षत्र पाउमा, फेरि ५ नक्षत्र पेटमा, अरू बाँकी २ नक्षत्र मुखमा राख्नू ॥

फल—मुखमा परे अर्थ लाभ हुन्छ, पेटमा परे घोडैको नाश हुन्छ, चरणमा परे भङ्ग गर्छ, पुच्छरमा परे स्त्रीको नाश हुन्छ, पीठमा अर्थ सिद्धि गर्छ, अनि स्कन्धमा परे स्कन्धपति हुन्छ अर्थात् अरु पालकी आदि सवारी पनि मिल्ला । यो अश्वचक्रको क्रम बुद्धिमान् ज्योतिषीले विचार गर्नु बेस छ ॥ ६२–६५ ॥

* अश्वचक्रन्यासः *

| स्कन्ध | पृष्ठ | पुच्छ | पाद | उदर | मुख | अंग |
|---|---|---|---|---|---|---|
| ५ | १० | २ | ४ | ५ | २ | नक्षत्र |
| स्कन्धपति | अर्थसिद्धि | पत्नीनाश | रणभंग | वाजिना | अर्थलाभ | फल |

* गजचक्रम् *

गजाकारं लिखेच्चक्रं जन्मभान्तं च सूर्यभात् ।
कर्णे शीर्षे रदे पुच्छे द्वयं सर्वत्र योजयेत् ॥६६॥
शुण्डायां तु द्वयं योज्यं वेदाः पृष्ठोदरे मुखे ।
षड् वै चतुर्षु पादेषु साभिजिद्भिन्यसेत्क्रमात् ॥६७॥

कर्णे चैव महालाभो मस्तके लाभ एव च ।
दन्ते चैव भवेल्लाभो पुच्छे हानिः प्रजायते ॥६८॥
शुण्डायां तु शुभं ज्ञेयं पृष्ठे तु सुखसंपदा ।
उदरे रोगसंभूतिर्मुखे तु मध्यमं स्मृतम् ॥६९॥
पादयोश्च भवेल्लाभो गजे चैवं विनिर्दिशेत् ॥७०॥

सूर्यका नक्षत्रदेखि जन्म नक्षत्रसम्म गनेर गजाकार चक्र बनाउनु । २ नक्षत्र गज ( हात्ती ) का कानमा स्थापन गर्नु, २ नक्षत्र मस्तक (शिर) मा, २ दाँतमा, २ पुच्छरमा, २ सूँडमा, ४ पीठमा, ४ पेटमा, ४ मुखमा, ६ नक्षत्र चरणमा राख्नू । यो गजचक्रमा अभिजित् नक्षत्र पनि गन्नु पर्छ ॥

फल—कर्ण (कान) मा परे महालाभ, मस्तकमा परे लाभ, दाँतमा परे पनि लाभ, पुच्छरमा परे हानि, सूँडमा परे शुभ, पीठमा परे सुखसम्पति लाभ, पेटमा परे रोग हुन्छ, मुखमा परे मध्यम, अर्थात् शुभ पनि हुँदैन, अशुभ पनि हुँदैन, चरणमा परे लाभ हुने जान्नू । यै प्रकार गजाकार चक्र बनाएर हेर्नू ॥ ६६-७० ॥

* गजचक्रन्यासः *

| कर्ण | मस्तक | दन्त | पुच्छ | शुण्ड | पृष्ठ | उदर | मुख | पाद | अंग |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | २ | २ | 2 | २ | ४ | ४ | ४ | ६ | नक्षत्र |
| महालाभ | लाभ | लाभ | हानि | शुभ | सुख सम्पदा | रोग | मध्यम | लाभ | फल |

* सेवाचक्रम् *

नराकारं लिखेच्चक्रं सेवार्थे भृत्यसंग्रहे ।
शीर्षे त्रीण्यर्थलाभः स्यान्मुखे त्रीणि विनाशनम् ॥७१॥
हृदि पञ्च धनं धान्यं पादे षट्कं दरिद्रता ।
पृष्ठे द्वे प्राणसंदेहो नाभौ वेदाः शुभावहाः ॥७२॥

गुदे द्वे भयपीडा च दक्षहस्तैकमर्थदम् ।
एकं वामे नाशकरं भृत्यभात्स्वामिभान्तकम् ॥७३॥
प्रथमं सेव्यनक्षत्रं द्वितीयं सेवकस्य च ।
न सेवा सुस्थिरा तस्य यतः प्राणार्थनाशदा ॥७४॥

नोकरको नक्षत्रदेखि स्वामीका नक्षत्रसम्म गन्नु र ३ नक्षत्र शिरमा राख्नु, त्यो लाभार्थप्रद हुन्छ, फेरि मुखमा ३ नक्षत्र स्थापन गर्नु, त्यो विनाश कारक हुन्छ। अनि ५ नक्षत्र हृदयमा स्थापन गर्नु, त्यो धनधान्य दिने जान्नु। फेरि चरणमा ६ नक्षत्र स्थापन गर्नु त्यो दरिद्रता दिने जान्नु। अनि २ नक्षत्र पीठमा राख्नु, त्यो प्राणसंदेह कारक जान्नु। फेरि नाभिमा ४ नक्षत्र राख्नु, त्यो शुभकारी जान्नु। २ नक्षत्र गुदामा स्थापन गर्नु, त्यो भयपीडा कारक हुन्छ। १ नक्षत्र दाहिने हातमा राख्नु, त्यो अर्थ दाता हुन्छ। १ नक्षत्र बायाँ हातमा राख्नु, त्यो चाहिँ नाशकारक हुन्छ। पैल्हो नक्षत्र होस् त्यसैको दोस्रो नक्षत्र सेवकको पर्‍यो भने त्यो सेवा स्थिर हुँदैन, फेरि प्राण धनको पनि नाश गर्छ ॥७१–७४॥

* सेवाचक्रन्यासः *

| शिर | मुख | हृदय | चरण | पीठ | नाभि | गुदा | दक्षिणकर | वाम | अङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | ५ | ६ | २ | ४ | २ | १ | १ | नक्षत्र |
| अर्थ-लाभ | विनाश | धन-धान्य | दारि-द्रय | प्राण-संदेह | शुभ | भयपीडा-कारक | अर्थदाता | नाश-कारक | फल |

* सेवामुहूर्त्तः *

हस्तद्वयेऽनुराधायां रेवतीयुगले मृगे ।
पुष्ये बुधे गुरौ शुक्रे सत्तिथौ रविवासरे ॥७५॥

योनिराशिपयोर्मैत्र्यां स्वामी सेव्योऽनुजीविभिः ॥७६॥

हस्त, चित्रा, अनुराधा, रेवती, अश्विनी, मृगशिरा, पुष्य यी नक्षत्रमा र बुध, गुरु, शुक्र, रविवार र शुभ तिथिमा सेवाकर्म शुभ हुन्छ। फेरि योनि वा राशीशदेखि मित्रता भएमा सेवकले स्वामीको सेवा गर्नु असल हुन्छ ॥ ७५–७६ ॥

* छत्रधारणमुहूर्त्तः *

त्र्युत्तरारोहिणीरौद्रपुष्याश्च शततारका ।
धनिष्ठा श्रवणश्चैव शुभानि छत्रधारणे ॥७७॥

३ उत्तरा, रोहिणी, आर्द्रा, पुष्य, शतभिषा, धनिष्ठा, श्रवण यी नक्षत्रमा छत्रधारण गर्नु शुभ हुन्छ ॥ ७७ ॥

* छत्रचक्रम् *

मूले त्रीणि सप्त दण्डे कण्ठे चैव तु पञ्चकम् ।
मध्ये वसु प्रदातव्यं शिखरे वेद एव च ॥७८॥
मूले च जायते नाशो दण्डे हानिर्धनक्षयः ।
कण्ठे च राजसन्मानो मध्ये छत्रपतिर्भवेत् ॥ ७९ ॥
शिखरे कीर्तिवृद्धिश्च जन्मभात्सूर्यभान्तकम् ॥ ८० ॥

जन्म नक्षत्रदेखि सूर्य नक्षत्रसम्म गनेर छत्र-चक्रको स्थापना गर्नु। ३ नक्षत्र मूलमा ७ नक्षत्र दण्डमा ५ नक्षत्र कण्ठमा ८ नक्षत्र मध्यमा र ४ नक्षत्र शिखरमा स्थापना गर्नु ॥

फल—मूलमा परे नाश गर्छ, दण्डमा परे हानि धननाश गर्छ। कण्ठमा परे राजसन्मान मिल्नेछ, मध्यमा परे छत्रपति हुन्छ, शिखरमा परे कीर्ति वृद्धि हुन्छ ॥ ७८–८० ॥

* छत्रचक्रन्यासः *

| मूल | दण्ड | कण्ठ | मध्य | शिखर | अङ्ग |
|---|---|---|---|---|---|
| ३ | ७ | ५ | ८ | ४ | नक्षत्र |
| नाश | हानि | धनक्षय | राज-सम्मान | छत्रपति | फल |

* धनुश्चक्रम् *

सूर्यभाज्जन्मभान्तं च कार्मुकं चैव योजयेत् ।
चापाग्रे बाणसंख्याकं शराग्रे पञ्च दीयते ॥८१॥
शरमूले तथा पञ्च पञ्च सन्धौ प्रकीर्तितम् ।
दण्डे द्वयं तु दद्याद्वै धनुषश्चक्रमुत्तमम् ॥ ८२ ॥
अग्रे हानिः शरे लाभो शरमूले जयस्तथा ।
चापसन्धौ तु शौर्यं स्याद्दण्डभङ्गः प्रजायते ॥ ८३ ॥

सूर्यका नक्षत्रदेखि जन्म नक्षत्रसम्म गन्नु र धनुषचक्रको न्यास गर्नु। धनुषका अग्रभागमा ५ नक्षत्र राख्नु, बाणका अगाडि ५ मूलमा ५, प्रथम संधिमा ५, द्वितीय संधिमा ५ र दण्डमा २ नक्षत्र राख्नु ॥८३॥

फल— अग्र भागमा परे हानि, बाणका अग्रमा परे लाभ, मूलमा परे जयप्राप्ति, दुवै सन्धिमा परे शूरता, दण्डमा परे भङ्ग हुन्छ ।

* धनुश्चक्रन्यासः *

| चापाग्र | बाणाग्र | मूल | प्रथमसंधि | द्वितीयसंधि | दण्ड | अंग |
|---|---|---|---|---|---|---|
| ५ | ५ | ५ | ५ | ५ | २ | नक्षत्र |
| हानि | लाभ | जय | शूरता | शूरता | भंग | फल |

* धनुर्विद्यामुहूर्त्तः *

अनुराधामघापुष्यमृगशीर्षेऽष्टमीतिथौ ।
धनुर्विद्यादिकं कार्यं द्वादश्यां शुभवासरे ॥८४॥

* कोल्हुचक्रम् *

सूर्यनक्षत्रमारभ्य गणयेद्दिनभावधिम् ।
त्रयं मूलेऽधरे पञ्च दक्षे पञ्च विधीयते ॥८८॥
शीर्षे त्रयं त्रयं शैले शेषं कर्तरि ह्युच्यते ।
शुभं मूलेऽधरे धान्यं दक्षे पीडा विधीयते ॥८९॥
शीर्षे नाशश्च शैले च चर्चरा कर्तरी तथा ॥९०॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र तेल पेल्ने कोलचक्रको विचार गर्नू। ३ नक्षत्र मूलमा राख्नु, ५ नक्षत्र दक्षिण अधरमा, ५ वाम अधरमा, ३ नक्षत्र शीर्षमा, फेरि ३ नक्षत्र शैलमा र बाँकी ८ नक्षत्र उसका कर्तरी भागमा राख्नू ।

फल—मूलमा परे शुभ हुन्छ, अधरमा परे धान्यवृद्धि, दक्षिणमा परे पीड़ा, शीर्षमा परे नाश गर्ने जान्नु, कर्तरीमा पऱ्यो भने चर्चराहट ( चट्‌चट् गर्ने ) जान्नु ॥ ८८–९० ॥

* कोल्हुचक्रन्यासः *

| मूल | अधर | दक्षिण | शीर्ष | शैल | कर्तरी | स्थान |
|---|---|---|---|---|---|---|
| ३ | ५ | ५ | ३ | ३ | ८ | नक्षत्र |
| शुभ | धान्य | पीड़ा | नाश | नाश | चर्चराहट | फल |

* चुल्लिचक्रम् *

सूर्यभाद्वेदनाशाय वेदसंख्या सुखाय च ।
रससंख्या च दारिद्य्रं वेदसंख्या पुनः सुखम् ॥९१॥
बाणसंख्या स्त्रिया नाशः पुत्रलाभश्च शेषके ।
चुल्लिचक्रं प्रवक्ष्यामि यथोक्तं गर्गभाषितम् ॥९२॥

सूर्यका नक्षत्रदेखि दिन नक्षत्रसम्म गनेर चुल्ली चक्रको विचार

* कोल्हचक्रम् *

सूर्यनक्षत्रमारभ्य गणयेद्दिनभावधिम् ।
त्रयं मूलेऽधरे पञ्च दक्षे पञ्च विधीयते ॥८८॥
शीर्षे त्रयं त्रयं शैले शेषं कर्तरि ह्युच्यते ।
शुभं मूलेऽधरे धान्यं दक्षे पीडा विधीयते ॥८९॥
शीर्षे नाशश्च शैले च चर्चरा कर्तरी तथा ॥९०॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र तेल पेल्ने कोलचक्रको विचार गर्नू। ३ नक्षत्र मूलमा राख्नु, ५ नक्षत्र दक्षिण अधरमा, ५ वाम अधरमा, ३ नक्षत्र शीर्षमा, फेरि ३ नक्षत्र शैलमा र बाँकी ८ नक्षत्र उसका कर्तरी भागमा राख्नू।

फल—मूलमा परे शुभ हुन्छ, अधरमा परे धान्यवृद्धि, दक्षिणमा परे पीड़ा, शीर्षमा परे नाश गर्ने जान्नु, कर्तरीमा पऱ्यो भने चर्चराहट ( चट्‌चट्‌ गर्ने ) जान्नु ॥ ८८–९० ॥

* कोल्हुचक्रन्यासः *

| मूल | अधर | दक्षिण | शीर्ष | शैल | कर्तरी | स्थान |
|---|---|---|---|---|---|---|
| ३ | ५ | ५ | ३ | ३ | ८ | नक्षत्र |
| शुभ | धान्य | पीड़ा | नाश | नाश | चर्चराहट | फल |

* चुल्लिचक्रम् *

सूर्यभाद्वेदनाशाय वेदसंख्या सुखाय च ।
रससंख्या च दारिद्र्यं वेदसंख्या पुनः सुखम् ॥९१॥
बाणसंख्या स्त्रिया नाशः पुत्रलाभश्च शेषके ।
चुल्लिचक्रं प्रवक्ष्यामि यथोक्तं गर्गभाषितम् ॥९२॥

सूर्यका नक्षत्रदेखि दिन नक्षत्रसम्म गनेर चुल्ली चक्रको विचार

गर्नु । प्रथम ४ नक्षत्र नाशप्रद हुन्छ । फेरि ४ नक्षत्र सुखप्रद, फेरि ६ नक्षत्र दारिद्र्यप्रद, फेरि ४ नक्षत्र सुखकारक, फेरि ५ नक्षत्र स्त्रीनाशक र शेष ४ नक्षत्र पुत्रलाभ कारक जान्नू ॥ ९१–९२ ॥

* चुल्लिचक्रन्यासः *

| ४ | ४ | ६ | ४ | ५ | ४ | नक्षत्र |
|---|---|---|---|---|---|---|
| नाश | सुख | दारिद्र्य | सुख | स्त्रीनाश | पुत्रलाभ | फल |

* रथकर्ममुहूर्तः *

रथकर्मशुभं क्षिप्रमृदुब्राह्मेन्द्रभैश्चरैः ।
सौम्योदयो शुभे वारे रविवारे विशेषतः ॥ ८३ ॥

क्षिप्रसंज्ञक नक्षत्र र मृदुसंज्ञक, रोहिणी ज्येष्ठा र फेरि चर संज्ञक नक्षत्रमा र शुभ ग्रहका लग्नमा रविवार सहित शुभ वारमा रथकर्म ( रथ बनाउन आरम्भ गर्नु ) शुभ हुन्छ ॥ ९३ ॥

* खट्वाचक्रम् *

सूर्यभाच्चन्द्रभं गण्यं खट्वाचक्रं विचारयेत् ।
मस्तके वेदशुभदं कोणयोरष्ट मृत्युदम् ॥ ८४ ॥
शाखामष्ट शुभो नित्यं मध्ये त्रीणि शुभप्रदम् ।
पादयोर्वेदनक्षत्रे हानिमृत्युमहद्भयम् ॥ ९५ ॥
खट्वायां सर्वमासेषु पञ्च पक्षं विवर्जयेत् ।
कन्यार्थां प्रथमे पक्षे धनुर्मीनं तथैव च ॥ ८६ ॥

सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म गनेर खट्वा (खाट) चक्रको विचार गर्नु । खट्वा चक्र बनाउने शयन चक्रबाट सम्झनु, सो यस्ता प्रकारबाट, मस्तकमा ४ नक्षत्र राख्नु त्यसको फल शुभकारक हुन्छ । अग्निकोणमा ८ नक्षत्र स्थापना गर्नु, त्यसको फल मृत्यु-

कारक हुन्छ। शाखामा ८ नक्षत्र स्थापना गर्नु त्यसको फल शुभद जान्नु। मध्यमा ३ नक्षत्र स्थापना गर्नु त्यसको फल शुभप्रद हुन्छ। पादमा ४ नक्षत्र स्थापना गर्नु, त्यसको फल मृत्युकारक र महाभय कारक जान्नू। खाट बनाउनलाई सबै महीनामा पाँच पक्ष अशुभ हुन्छ। पैल्हाकन्या संक्रांतिको १४ अंश र धन, मीनको संक्रांति वर्जित गर्नु।

* खट्वाचक्रन्यासः २७ *

| मस्तक | कोण | शाखा | मध्य | पाद | अङ्ग |
|---|---|---|---|---|---|
| ४ | ८ | ८ | ३ | ४ | नक्षत्र |
| शुभद | मृत्युद | शुभ | शुभप्रद | हानि मृत्यु महाभय | फल |

* खट्वामुहूर्तः *

रोहिणी चोत्तरा ज्ञेया हस्तपुष्यपुनर्वसुः।
अनुराधाश्विनी शस्ता खट्वानिर्माणकर्मणि ॥९७॥
शुभे योगे शुभे वारे विदध्यात्खट्वकां नरः।
मृता शौचे तथा हेया रिक्तायां विष्टिवैधृतौ ॥९८॥
पितृपक्षे श्रावणे च भाद्रे मास्यशुभेऽहनि।
वर्जयेद्भौममन्दे च खट्वानिर्माणकं सदा ॥ ९९ ॥

रोहिणी, तीनै उत्तरा, हस्त, पुष्य, पुनर्वसु, अनुराधा, अश्विनी यी नक्षत्रमा खाट बनाउनु शुभ हुन्छ, मनुष्यले शुभयोग र शुभ वार विचारी खाटमा शयन गर्नू। अनि मृत्यु सूतक, रिक्तातिथि, अमावास्या, भद्रा, वैधृति, श्राद्धपक्ष, श्रावण, भाद्रमास फेरि अशुभ दिन अर्थात् जुनदिनमा कोई उत्पात भयो, त्यो दिन पनि वर्जित हुन्छ, मङ्गल र शनैश्चरवार खाट बनाउन वर्जित छ ॥ ९७–९९ ॥

* शस्त्राभ्यासमुहूर्तः *

हस्तत्रये श्रुतौ दास्रे तुष्येऽदित्युत्तरासु च ।
सुदिने सर्वशास्त्राणामभ्यासः सद्बुधं विना ॥१००॥

हस्त, चित्रा, स्वाती, श्रवण, अश्विनी, पुष्य, पुनर्वसु, तीनै उत्तरा, शुभदिन अर्थात् चन्द्र, बृहस्पति, शुक्र यी वारमा शस्त्र सिक्ने मुहूर्त शुभ हुन्छ । बुधवार वर्जित गर्नू ॥ १०० ॥

* सेतुबन्धनमुहूर्तः *

ध्रुवर्क्षे स्वातिभे सौम्ये स्थिरलग्ने शुभे सिते ।
सेतूनां बन्धनं कार्यं जीवमन्दार्कवासरे ॥१०१॥

ध्रुवसंज्ञक, स्वाती, मृगशिरा यी नक्षत्र पुल बाँध्नमा शुभ हुन्छन् । स्थिर लग्न शुभ हुन्छ । शुक्लपक्ष, बृहस्पति, शनैश्चर रविवार शुभ हुन्छ । कुनै कुनै आचार्यका मतले भूमिसुप्त, पाताल, चन्द्रमा र राहु पनि विचार गर्नु पर्छ भनेका छन्, त्यो अगाड़ि लेखिन्छ ॥१०१॥

* भूमिसुप्तज्ञानम् *

प्रद्योतनात्पञ्चनगाङ्कसूर्य-
नवेन्दुषट्विंशमितानि भानि ।
शेते मही नैव गृहं विधेयं
तडागवापीखननं न शस्तम् ॥१०२॥

सूर्यका नक्षत्रदेखि पाँच, सात, छ, बाह्र, उन्नाइस, छब्बीस यति नक्षत्र चन्द्रनक्षत्रसम्म भएमा भूमिसुप्त जान्नू । उसमा पुल बाँध्नू, पृथिवी खन्नु खेती तथा गृहारम्भ, तलाउ खन्नु शुभ हुँदैन ॥ १०२ ॥

* चन्द्रलोकवासज्ञानम् *

तिथिं पञ्चगुणीकृत्य एकेन च समन्विताम् ।
त्रिभिश्चैव हरेद्भागं शेषं चन्द्रं विचारयेत् ॥१०३॥

एकेन वसते स्वर्गे द्विके पातालमेव च ।
तृतीये वसते मृत्युः सर्वकर्माणि साधयेत ॥१०४॥
पातालस्थो यदा चन्द्रः षट्कर्माणि विवर्जयेत् ।
गृहहोमकृषीयात्रातडागकूपकर्मकम् ॥१०५॥

वर्तमान तिथिलाई ५ ले गुणा गरेर उसमा १ जोडिदिनु र ३ को भाग दिनु जति शेष रहन्छ त्यै चन्द्रलोक वास जान्नू । १ रह्यो भने चन्द्रमाको वास स्वर्गमा जान्नु, २ रहे पातालमा, ० रहे मृत्युलोकमा, चन्द्रमाको वास जान्नु यसमा सर्वकार्यको साधन गर्नु योग्य हुन्छ । पातालमा चन्द्रमाको वास भए गृहारम्भ, होम गर्नु खेतीको कार्य, यात्रा, तलाउ, कुवा खन्नु यति काम वर्जित छ ।

जस्तैः—सप्तमीका दिन चन्द्रमा वास हेर्नु परे ७ लाई ५ ले गुणा गर्दा ३५ भयो १ जोड्दा ३६ भयो ३ ले भाग दिंदा ० रह्यो । यस दिन चन्द्रमाको वास मृत्युलोकमा रहेछ । यसै प्रकारले सम्पूर्ण जान्नू ॥ १०३–१०५ ॥

❀ राहुवासज्ञानम् ❀

देवालये गेहविधौ जलाशये
राहोर्मुखं शम्भुदिशो विलोमतः ।
मीनार्कसिंहार्कमृगार्कतस्त्रिभे
खाते मुखात्पृष्ठविदिक् शुभा भवेत् ॥१०६॥

देवालय, गृहारम्भ र जलाशयमा राहुको मुख विचार गर्नुपर्छ । क्रमैले ईशान दिशादेखि विलोम हुन्छ, त्यसको क्रम लेखिन्छ । देवालयमा मीनका सूर्यदेखि ३।३ राशिगनु । ईशान, वायव्य, नैर्ऋत्य, आग्नेय यी दिशामा राहुको मुख जान्नू । अनि गृहारम्भमा सिंहराशिका सूर्यदेखि ३।३ राशि चारै विदिशामा राहुको मुख

जान्नु । जलाशयमा मकरका सूर्यदेखि ३।३ राशि गनेर चारै विदिशामा राहु-मुख जान्नु । जुन दिशामा राहुको मुख हुन्छ त्यसको पृष्ठ अर्थात् पछाड़िको भागमा खात हुन्छ, उसै दिशामा आरम्भ गर्नु शुभ हुन्छ अर्थात् उसै दिशादेखि खन्नु पर्छ ॥

जस्तैः—ईशानमा राहुको मुख भए पृष्ठ आग्नेय दिशामा हुन्छ । वायव्यमा राहुको मुख भए पृष्ठ ईशानमा हुन्छ । नैर्ऋत्यमा राहुको मुख भए वायव्यमा पृष्ठ हुन्छ । आग्नेयकोणमा राहुको मुख भए नैर्ऋत्य कोणमा पृष्ठ हुन्छ ॥ १०६ ॥

* राहुमुखचक्रम् *

| | ईशान | वायव्य | नैर्ऋत्य | आग्नेय | दिशा |
|---|---|---|---|---|---|
| देवालये | मीन-मेष वृष | मिथुन-कर्क सिंह | कन्या-तुला वृश्चिक | धन-मकर कुम्भ | सूर्यराशि |
| गृहारम्भे | सिंह-कन्या तुला | वृश्चिक धन-मकर | कुम्भ-मीन मेष | वृष-मिथुन कर्क | सूर्यराशि |
| जलाशये | मकर-कुंभ मीन | मेष-वृष मिथुन | कर्क-सिंह कन्या | तुला-वृश्चिक धन | सूर्यराशि |

* कूपचक्रं सूर्यभात् *

कूपेऽर्कभान्मध्यगतैस्त्रिभिर्भैः
स्वादूदकं पूर्वदिशि त्रिभिस्त्रिभिः ।
खण्डं जलं स्वादुजलं जलक्षयं—
स्वादूदकं क्षारजलं शिलाश्च ॥१०७॥
मिष्टं जलं क्षारजलं क्रमाद् भवेद्
वै सूर्यभात्त्रित्रिमितैः फलं वदेत् ॥१०८॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म, कूपचक्र गन्नु । मध्यमा

३ नक्षत्र दिनु त्यसको फल स्वादिष्ट जल हुन्छ। पूर्वादि आठदिशामा ३।३ नक्षत्र दिनु, त्यसको फल लेखिन्छ। पूर्वमा परे खण्डित जल हुन्छ। आग्नेयमा परे स्वादिष्ट जल हुन्छ। दक्षिणमा परे जल क्षय हुन्छ अर्थात् पानी आउन्न। नैर्ऋत्यमा परे स्वादु जल हुन्छ। पश्चिममा परे खारो जल हुन्छ। वायव्यमा परे शिला ( ढुङ्गो ) निक्लन्छ। उत्तरमा परे मीठो जल हुन्छ। ईशानमा खारो जल हुन्छ। यस्तै प्रकारले सूर्यका नक्षत्रदेखि ३।३ नक्षत्रको फल जान्नु ॥ १०८ ॥

❀ कूपचक्रन्यासः ❀




❀ द्वितीयप्रकारेण कूपचक्रम् ❀

रोहिण्यादि लिखेच्चक्रं त्रयं मध्ये प्रतिष्ठितम्।
पूर्वादिदिक्षु सर्वासु सृष्टिमार्गेण दीयते ॥१०९॥
मध्ये शीघ्रजलं स्वादु पूर्वे भूमिश्च खण्डिता।
आग्नेय्यां सुजलं प्रोक्तं दक्षिणे निर्जलं तथा ॥११०॥
नैर्ऋत्ये चामृतं वारि पश्चिमे शोभनं जलम्।
वायव्येऽपि जलं हन्ति चोत्तरे स्वादुकं जलम् ॥१११॥
ईशाने कटुकक्षारं ह्यल्पतीक्ष्णस्य सम्भवः ॥११२॥

रोहिणी देखि लियेर दिनका नक्षत्र सम्म कूप चक्र गर्नू। मध्यमा ३ नक्षत्र स्थापना गर्नू, अनि पूर्वादि आठ दिशामा ३।३ नक्षत्र

छिन्। त्यसको फल लेखिन्छ। मध्यमा परे शीघ्र स्वादुजल निक्लन्छ, पूर्वको अग्गामा भासिने अर्थात् खण्डित हुनेछ। आग्नेयमा राम्रो जल, आउनेछ, दक्षिणमा निर्जल, नैर्ऋत्यमा मधुरजल, पश्चिममा शोभनजल, वायव्यमा निर्जल, उत्तरमा मधुरजल, ईशानमा खारो जल हुन्छ, त्यो पनि थोरै र काम नलाग्ने हुन्छ ॥ १०९–११२ ॥

* कूपचक्रन्यासः *

| | | | | |
|---|---|---|---|---|
| | ई. अ. ३. | पू. अ. ३. | आ. शु. ३. | |
| उ. शु. ३. | | मध्य ३ शुभ | | ३ अ. द. |
| | ३ अ. वा. | ३ शु. प. | ३ शु. नै. | |

* तृतीयप्रकारेण भौमभात्कूपचक्रम् *

शशिशराब्धित्रिद्व्यब्धिगुणाब्धये
वधजलेषु ससिद्धिरभङ्गदम् ।
रुजमसिद्धियशोऽर्थप्रसिद्धये
जलविभङ्गकरः कुजभादिषु ॥११३॥

मङ्गलका नक्षत्रदेखि दिनका नक्षत्रसम्म कूपचक्र विचार्नू। प्रथम १ मा परे अशुभ जान्नू। फेरि ५ मा शुभफल जान्नू, फेरि ४ मा शुभ जान्नू। फेरि ३ मा रोग हुन्छ। फेरि ३ मा अशुभ जान्नू। फेरि ४ मा यश हुने जान्नू। फेरि ३ मा अर्थ सिद्धि जान्नू। फेरि ४ मा जलभङ्ग हुने जान्नू ॥ ११३ ॥

* भौमभात्कूपचक्रन्यासः *

| १ | ५ | ४ | ३ | ३ | ४ | ३ | ४ | नक्षत्र |
|---|---|---|---|---|---|---|---|---|
| अशुभ | शुभ | शुभ | रोग | अशुभ | यश | अर्थसिद्धि | अंगभङ्ग | फल |

* चतुर्थप्रकारेण कूपचक्रं राहुभात् *

राहुस्थभात्त्रयं पूर्वे त्रयमाग्नेयतः क्रमात् ।
मध्ये चत्वारि तारान्ते फल वाच्यं शुभाशुभम् ॥११४॥
पूर्वे शोककरं राहुराग्नेय्यां जलदःसदा ।
दक्षिणे स्वामिमरणं नैर्ऋत्यां दुःखदायकम् ॥११५॥
पश्चिमे सुखसौभाग्यं वायव्ये जलवर्द्धनम् ।
उत्तरे निर्जलं विद्यादीश्वरे जलसिद्धिदम् ॥११६॥
मध्ये च सजलं वाच्यं नान्यथा रुद्रभाषितम् ।
कूपचक्रं प्रवक्ष्यामि विज्ञेयं सर्वदा बुधैः ॥११७॥

राहुका नक्षत्रदेखि दिनका नक्षत्रसम्म कूपनक्षत्र विचार गर्नू। प्रथम ३ नक्षत्र कूपका पूर्वदिशामा दिनु, अरु ३ नक्षत्र आग्नेय आदि दिशामा स्थापन गर्नु र बाँकी पछाडिका चार ४ नक्षत्र मध्यमा स्थापन गर्नू। त्यसको फल पूर्वमा राहु परेमा शोक गर्दछ, आग्नेयमा जल संपदा हुन्छ। दक्षिणमा स्वामीको मरण हुन्छ। नैर्ऋत्यमा दुःख प्राप्ति हुन्छ। पश्चिममा सुखसौभाग्य हुन्छ। वायव्यमा जलको वृद्धि हुन्छ। उत्तरमा निर्जल हुन्छ। ईशानमा जलसिद्धि हुन्छ। मध्यमा पर्‍यो भने जल निक्लन्छ। यसमा अन्यथा वचन हुँदैन। श्रीमहादेवजी आज्ञा गर्नु हुन्छ कि आफ्नैरूपले राहु सदा फल दिन्छ। पृथ्वीमा यो कूपचक्र जो कहियो यसैबाट पण्डितहरूले सबै विचार गरुन् ॥ ११७ ॥

* राहुभात्कूपचक्रन्यासः *

| पू० | आ० | द० | नै० | प० | वा० | उ० | ई० | मध्य | दिशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ४ | नक्षत्र |
| अ० | शु० | अ० | अ० | शु० | शु० | अ० | शु० | शुभ | फल |

* कूपमुहूर्त्तः *

हस्तात्तिस्रो वासवं वारुणं च
मित्रं पित्र्यं त्रीणि चैवोत्तराणि ।
प्राजापत्यं चापि नक्षत्रमाहुः
कूपारम्भे श्रेष्ठमाद्या मुनीन्द्राः॥११८॥

हस्त, चित्रा, स्वाती, धनिष्ठा, शतभिषा, अनुराधा, मघा, तीनै उत्तरा, रोहिणी यी नक्षत्रमा कुवा खन्ने मुहूर्त शुभ हुन्छ, यस्तो मुनीन्द्र भन्दछन् ॥ ११८ ॥

* गृहमध्ये कूपदिशाफलम् *

कूपे वास्तोर्मध्यदेशेऽर्थनाश-
स्त्वीशानादौ पुष्टिरैश्वर्यवृद्धिः ।
सूनोर्नाशः स्त्रीविनाशो मृतिश्च
संपत्पीडा शत्रुतः स्याच्च सौख्यम् ॥११९॥

घरका मध्य भागमा कुवा खनेमा अर्थ नाश ईशानमा पुष्टता, पूर्वमा ऐश्वर्यवृद्धि, आग्नेयमा पुत्र नाश, दक्षिणमा स्त्रीविनाश, नैर्ऋत्यमा गृहपतिको मृत्यु, पश्चिममा सम्पदा, वायव्यमा शत्रुपीडा, उत्तरमा सुखप्राप्ति हुन्छ ॥ २० ॥

* तडागचक्रम् *

तडागे च प्रवक्ष्यामि यदुक्तं ब्रह्मयामले ।
सूर्यभाच्चन्द्रभं यावद्गणयेत्सततं बुधैः ॥१२०॥
दिक्षु ताराद्वये यस्य मध्ये पञ्च नियोजयेत् ।
षड्ऋक्षे वारिवाहे च फलं तत्र विचारयेत् ॥१२१॥
पूर्वे तु बहुशोकश्च आग्नेय्यां सजलं बहु ।
दक्षिणे वारिनाशश्च नैर्ऋत्ये चामृतं जलम् ॥१२२॥

पश्चिमे च जलं स्वादु वायव्ये वारिशोषणम् ।
उत्तरे च स्थितं तोयमीशाने कुत्सितं जलम् ॥१२३॥
मध्ये छिद्रजलं याति वारिवाहेऽतिपूर्णता ॥१२४॥

सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म गन्नु र तलाउ चक्रको स्थापना गर्नु। पूर्वादि आठै दिशामा २।२ नक्षत्र स्थापना गर्नु, मध्यमा ५ नक्षत्र स्थापना गर्नु, अरु बाँकी ६ नक्षत्र जलस्थमा दिनु र उसको फल विचार गर्नु। त्यसको फल लेखिन्छ, पूर्वदिशामा पऱ्यो भने घेरै शोक हुन्छ। आग्नेयमा घेरै जल, दक्षिणमा जल नाश, नैर्ऋत्यमा मधुर जल, पश्चिममा स्वादिष्ट जल हुन्छ, वायव्यमा जल सुक्छ, उत्तरमा जलस्थित हुन्छ, ईशानमा खारो जल हुन्छ, मध्यमा परे छिद्रजल ( खण्डित जल ) हुन्छ, जलस्थलमा परे पूर्णजल हुन्छ। यो चक्र ब्रह्मयामलमा कहेको छ ॥ १२०–१२४ ॥

* तडागचक्रन्यासः सूर्यभात् *

| पूर्व | आ० | द० | नै० | प० | वा० | उ० | ई० | मध्य | वारि. | स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | २ | २ | २ | २ | २ | २ | २ | ५ | ६ | नक्षत्र |
| अतिशोक | अतिजल | जलनाश | अमृतजल | स्वादुजल | जलशोष | कुत्सितजल | जलस्थिति | छिद्रजल | पूर्णजल | फल |

* तडागमुहूर्तः *

ध्रुवं वसु जलं पुष्यो नैर्ऋतं मैत्रसंज्ञकम् ।
नक्षत्रं शुभदं ज्ञेयं तडागे सर्वदा बुधैः ॥१२५॥

ध्रुवसंज्ञक, धनिष्ठा, पूर्वाषाढ़ा, पुष्य, मूल, मैत्रसंज्ञक यी नक्षत्रमा तलाउ खन आरम्भ गर्नु शुभ हुन्छ ॥ १२५ ॥

* जलाशयमुहूर्तः *

अनुराधामघाहस्तरेवतीषूत्तरात्रये ।
रोहिणीयुगले पुष्ये धनिष्ठाद्वितये तथा ॥१२६॥
पूर्वाषाढाभिधेनैव शुभे मासि शुभे दिने ।
वापीकूपतडागानामारम्भः कथितो बुधैः ॥१२७॥

अनुराधा, मघा, हस्त, रेवती, तीनै उत्तरा, रोहिणी, मृगशिरा, पुष्य, धनिष्ठा, शतभिषा, पूर्वाषाढ़ा यी नक्षत्र र शुभ मास अनि शुभ दिनमा बावली, कुवा, तलाउ खनाउनु शुभ हुन्छ ॥ १२७ ॥

* वापीमुहूर्तः *

स्वात्यश्विपुष्यहस्तेषु मैत्रे चैव पुनर्वसौ ।
रेवत्यां वारुणे चैव वापीकर्म प्रशस्यते ॥१२८॥

स्वाती, अश्विनी, पुष्य, हस्त, अनुराधा, पुनर्वसु, रेवती, शतभिषा यी नक्षत्रमा बावलीको कार्य शुभ हुन्छ ॥ १२८ ॥

* कार्यभेदेन जन्म-नामराशिनिर्णयः *

देशे ग्रामे गृहे युद्धे सेवायां व्यवहारके ।
नामराशेः प्रधानत्वं जन्मराशेरतः परम् ॥१२९॥

देशको कार्य, ग्रामको कार्य, गृहको कार्य, युद्धकार्य, नोकरी ( चाकरी ) गर्नु, व्यवहार गर्नु यी कार्यमा नामराशि प्रधान हुन्छ । बाँकी अरू जो जो कार्य छन् ती सब कार्य जन्मराशिबाट विचार गर्नु उचित हुन्छ ॥ १२९ ॥

* दीक्षाग्रहणमुहूर्तः *

आर्द्राचित्रात्र्युत्तरे रेवतीन्दु-
ब्राह्मे मित्रे वा धनिष्ठासु दीक्षा ।

आद्रा मार्गे फाल्गुने श्रावणोर्जे
माघे वारे मन्दमाहेयहीने ॥१३०॥

आर्द्रा, चित्रा, तीनै उत्तरा, रेवती, मृगशिरा, रोहिणी, अनुराधा, धनिष्ठा यी नक्षत्रमा दीक्षा लिनु शुभ हुन्छ, तथा मार्गशीर्ष, फाल्गुन, श्रावण, कार्त्तिक, माघ यी महीना शुभ हुन्छन्, शनि, मंगलवार वर्जित गर्नु ॥ १३० ॥

* द्वितीयप्रकारेण दीक्षामासफलम् *

मन्त्रस्वीकरणं चैत्रे बहुदुःखफलप्रदम् ।
वैशाखे रत्नलाभश्च ज्येष्ठे च मरणं ध्रुवम् ॥१३१॥
आषाढे बन्धुनाशः स्याच्छ्रावणे च शुभावहम् ।
प्रजाहानिर्भाद्रपदे सर्वत्र सुखमाश्विने ॥१३२॥
कार्तिके धनवृद्धिः स्यान्मार्गशीर्षे शुभप्रदम् ।
पौषे तु ज्ञानहानिः स्यान्माघे मेधाविवर्द्धनम्॥१३३॥
फाल्गुने सुखसौभाग्यं सर्वत्र परिकीर्त्तितम् ॥१३४॥

चैत्र मासमा दीक्षा लियो भने अत्यन्त दुःख प्राप्त हुन्छ। वैशाखमा दीक्षा ग्रहण गर्नाले रत्न लाभ, ज्येष्ठ मासमा मरण, अषाढ़मा बन्धुनाश, श्रावणमा शुभप्रद, भाद्रपदमा पुत्रहानि, आश्विनमा सर्वसुख, कार्तिकमा धन वृद्धि, मार्गशीर्षमा शुभदायक, पौषमा ज्ञानहानि, माघमा ज्ञान वृद्धि र फाल्गुनमा दीक्षा ग्रहण गर्दा सुख सौभाग्य प्राप्त हुन्छ ॥१३१-१३४॥

* तैलाभ्यङ्गमुहूर्तफलम् *

तैलाभ्यङ्गे रवौ तापः सोमे शोभा कुजे मृतिः ।
बुधे धनं गुरौ हानिः शुक्रे दुःखं शनौ सुखम् ॥१३५॥

आइतवार तेल मालिस गर्दा ज्वर आउँछ, सोमवार शोभा, मङ्गलवार मृत्यु, बुधवार धनप्राप्ति, बृहस्पतिवार धनहानि, शुक्रवारमा दुःख र शनिवार जिउमा तेल लगाउनाले सुख प्राप्ति हुन्छ ॥१३५॥

* तैलाभ्यङ्गपरिहारः *

रवौ पुष्पं गुरौ दूर्वा भौमवारे च मृत्तिका ।
शुक्रे तु गोमयं क्षिप्त्वा तैलदोषो न विद्यते ॥१३६॥

रविवार फूल मिलाएर तेल लाउँदा दोष लाग्दैन, मंगलवार माटो, बृहस्पतिवार दूर्वा ( दूबो ) र शुक्रवार गोबर मिलाएर तेल लाउँदा क्यै दोष लाग्दैन ॥१३६॥

* राज्याभिषेकमुहूर्तः *

राज्याभिषेकः शुभमुत्तरायणे
गुर्विन्दुशुक्रैरुदितैर्बलान्वितैः ।
भौमार्कलग्नेशदशेशजन्मपे-
र्नो चैत्ररिक्तारनिशामलिम्लुचे ॥१३७॥
शाक्रः श्रवः क्षिप्रमृदुध्रुवोडुभिः
शीर्षोदये चोपचये शुभस्तनौ ।
पापैस्त्रिषष्ठायगतैः शुभग्रहैः
केन्द्रत्रिकोणायधनत्रिसंस्थितैः ॥१३८॥
पापैस्तनौ रुङ् निधने मृतिसुते
पुत्रार्तिरर्थव्ययगैर्दरिद्रता ।
स्यात्खेऽलसो भ्रष्टपदो द्युनाम्बुगैः
सर्वं शुभं केन्द्रगतैः शुभग्रहैः ॥१३९॥

**गुरुर्लग्नकोणे कुजारौ सितः खे**
**स राजा सदा मोदते राजलक्ष्म्या ।**
**तृतीयायगौ सौरिसूर्यौ खबन्ध्वो-**
**र्गुरुश्चेद्धरित्री स्थिरा स्यान्नृपस्य ॥१४०॥**

राजगद्दी ( सिंहासन ) मा बस्ने मुहूर्त कहिन्छ । उत्तरायणका सूर्य हउन् । बृहस्पति, चन्द्रमा, शुक्र उदय हुन् , फेरि मङ्गल, सूर्य र जन्म-लग्नको स्वामी महादशा आदिका स्वामी अनि जन्मराशिको. स्वामी, यी ग्रह बली हउन् अर्थात् उच्चादि पदमा प्राप्त हउन् अथवा मित्रका घरमा हउन् वा आफ्नै घरमा हउन् , मित्रग्रहको दृष्टि भएमा बली जान्नु । चैत्रमास र रिक्ता तिथि वर्जित गर्नु । फेरि मङ्गलवार, रात्रिको समय अनि मलमास पनि वर्जित गर्नु । जेष्ठा, श्रवण, क्षिप्र-संज्ञक, मृदुसंज्ञक, ध्रुवसंज्ञक यी नक्षत्र शुभ हुन्छन् । फेरि शीर्षोदयी उपचय लग्न हउन् अर्थात् मिथुन, कन्या, तुला, वृश्चिक, कुम्भ यी लग्न शीर्षोदय कहिन्छन् । अब उपचय लग्न लेखिन्छ । जन्म लग्न-देखि र जन्मराशि देखि तेस्रो, छैठौं, दशौं, एकादशौंमा जो हुन्छ त्यसैलाई उपचय लग्न भन्दछन् । फेरि शुभ ग्रहहरूको लग्न हवस् , पापग्रह तेस्रो, छैठौं, एकादशौं स्थानमा हउन् । शुभ ग्रह केन्द्र १।४। ७।१० त्रिकोण ५।९ वा एकादश दोस्रो, तेस्रो स्थानमा हउन् । पाप-ग्रह लग्नमा परे राजालाई रोग हुन्छ । फेरि आठौं पाप ग्रह परे मृत्यु, पाँचौं पापग्रह भए दरिद्रता, दशौं पापग्रह भए अलसी, चौथो र सातौं पापग्रह भए ऐश्वर्य भ्रष्ट हुन्छ । फेरि शुभग्रह केन्द्रमा भए सम्पूर्ण शुभकारी हुन्छ । बृहस्पति लग्नमा वा त्रिकोण ९–५ मा भएर मङ्गल छैठौं होस् । फेरि शुक्र दशौं भए राजा सदा सर्वदा लक्ष्मी ( धन ) ले आनन्दित हुने जान्नू । तेस्रो शनि र एकादश सूर्य, दशौं चतुर्थ स्थानमा बृहस्पति भएका बेला राज्याभिषेक गर्दा राजाको पृथ्वी सदा स्थिर रहन्छ ॥१३७–१४०॥

* पशुक्रयविक्रयमुहूर्तः *

पूर्वामैत्रद्वयं मूल वासवे रेवती करः ।
पुनर्वसुद्वयं ग्राह्यं पशूनां क्रयविक्रये ॥१४१॥

तीनै पूर्वा, अनुराधा, ज्येष्ठा, मूल, धनिष्ठा, रेवती, हस्त, पुनर्वसु, पुष्य यी नक्षत्र पशु बेच्न र किन्न मा शुभ हुन्छन् ॥ १४१ ॥

* नृत्यारम्भमुहूर्तः *

हस्तात्तिस्रो वासवं चानुराधा
ज्येष्ठा पौष्णं वारुणं चोत्तरा च ।
पूर्वाचार्यैः कीर्तिताश्चन्द्रवर्ति-
नृत्यारम्भे शोभनस्त्वृक्षवर्गः ॥१४२॥

हस्त, चित्रा, स्वाती, धनिष्ठा, अनुराधा, ज्येष्ठा, रेवती, शतभिषा, तीनै उत्तरा यी नक्षत्रमा नृत्यारम्भ शुभ हुन्छ। परन्तु चन्द्रमा बली हुनुपर्छ भन्ने आचार्यहरूको वचन छ ॥१४२॥

* ऋणग्रहण ऋणदानमुहूर्तः *

स्वात्यादित्यमृदुद्विदैवगुरुभे कर्णत्रयाश्वे चरे
लग्ने धर्मसुताष्टशुद्धिसहिते द्रव्यप्रयोगः शुभः ।
नारे ग्राह्यमृणं तु संक्रमदिने वृद्धौ करेऽर्केऽह्नि य-
त्तद्वंशेषु भवेदृणं न च बुधे देयं कदाचिद्धनम् ॥१४३॥
तीक्ष्णमिश्रध्रुवोग्रैर्यद्द्रव्यं दत्तं निवेशितम् ।
प्रयुक्तश्च विनष्टश्च विष्ट्यां पाते च नाप्यते ॥१४४॥
ऋणग्राहकनक्षत्रं प्रथममृणदस्य भात् ।
द्वितीयमृणसंबन्धो न कर्तव्यः कदाचन ॥१४५॥

स्वाती, पुनर्वसु, मृदुसंज्ञक, विशाखा, पुष्य, श्रवण, धनिष्ठा,

शतभिषा र अश्विनी यी नक्षत्रमा फेरि चर लग्नमा ऋणग्रहण गर्नु शुभ हुन्छ। तर ऋण लिंदामा लग्नदेखि नवौं, पाँचौं, आठौं घरमा कोई ग्रह नहउन्, फेरि मङ्गलवार संक्रांति, वृद्धियोग, हस्त नक्षत्र र रविवार भए उसका वंशमा पनि रहन्छ। फेरि बुधवारमा ऋण दिनु वर्जित हुन्छ। तीक्ष्ण संज्ञक, मिश्र संज्ञक, ध्रुवसंज्ञक र उग्र संज्ञक नक्षत्रमा यदि कसैलाई दियो वा गाड्यो अथवा कसैलाई राख्न दियो भने वा हरायो भने फेरि त्यो धन पाइँदैन यै फल भद्रामा र पातमा पनि जान्नु। यदि ऋणीका नक्षत्रदेखि धनीको नक्षत्र दोस्रो भयो भने ऋण कैल्है पनि नलिनू ॥४३-४५॥

* हलप्रवाहमुहूर्तः *

मूलद्वीशमघाचरध्रुवमृदुक्षिप्रैर्विनार्कं शनिं
पापैर्हीनबलैर्विधौ जललवे शुक्रे विधौ मांसले।
लग्ने देवगुरौ हलप्रवहणं शस्तं न सिंहे घटे
कर्काजैणघटे तनौ क्षयकरं रिक्तासु षष्ठ्यां तथा ॥१४६॥

मूल, विशाखा, मघा, चरसंज्ञक, ध्रुवसंज्ञक यी नक्षत्रमा हल-प्रवाह शुभ हुन्छ। रविवार र शनिवार वर्जित गर्नु। फेरि पापग्रह बलले रहित हउन्, चन्द्रमा जल राशिका नवांशमा हउन् अर्थात् मकर, कुम्भ, मीन, कर्कट यी जलराशि कहिन्छन् नवांशको क्रम अगाडि लेखिन्छ। शुक्र चन्द्रमा बलवान् हउन् उच्चादि राशिमा वा लग्नमा गुरु हउन् फेरि सिंह, कुम्भ, कर्क, मेष, मकर र तुला यी लग्न वर्जित गर्नु, यिनले नष्ट गर्दछन्। फेरि रिक्ता ४-९-१४ र षष्ठी यी तिथि पनि क्षयकारकै जान्नु ॥१४६॥

* हलचक्रन्यास *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ३ | ५ | ३ | ५ | ३ | २ | नक्षत्र |
| हानि | वृद्धि | हानि | वृद्धि | हानि | वृद्धि | हानि | वृद्धि | फल |

* बीजोप्तिमुहूर्तस्तथा बीजोप्तिचक्रं तथा हलचक्रम् *

एष्वेव श्रुतिवारुणादितिविशाखोडूनि भौमं विना
बीजोप्तिर्गदिता शुभा त्वशुभतोष्टाग्नीन्दुरामेन्दवः ॥
रामेन्द्वग्नियुगान्यसञ्छुभकराण्युप्तौ हलेऽर्कोज्झिता-
द्भाद्रामाष्टनवाष्टमानि मुनिभिः प्रोक्तान्यसत्सन्ति च ॥

पैल्हे हलप्रवाहमा जो नक्षत्रादि कहिएको छ उसमा बिउ छर्ने काम पनि गर्नु शुभ हुन्छ, तर श्रवण, शतभिषा, पुनर्वसु र विशाखा यि नक्षत्रमा बिउ छर्न वर्जित गर्नु असल हुन्छ। फेरि मङ्गलवार पनि वर्जित हुन्छ, बाँकी सबै तिथि वारादिहरू हलप्रवाहवत् जान्नू ॥

अब बीजोप्ति ( बीऊ रोप्ने ) चक्र लेखिन्छ।

राहुले भोगगरेका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र विचार गर्नु। प्रथम ८ नक्षत्र अशुभ हुन्छ। फेरि ३ नक्षत्र शुभ हुन्छ। फेरि १ नक्षत्र अशुभ हुन्छ। फेरि ३ नक्षत्र शुभ हुन्छ। फेरि १ नक्षत्र अशुभ हुन्छ फेरि ३ नक्षत्र शुभ हुन्छ। फेरि १ अशुभ ३ शुभ हुन्छ। पछि अन्त्यका ४ नक्षत्र अशुभ हुन्छन् यसै प्रकारले बीजोप्ति चक्र जान्नू ॥१४७॥

* राहुभाद्बीजोप्तिचक्रन्यासः *

| ८ | ३ | १ | ३ | १ | ३ | १ | ३ | ४ | नक्षत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| अ. | शु. | अ. | शु. | अ. | शु. | अ. | शु. | अ. | फल |

* धान्यछेदमुहूर्तः *

तीक्ष्णाजपादकरवह्निवसुश्रुतीन्दु-
स्वातीमघोत्तरजलान्तकतक्षपुष्ये।
मन्दाररिक्तरहिते दिवसेऽतिशस्ता
धान्यच्छिदा निगदिता स्थिरभे विलग्ने ॥१४८॥

तीक्ष्णसंज्ञक नक्षत्र फेरि पूर्वाभाद्रपद, हस्त, कृत्तिका, धनिष्ठा, श्रवण, मृगशिरा, स्वाती, मघा, तीनै उत्तरा, पूर्वाषाढ़ा, भरणी, चित्रा, अनि पुष्य यी नक्षत्र र स्थिर लग्न धान काट्नमा शुभ हुन्छ । परन्तु शनिवार, मङ्गलवार, अनि रिक्ता तिथि ( ४-९-१४ ) वर्जित गर्नु । अरू स्थिर लग्न शुभ हुन्छ ॥१४८॥

* धान्यस्थितिमुहूर्तः *

**पुनर्भे मृगशीर्षेऽन्त्ये ऽनुराधाश्रवणत्रये ।**
**हस्तत्रयेऽश्विनीपुष्ये रोहिण्यामुत्तरात्रये ॥**
**गुरौ शुक्रे रवीन्द्वोः सत्कोष्ठादौ धान्यरक्षणम् ॥१४९॥**

पुनर्वसु, मृगशिरा, रेवती, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषा, हस्त, चित्रा, स्वाती, अश्विनी, पुष्य, रोहिणी, तीनै उत्तरा यी नक्षत्रमा र गुरु, शुक्र, रविवार, सोमवार यी दिनमा कोष्ठ ( धनसार ढुकुटी ) मा धान राख्नु शुभ हुन्छ ॥१४९॥

* हवनचक्रम् *

**सूर्यभात्त्रित्रिभे चान्द्रे सूर्यविच्छुक्रपुङ्गवः ।**
**चन्द्रारेज्यागुशिखिनो नेष्टा होमाहुतिः खले ॥१५०॥**

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र होम चक्रको विचार गर्नू । ३।३ नक्षत्र सूर्यादि ग्रहका स्थापना गरेर उसको फल चक्रन्यास बाट संझनु । शुभग्रहको शुभ र क्रूर ग्रहको अशुभ फल हुन्छ ॥ १५० ॥

* हवनचक्रन्यासः *

| सू० | बु० | शु० | श० | च० | मं० | बृ० | रा० | के | ग्रह |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | नक्षत्र |
| अ० | शु० | शु० | अ० | शु० | अ० | शु० | अ० | अ० | फल |

* अग्निवासज्ञानम् *

सैका तिथिर्वारयुता कृताप्ता
शेषे गुणेऽभ्रे भुवि वह्निवासः ।
सौख्याय होमे शशियुग्मशेषे
प्राणार्थनाशौ दिविभूतले च ॥१५१॥

शुक्लपक्षका प्रतिपदादेखि गनेर जो तिथि हुन्छ, त्यसमा वारको संख्या ( रविवारदेखि शनिवार पर्यन्त गन्दा जति अङ्क हुन्छ ) जोड़ी दिनू। त्यसैमा अरू १ जोड़ी दिनू र ४ को भाग दिंदा जो शेष रहन्छ उसको अग्निवास जान्नू। ३।० बच्यो भने अग्निको वास पृथ्वीमा जान्नू, उसमा हवन गरे सुख प्राप्ति हुन्छ। १ बच्यो भने अग्निको वास आकाशमा जान्नू। उसको फल प्राण नाशक हुन्छ। २ बच्यो भने अग्निको वास पातालमा जान्नू उसको फल अर्थनाशक हुन्छ।

जस्तै—२०२७ माघ शुक्ल पूर्णिमायां बुधवासरे शुक्ल-प्रतिपदादेखि पूर्णिमासम्म गन्दा १५ भयो उसमा १ जोड़दा १६ भयो, बुधवारको संख्या ४ जोड़दा २० भयो यसमा ४ को भाग दिंदा शेष ० रह्यो अग्निको वास पृथ्वीमा भयो। यस दिनमा होमगर्दा सुख प्राप्ति हुन्छ।

कृष्णपक्षको उदाहरण—संवत् २०२७ चैत्रकृष्ण १४ गुरौ इष्टम्-यस दिन अग्निको वास विचार गर्नु छ, शुक्ल प्रतिपदाबाट कृष्ण १४ सम्म गन्दा २९ भयो अरू १ जोडदा ३० भयो गुरुवारको संख्या ५ जोडदा ३५ भयो ४ को भाग दिंदा ३ बच्यो। यस दिन पनि अग्निको वास पृथ्वी मानी जान्नु ॥ १५१ ॥

* नवान्नमुहूर्तः *

नवान्नं स्याच्चरक्षिप्रमृदुभे सत्तनौ शुभम् ।
विना नन्दाविषघटीमधुपौषार्किभूमिजान् ॥१५२॥

चरसंज्ञक, क्षिप्रसंज्ञक र मृदुसंज्ञक यी नक्षत्रमा फेरि शुभग्रहका लग्नमा नवान्नकर्म शुभ हुन्छ, परन्तु नन्दातिथि १।६।११ तथा विष-घटी, चैत्र र पौषमास अनि शनैश्चर, मङ्गलवार वर्जित गर्नु ॥ १५२ ॥

* घटीदोषमाह *

खरामतोऽन्त्यादितिवह्निपित्र्यभे
खवेदतः के रदतश्च सार्पभे
खबाणतोऽश्वे धृतितोऽर्यमाम्बुपे
कृतेर्भगत्वाष्ट्रभविश्वजीवभे ॥१५३॥
मनोद्विदैवानिलसौम्यशाक्रभे
कुपक्षतः शैवकरेष्टितोऽजभे ।
युगाश्वितो बुध्न्यभतोययाम्यभे
खचन्द्रतो मित्रभवासवश्रुतौ ॥१५४॥
मूलेऽङ्गबाणाद्विषनाडिकाः कृता
वर्ज्याःशुभेऽथो विषनाडिका ध्रुवाः ॥
निघ्ना भभोगेन खतर्कभाजिताः
स्फुटा भवेयुर्विषनाडिकास्तथा ॥१५५॥

विषघटीज्ञान

रेवती, पुनर्वसु, कृत्तिका, मघा, यी नक्षत्रमा ३० घटीका उपरान्तको ४ घड़ी, रोहिणीमा ४० घटीका पछि ४ घड़ी आश्लेषामा ३२ घडीका पछिको ४ घड़ी, अश्विनीमा ५० घटीका पछिको ४ घड़ी, उत्तराफाल्गुनी र शतभिषामा १८ घटिका पछिको ४ घड़ी, पूर्वाफाल्गुनी र चित्रा, उत्तराषाढ़ा पुष्य यी नक्षत्रमा २० घटीका ऊपरको चार घटी, विशाखा, स्वाती, मृगशिरा, ज्येष्ठा यी नक्षत्रमा

१४ घटीका पछिको ४ घटी, आर्द्रा र हस्त यी दुइमा २१ घटीका पछिको ४ घड़ी, पूर्वाभाद्रपदमा १५ घटीका पछिको ४ घड़ी उत्तरा-भाद्रपद, पूर्वाषाढ़ा भरणी यी नक्षत्रमा २४ घटीका उप्रान्तको ४ घड़ी, अनुराधा, धनिष्ठा, श्रवण यी नक्षत्रमा २० घटीका पछिको ४ घड़ी, मूल नक्षत्रमा ५६ घटीका पछिको ४ घटी विषघटी कहिन्छ यी विष-घटिकामा विवाहादि शुभकार्य गर्नु हुँदैन। तर यसमा विशेष यो छ कि पूर्वोक्त नक्षत्रको मान ( घटी ) पूरा ६० छ भने पूर्वोक्त नक्षत्रका उक्त घटीका उप्रान्त चार घटी विषघटी संज्ञक हुन्छ। यदि पूर्वोक्त नक्षत्रको मान ६० घटीभन्दा कम्ति भयो भने वा अधिक ( घेर ) भयो भने ता उस नक्षत्रका प्रस्तुतमानलाई पैल्हे कहेका त्यस नक्षत्रका अङ्कले गुणा गर्नू र ६० को भागदिनू जो लब्धि आउँछ उति घटीका उप्रान्तको ४ घटी विषसंज्ञक हुन्छ ॥ १५५ ॥

* विषघटीचक्रम् *

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ. | भ. | कृ. | रो. | मृ. | आ. | पुन. | नक्षत्र. |
| ५० | २४ | ३० | ४० | १४ | २१ | ३० | घटी. |
| पुष्य. | अश्ले. | म. | पू. फा. | उ. फा. | ह. | चि. | नक्षत्र. |
| २० | ३२ | ३० | २० | १८ | २१ | २० | घटी. |
| स्वा. | वि. | अनु. | ज्ये. | मूल. | पू. षा. | उ. षा. | नक्षत्र. |
| १४ | १४ | १० | १४ | ५६ | २४ | २० | घटी. |
| श्र. | ध. | श. | पू. भा. | उ. भा. | रे. | + | नक्षत्र. |
| १० | १० | १८ | १६ | २४ | ३० | + | घटी. |

यी नक्षत्र पूर्वलिखित घटीहरूका अनन्तर चार घड़ीसम्म विषघटी हुन्छ ॥१५३-१५५॥

* नवान्नचक्रम् *

बुधर्क्षात्पुत्रपुत्रेषु पुत्रवेदद्वयेन्दुकैः ।
सच्छुभं शुभमर्थघ्नं शुभं व्यर्थं शुभं क्रमात् ॥१५६॥
नवान्नचक्रं ज्ञातव्यं कथितं गणकोत्तमैः ॥१५७॥

बुधका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र प्रथम ५ नक्षत्र शुभ हुन्छ । फेरि ५ नक्षत्र शुभ, फेरि ५ शुभ, फेरि अरू ५ अर्थनाशक, फेरि ४ नक्षत्र शुभ, फेरि २ नक्षत्र अशुभ र बाँकी १ नक्षत्र शुभ हुन्छ । यो नवान्नचक्र विचार गर्नु भन्ने उत्तम पण्डितहरूले भनेका छन् ॥१५६-१५७॥

* नवान्नचक्रन्यासः *

| ५ | ५ | ५ | ५ | ४ | २ | १ | नक्षत्र |
|---|---|---|---|---|---|---|---|
| शु. | शु. | शु. | अना. | शु. | अ. | शु. | फल |

* अग्निपरिहारः *

विवाहयात्राव्रतगोचरेषु चूडोपनीते ग्रहणे युगाद्यैः ।
दुर्गाविधानेन सुतप्रसूतौ नैवाग्निचक्रं परिचिन्तनीयम् ॥

विवाहको होम, यात्राको होम तथा व्रतको होम, गोचरका ग्रहको होम फेरि मुण्डन जनै ( व्रतबन्ध ) को होम, ग्रहणको होम, युगादितिथिहरूको होम, दुर्गाजीको होम, बालकको जन्मप्रसूत ( न्वारन ) को होम अर्थात् मूलादिशान्ति इत्यादि कार्यमा अग्निचक्रको विचार गर्नु पर्दैन ॥ १५८ ॥

* युगादिमन्वादितिथिज्ञानम् *

मन्वाद्यास्त्रितिथी मधौ तिथिरवौ ऊर्जे शुचौ दिक्तिथी
ज्येष्ठेऽन्त्ये च तिथिस्त्विषेनवतपस्यश्वाः सहस्ये शिवाः ।

भाद्रेऽग्निश्च सिते त्वमाष्टनभसः कृष्णे युगाद्याः सिते ।
गोऽग्नीबाहुलराधयोर्मदनदर्शौ भाद्रमाघासिते ॥१५९॥

शुक्लपक्षमा मन्वादि तिथिहरू हुन्छन् ।

क्रम—चैत्रमासमा तृतीया र पूर्णिमा तिथि, कार्तिकमा पूर्णिमा र द्वादशी, आषाढ़मा दशमी र पूर्णिमा, ज्येष्ठ र फाल्गुनमा पूर्णिमा, आश्विनमा नवमी, माघमा सप्तमी, पौषमा एकादशी, भाद्रमा तृतीया तिथि, मन्वादि हुन्छन् । अरू श्रावण मासका कृष्णपक्षमा अमावस्या र अष्टमी मन्वादि हुन्छन् ॥

युगादिसंज्ञा लेखिन्छ—शुक्लपक्षमा कार्तिकको नवमी र वैशाखको तृतीया युगादि हुन्छन् फेरि कृष्णपक्षमा भाद्रको त्रयोदशी र माघमा अमावस्याको युगादिसंज्ञा हो, यिनमा पुण्यकाल हुन्छ ॥ १५९ ॥

❀ शुक्लपक्षे मन्वादितिथिचक्रम् ❀

| चैत्र | कार्ति | आषाढ़ | ज्येष्ठ | फाल्गुन | आश्विन | माघ | पौष | भाद्र | मास |
|---|---|---|---|---|---|---|---|---|---|
| ३<br>१५ | १५<br>१२ | १०<br>१५ | १५ | १५ | ९ | ७ | ११ | ३ | तिथि |

| कृष्णपक्षे | श्रावण | मास |
|---|---|---|
| | ३०।८ | तिथि |

* शुक्लपक्षे　　युगादितिथिचक्रम्　　कृष्णपक्षे *

| भाद्र | माघ | मास | कार्तिक | वैशाख |
|---|---|---|---|---|
| १३ | ३० | तिथि | ९ | ३ |

* सर्पदंशविचारः *

यः कृत्तिका मूलमघाविशाखा-
सार्पान्तकार्द्रासु भुजङ्गदष्टः ।

स वैनतेयेन सुरक्षितोऽपि
प्राप्नोति मृत्योर्वदनं मनुष्यः ॥१६०॥

कृत्तिका, मूल, मघा, विशाखा, अश्लेषा, भरणी, आर्द्रा यी नक्षत्रमा सर्पले टोके गरुड़ले पनि रक्षा गर्न सक्दैनन्, त्यो अवश्य मर्छ ॥१६०॥

* शिल्पविद्यामुहूर्तः *

मृदुध्रुवक्षिप्रचरे ज्ञे गुरौ वा खलग्नगे ।
विधौ ज्ञजीववर्गस्थे शिल्पविद्या प्रशस्यते ॥१६१॥

मृदुसंज्ञक, ध्रुवसंज्ञक, क्षिप्रसंज्ञक, चरसंज्ञक नक्षत्रमा र लग्नमा किंवा दशौं स्थानमा बुध,बृहस्पति भएका बेला फेरि बुध, बृहस्पतिका षड्वर्गमा चन्द्रमा भएको बेला शिल्पविद्या अर्थात् काठ; ढुंगामा, चित्र इत्यादिको कारीगरी आदिको काम सिक्नु शुभदायक हुन्छ ।१६१।

* मुद्रापातनमुहूर्तः *

चित्रामृगान्त्यकरपुष्यहयानुराधा-
धात्र्युत्तरे श्रवणतस्त्रितयेऽदितौ च ।
स्वातौ विचन्द्ररविजेऽहनि पातनं स्या-
त्पूर्णासु सुष्ठु च जयासु सुमुद्रिकाणाम् ॥१६२॥

चित्रा, मृगशिरा, रेवती, हस्त, पुष्य, अश्विनी, अनुराधा, रोहिणी, तीनै उत्तरा, श्रवण, धनिष्ठा, शतभिषा, पुनर्वसु, स्वाती यी नक्षत्रमा रुपियाँ बनाउनु शुभ हुन्छ, फेरि चन्द्रवार शनिवार वर्जित गर्नु । अरू पूर्णातिथि ५।१२।१५ जयातिथि ३।८।१३ मा शुभ हुन्छ ॥ १६२ ॥

* काष्ठादिस्थापनचक्रम् *

सूर्यर्क्षाद्रसभैरधःस्थलगतैः पाको रसैः संयुतः
शीर्षे युग्ममितैः शवस्य दहनं मध्ये युगैः सर्पभीः ।

प्रागाशादिषु भेद्भैः स्वसुहृदां स्यात्सङ्गमो रोगभीः
क्वाथादेः करणं सुखं त्र गदितं काष्ठादिसंस्थापने।१६३।

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गनेर काष्ठचक्रको स्थापन गर्नु। ६ नक्षत्र काष्ठका अधो भाग ( तल्तिर ) स्थापन गर्नु, त्यसको फल रससंयुक्त भोजन मिल्छ। २ नक्षत्रशिरमा अशुभ हुन्छ अर्थात् ती काठले मुर्दा पोल्नेछन्, मध्यमा ४ नक्षत्र सर्पभय हुन्छ। फेरि पूर्वादि चारै दिशामा ४।४ नक्षत्र स्थापन गर्नु त्यसको फल पूर्वमा मित्रसँग मिलाप हुन्छ। दक्षिणमा रोग, पश्चिममा पनि रोग हुन्छ र ती काठले औषधी पकाउनु पर्ला। उत्तरमा पऱ्यो भने सुखप्राप्ति हुन्छ ॥१६३॥

* पञ्चकरहिताद्रविनक्षत्रात्काष्ठादिस्थापनचक्रम् *

| अधः | शीर्ष | मध्य | पूर्व | दक्षिण | पश्चिम | उत्तर | स्थान |
|---|---|---|---|---|---|---|---|
| ६ | २ | ४ | ४ | ४ | ४ | ४ | नक्षत्र |
| सरसपाकः | शवदाहकः | सर्पकोभयः | मित्रसंगम | रोगभयम् | क्वाथपचनम् | सुखप्राप्ति | फल |
| शुभ | अशुभ | अशुभ | शुभ | अशुभ | अशुभ | शुभ | शुभाशुभ |

* प्रेतकर्ममुहूर्तः *

क्षिप्राहिमूलेन्द्रहरीशवायुभे
प्रेतक्रिया स्याज्झषकुम्भगे विधौ।
प्रेतस्य दाहं यमदिग्गमं त्यजे-
च्छय्यावितानं गृहगोपनादि च ॥ १६४ ॥

क्षिप्रसंज्ञक, आश्लेषा, मूल, ज्येष्ठा, श्रवण, आर्द्रा, स्वाती यी नक्षत्रमा प्रेतकर्म शुभ हुन्छ। परन्तु कुम्भ, मीनका चन्द्रमामा प्रेतको दाह गर्नु त्याज्य छ, यथा दक्षिण दिशाको यात्रा, अरु खाट, तंबू

(पाल) बनाउन र घर छाउनु पनि वर्जित छ। आदि शब्दले सब तृणकृत्यहरु पनि त्याज्य छ ॥१६४॥

* नारायणबलिमुहूर्तः *

शुक्रारार्किषु दर्शभूतमदने नन्दासु तीक्ष्णोग्रभे
पौष्णे वारुणभे त्रिपुष्करदिने न्यूनाधिमासेऽयने ।
याम्येऽब्दात्परतश्च पातपरिघे देवेज्यशुक्रास्तके
भद्रा वैधृतिके शवप्रतिकृतेर्दाहो न पक्षे सिते ॥१६५॥
जन्मप्रत्यरितारयोर्मृतिसुखान्त्येऽब्जे च कर्तुर्न स-
न्मध्ये मित्रभगादितिध्रुवविशाखाद्ययङ्घ्रिभेज्ञेऽपि च ।
श्रेष्ठोऽर्केज्यविधोर्दिने श्रुतिकरस्वात्यश्विपुष्ये तथा
त्वाशौचात्परतो विचार्यमखिलं मध्ये यथासम्भवम् ।१६६।

शुक्र, मंगल, शनिवार र अमावस्या, चतुर्दशी, त्रयोदशी, नन्दा, १–६–११ तिथि, तीक्ष्ण संज्ञक र उग्र संज्ञक नक्षत्र रेवती, शतभिषा यी नक्षत्र फेरि त्रिपुष्करको दिन अनि फेरि क्षयमास, मलमास यी सम्पूर्ण वारादि नारायण बलि क्रियामा वर्जित छन्। अरू वर्षका उप्रान्त दक्षिणायनका सूर्य वर्जित छन्। पात र परिघ योग अनि बृहस्पति र शुक्रको अस्त, भद्रा, वैधृतियोग, शुक्लपक्ष वर्जित छ। जन्मतारा पाँचौं तारा अनि चौथो, आठौं, बाहौं चन्द्रमा यी कर्तालाई अशुभ हुन्छन्। फेरि अनुराधा, पूर्वाफाल्गुनी, पुनर्वसु, ध्रुवसंज्ञक, विशाखा, मृगशिरा, चित्रा र धनिष्ठा यी नक्षत्रमा बुधवार दाह मध्यम हुन्छ। रवि, गुरु, चन्द्रवार श्रवण, हस्त, स्वाती, अश्विनी पुष्य यी नक्षत्रमा नारायणबलि शुभ हुन्छ। फेरि वर्षका भित्र सबै विचारगर्नु उचित हुन्छ, अरू वर्ष भित्र यथासंभव विचार गर्नु पर्छ॥ १६५–१६६ ॥

* नौकाकर्म मुहूर्तः *

शुभाहे विष्णुयुग्मैन्द्र मृगमैत्राश्विपाणिषु ।
चालनं घट्टनं स्थानान्नावः शुभतिथीन्दुषु ॥१६७॥

शुभवार तथा श्रवण, धनिष्ठा, ज्येष्ठा, मृगशिरा, अनुराधा, अश्विनी, हस्त यी नक्षत्र तथा शुभतिथि र शुभ चन्द्रमामा नाऊ चलाउनु वा बनाउनु शुभ हुन्छ ॥ १६७ ॥

* देवारामजलाशयप्रतिष्ठा मुहूर्तः *

जलाशयारामसुरप्रतिष्ठा
सौम्यायने जीवशशाङ्कशुक्रे ।
दृश्ये मृदुक्षिप्रचरे ध्रुवे स्या-
त्पक्षे सितस्वर्क्षतिथिक्षणे वा ॥१६८॥

रिक्तारवर्ज्ये निवसेऽतिशस्ता
शशाङ्कपापैस्त्रिभवाङ्गसंस्थः ।
द्व्यष्टान्त्यगैः सत्खचरैर्मृगेन्द्रे
सूर्यो घटे को युवतौ च विष्णुः ॥१६९॥

शिवो नृयुग्मे द्वितनौ च देव्याः
क्षुद्राश्चरे सर्व इमे स्थिरर्क्षे ।
पुष्ये ग्रहा विघ्नपयक्षसर्प-
भूतादयोऽन्त्ये श्रवणेऽजिनश्च ॥१७०॥

उत्तरायण सूर्य भएका बेला, मृदुसंज्ञक, क्षिप्रसंज्ञक, चरसंज्ञक, ध्रुवसंज्ञक यी नक्षत्र शुभ हुन्छन् । फेरि जुन मुहूर्तका जुन देवताका स्वामी छन् त्यस मुहूर्तमा पनि शुभ जान्नु । रिक्तातिथि ४–९–१४ र मङ्गलवार वर्जित छ । फेरि चन्द्रमा वा पापग्रह तेस्रा, एकादश,

छैटा स्थानमा हउन् । फेरि शुभग्रह आठौं बाहौं स्थानमा वर्जित हुन्छ । सूर्यको प्रतिष्ठा सिंह लग्नमा, ब्रह्माको कुम्भ लग्नमा, विष्णुको कन्या लग्नमा, मिथुन लग्नमा महादेवको अरु द्विस्वभाव लग्न ३-५-९-१२मा देवीको प्रतिष्ठा गर्नु शुभदायक हुन्छ। अरू क्षुद्र देवताको प्रतिष्ठा चर-लग्न १-४-७-१० मा लाभदायक हुन्छ । ( साना २ देवतालाई क्षुद्र देवता भन्दछन् )। स्थिर लग्नमा सबै देवताको प्रतिष्ठा शुभ हुन्छ । पुष्य नक्षत्रमा ग्रहको स्थापना गर्नु । फेरि गणेश, यक्ष, सर्प, भूतादिको रेवती नक्षत्रमा स्थापना गर्नु । फेरि श्रवण नक्षत्रमा अजिन अर्थात् बुद्ध भगवान्को प्रतिष्ठा गर्नु शुभ हुन्छ ॥ १६८–१७० ॥

* सर्वारम्भ मुहूर्तः *

व्ययाष्टशुद्धोपचये लग्नगे शुभदृग्युते ॥
चन्द्रे त्रिषड्दशायस्थे सर्वारम्भः प्रसिद्ध्यति ॥१७१॥

लग्नदेखि आठौं, बाहौं शुद्ध हवस् अर्थात् उक्त स्थानमा कुनै ग्रह नहउन्, फेरि उपचय लग्न हवस् अर्थात् जन्मलग्न वा जन्म राशिदेखि तेस्रो, छैठौं दशौं एकादश यी लग्न हउन् । फेरि शुभ ग्रहको दृष्टि हवस् अथवा शुभग्रह युक्त होस् , चन्द्रमा जन्म लग्न वा जन्मराशिदेखि तेस्रो, छैठौं, दशौं, एकादश स्थानमा भएमा सर्वारम्भ शुभ हुन्छ । अर्थात् शुभाशुभ कार्य गर्नु हुन्छ ॥१७१॥

* मुहूर्तदीपिकायां पादुकासनादिमुहूर्तः *

मैत्रेऽन्त्यचन्द्रयमभादितिवाजिचित्र-
हस्तोत्तरात्रयहरीज्यविधातृभानि ॥
एतेष्वतीव शयनासनपादुकानां-
संभोगकार्यमुदितं मुनिभिः शुभाहे ॥१७२॥

अनुराधा, रेवती, मृगशिरा, भरणी, पुनर्वसु, अश्विनी, चित्रा, हस्त, तीनै उत्तरा, श्रवण, पुष्य, रोहिणी यी नक्षत्रमा र शुभ दिनमा आसन

वा खराऊ धारण गर्नु शुभ हुन्छ, यस्तो मुनिहरूले भनेका छन् ॥१७२॥

❀ रत्नमालायाममृतसिद्धियोगः ❀

हस्ते रवौ शशधरे च मृगोत्तमर्क्षं-
भौमेऽश्विनी बुधदिने च तथाऽनुराधा ॥
तिष्यो गुरौ भृगुसुतेऽपि च पौष्णधिष्णं
रोहिण्यथार्कतनयेऽमृतसिद्धियोगाः ॥१७३ ॥

रविवार हस्तनक्षत्र, चन्द्रवार मृगशिरा, मङ्गलवार अश्विनी, बुधवार अनुराधा, बृहस्पतिवार पुष्य, शुक्रवार रेवती, शनिश्चरवार रोहिणी नक्षत्र पर्‍यो भने अमृतसिद्धि नाम गरेको योग हुन्छ ॥१७३॥

❀ रत्नपरीक्षा मुहूर्तः ❀

पुनर्भे शतहस्तर्क्षे श्रवे ज्येष्ठे परीक्षणम् ।
रत्नानामष्टमीभूतं हित्वा भौमं शनैश्चरम् ॥ १७४ ॥

पुनर्वसु, शतभिषा, हस्त, श्रवण, ज्येष्ठा यी नक्षत्रमा रत्नको परीक्षा गर्नु शुभ हुन्छ । अष्टमी, चतुर्दशी तिथि, मङ्गल शनिश्चरवार वर्जित गर्नु ॥ १७४ ॥

❀ कलशचक्रम् ❀

सूर्यभात्पंचरामाद्रिवसुपंच शुभाशुभम् ।
फलं क्रमाद्बुधैर्ज्ञेयं चक्रे कलशसंज्ञके ॥ १७५ ॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गनेर कलशचक्रको स्थापन गर्नु प्रथम पाँच नक्षत्र शुभ, फेरि तीन अशुभ फेरि सात शुभ, फेरि आठ अशुभ अरु बाँकी पाँच नक्षत्र शुभ यै क्रमले जान्नु ॥ १७५ ॥

* कलशचक्रन्यासः *

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ३ | ७ | ८ | ५ | नक्षत्र |
| शु० | अ० | शु० | अ० | शु० | फल |

* शस्त्रघट्टन मुहूर्तः *

कृत्तिकासु विशाखायां भौमार्कशनिवासरे ।
संल्लग्ने घट्टितं शस्त्रं नृपाणां जयदायकम् ॥ १७६ ॥

कृत्तिका र विशाखा नक्षत्रमा तथा भौम, रवि, शनिवारमा अरू शुभग्रहका लग्नमा हतियार बनाएमा राजाहरुलाई हतियार जय-दायक हुन्छ ॥ १७६ ॥

* शस्त्रधारण मुहूर्तः *

पुनर्वसुद्वये हस्ते चित्रायां रोहिणीद्वये ।
विशाखादित्रये कुर्यात् त्र्युत्तरे रेवतीद्वये ॥ १७७ ॥
रिक्तां विना तिथौ सूर्यशुक्रजीवदिने तथा ।
सन्नाहच्छुरिकाखड्गकुन्तशस्त्रादिधारणम् ॥ १७८ ॥

पुनर्वसु, पुष्य, हस्त, चित्रा, रोहिणी, मृगशिरा, विशाखा, अनुराधा, ज्येष्ठा, तीनै उत्तरा, रेवती र अश्विनी यी नक्षत्रमा फेरि रिक्ता तिथि छोड़ेर रविवार, शुक्रवार, गुरुवारमा कटारी, छूरी, तरवार, भाला इत्यादि शस्त्रधारण गर्नु शुभ हुन्छ ॥१७७–१७८॥

* अग्निशस्त्रघट्टनं धारणं च *

विशाखाकृत्तिकापूर्वा मघाश्लेषाश्विनीमृगे ।
मूलार्द्राभरणीज्येष्ठा सजीवे क्रूरवासरे ॥
घट्टनं धारणं प्रोक्तं वह्निशस्त्रस्य शोभनम् ॥ १७९ ॥

विशाखा, कृत्तिका, ३ पूर्वा, मघा, आश्लेषा, अश्विनी, मृगशिरा, मूल, आर्द्रा, भरणी ज्येष्ठा, यी नक्षत्र र बृहस्पति, रवि, मङ्गल, शनैश्चर यी वारमा अग्निशस्त्र बनाउनु र धारण गर्नु शुभ हुन्छ ।

* मृगयामुहूर्तः *

आश्लेषाभरणीज्येष्ठापूर्वार्द्रास्वातिमूलकैः ।
विशाखायां च पापेऽह्नि यायादाखेटकं नृपः ॥ १८० ॥

अश्लेषा, भरणी, ज्येष्ठा, तीनै पूर्वा, आर्द्रा, स्वाती, मूल, विशाखा यी नक्षत्र र पाप वारमा अर्थात् रवि, भौम, शनि यी वारमा राजाले शिकार खेल्नु लाभदायक हुन्छ ॥१८०॥

❀ द्रव्यनिधीनां गुप्तस्थाने स्थापनम् ❀

धनिष्ठोफाविशाखाख्ये पूर्वाषाढाभिधेऽन्त्यभे ।
रोहिण्यां च निधेर्भूमौ स्थापनं शुभमीरितम् ॥ १८१ ॥

धनिष्ठा, उत्तराफाल्गुनी, विशाखा, पूर्वाषाढ़ा, रेवती, रोहिणी यी नक्षत्रमा द्रव्य भूमिमा स्थापित गर्नु शुभ हुन्छ ॥१८१॥

❀ वाणिज्यमुहूर्तः ❀

अनुराधोत्तरापुष्ये रेवतीरोहिणी मृगे ।
हस्तचित्राश्विभे कुर्याद्वाणिज्यं दिवसे शुभे ॥१८२॥

अनुराधा, तीनै उत्तरा, पुष्य, रेवती, रोहिणी, मृगशिरा, हस्त, चित्रा, अश्विनी यी नक्षत्र र शुभवारमा वाणिज्य कर्म गर्नु शुभ हुन्छ ।

❀ धर्मक्रियामुहूर्तः ❀

धर्मक्रियामित्रमृगान्त्यचित्रा-
श्रुतित्रयस्वात्यदितौ कराश्वे ।
पुष्ये च सौम्येषु दिनेषु शस्ते
स्याहुर्मुहूर्तागमकोविदेन्द्राः ॥ १८३ ॥

अनुराधा, मृगशिरा, रेवती, चित्रा, श्रवण, धनिष्ठा, शतभिषा, स्वाती पुनर्वसु, हस्त, अश्विनी, पुष्य यी नक्षत्र र शुभवारमा धर्म-कर्म शुभ हुन्छ, यो मुहूर्त विशारदहरूले निश्चय गरेका छन् ॥१८३॥

❀ सन्धिमुहूर्तः ❀

अनुराधामघापुष्ये तिथ्यर्द्धे तैतिलाभिधे ।
लग्ने सद्दृष्टिगेऽष्टम्यां द्वादश्यां सन्धिरिष्यते ॥१८४॥

अनुराधा, मघा, पुष्य, नक्षत्र र तैतिलकरणमा मिलाप गर्नु शुभ हुन्छ। अष्टमी, द्वादशी तिथि शुभ हुन्छ, लग्नमा शुभग्रहको दृष्टि हुनु चाहिन्छ ॥१८४॥

* कथाप्रारम्भचक्रम् *

वेदाब्धिवेदश्रुतिवेदवेद-

फलं गुरोर्भाद्गणमेव गण्यम् ॥

अर्थश्च लाभश्च तथा च सिद्धि-

र्लाभो मृतोराजभयं च मोक्षः ॥१८५॥

कथारम्भं प्रकुर्वीत प्रोक्तं पूर्वैर्महर्षिभिः ॥१८६॥

बृहस्पतिका नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु र कथारम्भ चक्रको विचार गर्नु। पैल्हे ४ नक्षत्र अर्थ, फेरि ४ लाभ, फेरि ४ सिद्धि अनि ४ लाभ। फेरि ४ मृत्यु दिने जान्नू। फेरि ४ नक्षत्र राजभय हुने जान्नू। बाँकी ३ नक्षत्र मोक्ष दिने जान्नू। यो कथारम्भ चक्र पूर्वाचार्यहरूले कहेको छ ॥ १८५–१८६ ॥

* कथारम्भचक्रन्यासः *

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ४ | ४ | ४ | ४ | ४ | ३ | नक्षत्र |
| अर्थ | लाभ | सिद्धि | लाभ | मृत्यु | राजभय | मोक्ष | फल |

* दुन्दुभिमृदङ्गादिकरवाद्यम् *

हस्तत्रयेऽनुराधाऽन्त्ये पुनर्वसुयुगेऽश्विभे।

श्रवत्रयमृगेऽर्केऽह्नि शुभे पूर्णाजयासु च ॥१८७॥

शुभे दुन्दुभिभेर्यादिकरवाद्यं समीरितम् ॥

वंशाद्यं मुखवाद्यं तु पूर्वेष्वेव समीरितम् ॥१८८॥

हस्त, चित्रा, स्वाती, अनुराधा, रेवती, पुनर्वसु, पुष्य, अश्विनी,

श्रवण, धनिष्ठा, शतभिषा मृगशिरा यी नक्षत्र रविवार समेत शुभ दिनमा नगाड़ा ( नगारा ) वा नफीरी तथा मृदंग, वंशी मुरली इत्यादि बाजा बजाउनु शुभ हुन्छ। पूर्णा ५।१०।१५ जया ३।८।१३ यी तिथि शुभ हुन्छन् ॥ १८७–१८८ ॥

❁ शान्तिकपौष्टिककर्ममुहूर्तः ❁

पुनर्वसुद्वये स्वातीत्र्युत्तरे श्रवणत्रये ।
रेवतीद्वितये हस्तेऽनुराधारोहिणीद्वये ॥१८९॥
शान्तिकं पौष्टिकं कर्म पुण्याहे कीर्तितं बुधैः ॥१९०॥

पुनर्वसु, पुष्य, स्वाती, तीन उत्तरा, श्रवण, धनिष्ठा, शतभिषा, रेवती, अश्विनी, हस्त, अनुराधा, रोहिणी र मृगशिरा यी नक्षत्रमा शान्तिकर्म र पुष्टिकर्म गर्नु शुभ हुन्छ। पुण्यदिन संक्रान्ति आदि र युगादि मन्वादि तिथिमा यी कर्म गर्नु शुभ हुन्छ ॥ १९० ॥

❁ वीर-वेताल साधनमुहूर्तः ❁

मघार्द्राभरणीमूले मृगेऽङ्के वद्बुधे गते ॥
शुद्धाऽष्टमे भृगौ तूर्ये वीरवेतालसाधनम् ॥१९१॥

मघा, आर्द्रा, भरणी, मूल, मृगशिरा यी नक्षत्रमा वीर वेतालको साधन गर्नु शुभ हुन्छ। शुभग्रहको लग्न होस् अरू कुम्भराशिको बुध होस् आठौं स्थान शुद्ध होस् अरू चौथो शुक्र हुनु चाहिन्छ ॥ १९१ ॥

❁ मन्त्र-यन्त्र-व्रतादि मुहूर्तः ❁

उफाहस्ताश्विनीकर्णविशाखामृगभेऽहनि ॥
शुभे सूर्ययुते शस्तं मन्त्रयन्त्रव्रतादिकम् ॥१९२॥

उत्तराफाल्गुनी, हस्त, अश्विनी, श्रवण, विशाखा, मृगशिरा यी नक्षत्रमा रविवारले सहित शुभ दिनमा मन्त्र, यन्त्र र व्रतादिको साधन गर्नु शुभ हुन्छ ॥ १९२ ॥

* रजोवतीस्नानमुहूर्तः *

ज्येष्ठानुराधाकररोहिणीषु स्वातीधनिष्ठासु मृगोत्तरासु ।
रजोवतीस्नानविधिं प्रकुर्याच्छुभस्यवारे च शुभे तिथौ च ॥

ज्येष्ठा, अनुराधा, रोहिणी, स्वाती, धनिष्ठा, मृगशिरा तीनै उत्तरा यी नक्षत्रमा र अरु शुक्रवार शुभतिथिमा रजस्वला स्त्रीले स्नान गर्नु शुभ हुन्छ ॥१९३॥

* गर्भधारणमुहूर्तः *

मृगानुराधाश्रुतिरोहिणीषु यस्तोत्तरास्वातिवसौ शतर्क्षे ॥
त्रिहायषष्ठींशुभवासरेषु गर्भस्य चाधानविधिं प्रकुर्यात्।१९४।
शुभे त्रिकोणकेन्द्रस्थे पापे षष्ठे त्रिलाभगे ॥
पुत्रकामः स्त्रियं गच्छेन्नरो युग्मासु रात्रिषु ॥१९५॥

मृगशिरा, अनुराधा, श्रवण, रोहिणी, हस्त, तीनै उत्तरा, स्वाती, धनिष्ठा, शतभिषा यी नक्षत्र र शुभ तिथि गर्भधारणमा शुभ हुन्छ । षष्ठी तिथि वर्जित हुन्छ । शुभग्रह केन्द्र वा त्रिकोण एकादश स्थानमा हउन् १।४।७।१० वा ९।५ त्रिकोणमा हउन् औ पापग्रह तेस्रो, छैठौं, एघारौं हउन्, पुत्रका कामनाले पुरुषले स्त्री-प्रसंग रजोधर्मका दिनदेखि युग्म अर्थात् सम रात्रिमा गमन गर्नु ॥१९४-१९५॥

* सीमन्त-पुंसवन-कर्म मुहूर्तः *

आर्द्रात्रये भाग्ययुग्मे मृगे पूष्णि श्रुतौ करे ।
मूलत्रये गुरौ सूर्ये भौमे रिक्तां विना तिथौ ॥१९६॥
आद्ये द्वये त्रये मासे लग्ने कन्याझषे स्थिरे ॥
चापे पुंसवनं कुर्यात्सीमन्तं चाष्टमे तथा ॥१९७॥

आर्द्रा, पुनर्वसु, पुष्य, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, मृगशिरा, रेवती, श्रवण, हस्त, मूल, पूर्वाषाढ़ा यी नक्षत्र सीमन्त किंवा पुंसवन

कार्यमा शुभ हुन् । गुरु, रवि तथा मङ्गलवार शुभ हुन् । रिक्ता तिथि वर्जित गर्नु । पैल्हो, दोस्रो, तेस्रो महीना गर्भदेखि पुंसवनमा शुभ हुन्छ । कन्या, मीन तथा स्थिर लग्न २।५।८।११ शुभ हुन्छ । धन लग्न पनि शुभ हुन्छ । सीमन्त कर्म आठौं मैन्हामा शुभ हुन्छ ॥१९६-१९७॥

* द्वितीयप्रकारेण सीमन्त-पुंसवन-कर्म *

रवीज्यभौमे करमूलपुष्ये—
श्रोत्रेदितौ पुंसवनं मृगर्क्षे ॥
चरेत्षडर्काष्टतिथीन् विहाय
सीमन्तकर्माष्टमषष्ठमासे ॥१९८॥

रविवार, बृहस्पतिवार, मङ्गलवार, हस्त, मूल, पुष्य, श्रवण, पुनर्वसु, मृगशिरा, यी नक्षत्रमा पुंसवन कर्म शुभ हुन्छ । फेरि षष्ठी, द्वादशी, अष्टमी तिथि वर्जित हुन्छ । षष्ठी तिथि र आठौं महीना सीमन्तकर्म गर्नु शुभ हुन्छ । नक्षत्रादिक पुंसवनकै जान्नु ॥१९८॥

* जातकर्म-मुहूर्तः *

तज्जातकर्मादि शिशोर्विधेयं
पर्वाख्यरिक्तोनतिथौ शुभेऽह्नि ॥
एकादशे द्वादशकेऽपि घस्रे
मृदुध्रुवक्षिप्रचरोडुषु स्यात् ॥१९९॥

बालकको जातकर्म पूर्वोक्त पर्व वा रिक्ता तिथिमा वर्जित हुन्छ। शुभ दिन होस् अरू जन्मदेखि एघारौं बाह्रौं दिनमा र मृदुसंज्ञक, ध्रुवसंज्ञक, क्षिप्रसंज्ञक, चरसंज्ञक नक्षत्रमा शुभदायक हुन्छ ॥१९९॥

* प्रसुतीस्नान मुहूर्तः *

हस्ताश्विनीत्र्युत्तररोहिणीषु मृगानुराधापवनान्त्यभेषु ॥
स्नायात्प्रसूता गुरुभानुभौमेत्यक्त्वाहरेर्वासरमष्टषष्ठीम् २००

हस्त, अश्विनी, तीनै उत्तरा, रोहिणी, मृगशिरा, अनुराधा, स्वाती, रेवती यी नक्षत्र प्रसूती-स्नानमा असल हुन्छन् । फेरि गुरुवार, रविवार र मङ्गलवार सहित द्वादशी, अष्टमी, षष्ठी यी तिथि वर्जित गर्नु ॥२००॥

* द्वितीयप्रकारेण प्रसूतीस्नानम् *

पौष्णध्रुवेन्दुकरवातहयेषु सूती-
स्नानं समित्रभरवीज्यकुजेषु शस्तम् ॥
नार्द्रात्रयश्रुतिमघान्तकमित्रमूल-
त्वाष्ट्रेज्ञसौरिवसुषड्विरिक्ततिथ्याम् ॥२०१॥

रेवती, ध्रुवसंज्ञक, तीनै उत्तरा, रोहिणी, मृगशिरा हस्त, स्वाती, अश्विनी,अनुराधा यी नक्षत्र प्रसूतीस्नानमा शुभ हुन्छन् । रवि, बृहस्पति र मङ्गलवार शुभ हुन् । आर्द्रा, पुनर्वसु, पुष्य, श्रवण, मघा, भरणी, विशाखा, कृत्तिका, मूल, चित्रा यी नक्षत्र वर्जित छन् । बुध, शनिवार र अष्टमी, षष्ठी, द्वादशी,र रिक्ता यी तिथि वर्जित गर्नु ॥२०१॥

* दत्तकपुत्र मुहूर्तः *

हस्तादिपञ्चकभिषग्वसुपुष्यभेषु ।
सूर्यक्षमाजगुरुभार्गववासरेषु ॥
रिक्ताविवर्जिततिथिष्वलिकुम्भलग्ने ।
सिंहे वृषे भवति दत्तसुतग्रहोऽयम् ॥२०२॥

हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, अश्विनी, धनिष्ठा, पुष्य यी नक्षत्र रवि, मंगल, बृहस्पति, शुक्रवार दत्तकपुत्र (धर्म-पुत्र) लिनु शुभ हुन्छ । रिक्तातिथि वा कुम्भ, वृश्चिक लग्न वर्जित छन् । सिंह, वृष लग्न असल हुन्छ ॥२०२॥

* नामकरण मुहूर्तः *

चित्रानुराधामृगरेवतीषु धात्रश्विनीत्र्युत्तरहस्तपुष्ये ॥
पुनर्वसौ च श्रवणत्रिकेषु बुधार्कचन्द्रेज्यसितेषु नाम ।२०३।

चित्रा, अनुराधा, मृगशिरा, रेवती, रोहिणी, अश्विनी, तीनै उत्तरा, हस्त, पुष्य, पुनर्वसु, श्रवण, धनिष्ठा, शतभिषा, यी नक्षत्र र बुध, रवि, चन्द्र, बृहस्पति, शुक्र यी वारमा बालकको नाम राख्नु असल हुन्छ ॥ २०३ ॥

* जलपूजा मुहूर्तः *

मूलादितिद्वयं ग्राह्यं श्रवणश्च मृगः करः ॥
जलवाप्यर्चने हेयाः शुक्रमन्दार्कभूमिजाः॥२०४॥

मूल, पुनर्वसु, श्रवण, मृगशिरा, हस्त यी नक्षत्रमा प्रसूती स्त्रीले जलको पूजा गर्नु असल हुन्छ । शुक्र, शनैश्चर, रविवार र मङ्गलवार वर्जित गर्नु ॥२०४॥

* बालकनिष्कासन मुहूर्तः *

मैत्रत्रये हरिद्वन्द्वे विधिद्वन्द्वेऽदितिद्वये ॥
स्वातिहस्तोत्तराषाढपूर्वार्यमद्वयेषु सत् ॥२०५॥
सिंहत्रये घटे लग्ने मासयोस्त्रिचतुर्थयोः ।
यात्रातिथौ च निष्काश्यः शिशुर्नार्किभौमयोः ॥२०६॥

अनुराधा, ज्येष्ठा, मूल, श्रवण धनिष्ठा, रोहिणी, मृगशिरा, पुनर्वसु, पुष्य, स्वाती, हस्त, उत्तराषाढ़ा, तीनै पूर्वा, उत्तराफाल्गुनी, अश्विनी यी नक्षत्रमा बालकको निष्काशन असल हुन्छ । सिंह, कन्या, तुला, कुम्भ यी लग्न शुभ हुनू फेरि जन्मदेखि तेस्रो, चौथो महीना होस् अरू यात्राको तिथि होस् अर्थात् २।५।७।१०।११।१३ र कृष्ण-पक्षको प्रतिपदा पनि श्रेष्ठ हुन्छ, शनि र मंगल वर्जित गर्नु ॥२०५॥

* दोलारोह चक्रम् *

दोलारोहेऽर्कभात्पञ्च शर पञ्चेषु सप्तभैः ॥
नैरुज्यं मरणं कार्श्य व्याधिः सौख्यं क्रमाच्छिशोः ॥२०७॥

सूर्यका नक्षत्रदेखिन् दिनका नक्षत्रसम्म शूलाचक्र ( कोक्रोआदि ) गन्नु । प्रथम पाँच नक्षत्रको फल निरोगकारक फेरि पाँच मरणप्रद यस्तै प्रकार पाँचमा कृशता, फेरि पाँचमा व्याधि अनि सात नक्षत्रमा सुखप्राप्ति हुन्छ ॥ २०७ ॥

* दोलाचक्रन्यासः *

| ५ | ५ | ५ | ५ | ७ | नक्षत्र |
|---|---|---|---|---|---|
| शुभ | अशुभ | अशुभ | अशुभ | शुभ | फल |

* स्त्रीपुरुषयोर्मध्ये कर्मभेदेन चन्द्रशुद्धिः *

विवाहे गर्भसंस्कारे चन्द्रशुद्धिः स्त्रिया अपि ॥
भूषाम्बरादिकार्येषु भर्तुश्चैवैन्दवं बलम् ॥२०८॥

विवाहकार्य, गर्भ संस्कार यी कार्यमा चन्द्रबल स्त्रीका राशिबाट लिनु पर्छ । अरू भूषण वस्त्रादि धारण गर्दामा पुरुषका राशिदेखि विचार गर्नु पर्छ ॥ २०८ ॥

* ताम्बूलभक्षण मुहूर्तः *

वारे भौमार्कहीनेध्रुवमृदुलघुभैर्विष्णुमूलादितीन्द्र-
स्वातावस्वम्बुपेतैर्मिथुनमृगसुताकुम्भयोमीनलग्ने ॥
सौम्यैः केन्द्रत्रिकोणैःशुभगगनगतैःशत्रुलाभत्रिसंस्थैस्ता-
म्बूलं सार्द्धमासद्वयमितसमये प्रोक्तमन्नाशने वा ॥२०९॥

मङ्गल र शनिवारमा ताम्बूल (पान) खानु वर्जित हुन्छ । ध्रुव, मृदु लघुसंज्ञक नक्षत्र र श्रवण, मूल, पुनर्वसु, ज्येष्ठा, स्वाती, धनिष्ठा, शतभिषा यी नक्षत्र शुभ हुन्छन् । फेरि मिथुन, कन्या, कुम्भ वृष, मीन यी लग्न शुभ हुन् । शुभग्रह केन्द्र १।४।७।१० वा त्रिकोण ९।५ मा हउन् औ पापग्रह दशौं, छैठौं एघारौं र तेस्रा स्थानमा भएमा

अन्मदेखि अढाई महीनामा ताम्बूल भक्षण गराउनु शुभ हुन्छ, अथवा अन्नप्राशनकै दिनमा गर्नु पनि शुभ हुन्छ ॥२०९॥

* बालकभूम्युपवेशनं तथा कटिसूत्रबन्धनमुहूर्तः *

पृथ्वीं वराहमभिपूज्य कुजे विशुद्धे ।
रिक्ते तिथौ व्रजति पञ्चममासि बालम् ॥
बध्वा शुभेऽह्नि कटिसूत्रमथ ध्रुवेन्द्र-
ज्येष्ठर्क्षमैत्रलघुभैरुपवेशयेत्कौ ॥२१०॥

पृथ्वी र वराहको पूजा गरेर आफ्ना राशिदेखि गोचरोक्त मङ्गल शुद्ध, रिक्ता तिथि, जन्मदेखि पाँचौं महीना, अरू असल दिन, ध्रुवसंज्ञक, मृगशिरा, ज्येष्ठा, अनुराधा औ लघुसंज्ञक यी नक्षत्र हुन् ता कटिसूत्र अर्थात् बालकको कन्धनी बाँध्नु र भूमिमा बसाउनु असल हुन्छ ॥२१०॥

* अन्नप्राशन मुहूर्तः *

रिक्तानन्दाष्टदर्शं हरिदिवसमथो सौरिभौमार्कवारान् ।
लग्नं जन्मर्क्षलग्नाष्टमग्रहलवगं मीनमेषालिकं च ॥
हित्वा षष्ठात्समे मास्यथ हि मृगदृशां पंचमाचोजमासे ।
नक्षत्रैःस्यात्स्थिराख्यैः समृदुलघुचरैर्बालकान्नाशनंसत् ॥
केन्द्रत्रिकोण सहजेषु शुभैःखशुद्धे ।
लग्ने त्रिलाभरिपुगैश्च वदन्ति पापैः ॥
लग्नाष्टरहितं शशिनं प्रशस्तं ।
मैत्राम्बुपानिलजनुर्भमसच्च केचित् ॥२१२ ॥

रिक्ता ४।९।१४ नन्दा १।६।११ अष्टमी, अमावस्या, द्वादशी-तिथि, शनि, रवि, मङ्गलवार र जन्मलग्न, जन्म राशिदेखि आठौं लग्न वा आठौं नवमांश मीन, मेष, वृश्चिक लग्न यी सम्पूर्णमा अन्न-

प्राशन गर्नु शुभ हुन्छ। अर्थात् छैठौं महीनादेखि सम महीनामा छोराको अन्नप्राशन गर्नु, अर्थात् छैठौं आठौं दशौं इत्यादि मा गर्नु। कन्याको अन्नप्राशन पाँच महीनादेखि विषम महिनामा अर्थात् पाँचौं-सातौं-नवौं इत्यादिमा गर्नु। स्थिरसंज्ञक, मृदुसंज्ञक, लघुसंज्ञक, चरसंज्ञक यी नक्षत्र शुभ हुन्। केन्द्र १।४।७।१० वा त्रिकोण ९।५ वा तेस्रामा शुभग्रह हुन् औ दशौंमा कोहि ग्रह नहउन्, फेरि पापग्रह तेस्रामा, एकादश र छैटौंमा हुन्, औ चन्द्रमा छैठौं आठौंमा नहउन्, अनुराधा, शतभिषा, स्वाती वा जन्मका नक्षत्रमा कुनै आचार्यका मतले अशुभ हो। दोस्रा वचनले पाँचौं स्थानमा क्षीणचन्द्रमा अन्नप्राशनमा वर्जित छ, अर्थात् कृष्णपक्षका दशमीदेखि अमावस्यासम्म ॥२११-१२॥

* कर्णवेधमुहूर्तः

हित्वैतांश्चैत्रपौषावमहरिशयनं जन्ममासं च रिक्तां-
युग्माब्दं जन्मताराम्‌ऋतुमुनिवसुभिःसंमिते मास्यथो वा।
जन्माहात्सूर्यभूपैः परिमितदिवसे ज्ञेज्यशुक्रेन्दुवारेऽ-
थोजाब्दे विष्णुयुग्मादितिमृदुलघुभैःकर्णवेधःप्रशस्तः २१३

संशुद्धे मृतिभवने त्रिकोणकेन्द्र-
त्र्यायस्थैः शुभखचरैः कवीज्यलग्ने ॥
पापाख्यैररिसहजायगेहसंस्थै-
र्लग्नस्थेत्रिदशगुरौ शुभावहः स्यात् ॥२१४॥

चैत्रमास, पौषमास तथा अवमतिथि अर्थात् तिथिको हानि, हरिशयन अर्थात आषाढ़शुक्ल एकादशीदेखि कार्त्तिक शुक्ल एकादशी-सम्म तथा जन्मको महीना वा रिक्तातिथि यी समस्त कर्णवेधमा वर्जित छन्। अरु युग्मवर्ष अर्थात् जन्मदेखि दोस्रो, चौथो छैटौं यसै क्रमले युग्मवर्ष पनि वर्जित हुन्छ। अरु जन्म तारा पनि वर्जित हुन्छ।

जन्मदेखि छैठौं, सातौं, आठौं महीनामा शुभ हुन्छ। फेरि जन्मदेखि बाहौं र सोहौं दिन पनि शुभ हो। अनि बुध, बृहस्पति, शुक्र, चन्द्र-वार शुभ हो। ओजवर्ष श्रेष्ठ हो, अर्थात् पैल्हो, तेस्रो, पाँचौं, श्रवण, धनिष्ठा, पुनर्वसु, मृदुसंज्ञक, लघुसंज्ञक यी नक्षत्रमा कर्णवेध शुभ हुन्छ। लग्नदेखि आठौं कोहि ग्रह न होस् त्रिकोण ९।५ केन्द्र १।४।७।१० तेस्रो र एकादशमा शुभग्रह होस् औ शुक्र, बृहस्पतिको लग्न होस् अर्थात् वृष, तुला, धन, मीन यी लग्न हुन्, पाप ग्रह छैटौं, तेस्रा, एकादश स्थानमा हुन्, अरु लग्नमा बृहस्पति भएका बेला शुभ हुन्छ॥ २१३-२१४॥

* मुण्डनमुहूर्तः *

चूडावर्षात्तृतीयात्प्रभवति विषमेष्टार्करिक्ताद्यषष्ठी
पर्वोनाहे विचैत्रोदगयनसमये ज्ञेन्दुशुक्रेज्यकानाम्॥
वारे लग्नांशयोश्चास्वभनिधनतनौ नैधने शुद्धियुक्ते
शाकोपेतैर्विमैत्रैर्मृदुचरलघुभैरायषट्त्रिस्थपापैः।२१५।
पञ्चमासाधिके मातुर्गर्भे चौलं शिशोर्न सत्॥
पञ्चवर्षाधिकस्येष्टं गर्भिण्यामपि मातरि॥२१६॥
तारादौष्ट्येऽब्जे त्रिकोणोच्चगे वा
क्षौरं सत्स्यात् सौम्यमित्रस्ववर्गे॥
सौम्येऽभेऽब्जे शोभने दुष्टतारा
शस्ता ज्ञेया क्षौरयात्रादिकृत्ये॥२१७॥
ऋतुमत्याः सूतिकायाः सूनोश्चौलादिनाचरेत्।
ज्येष्ठापत्यस्य न ज्येष्ठे कैश्चिन्मार्गेऽपि नेष्यते॥२१८॥

विषम (पहिलो, तेस्रो, पाँचौं) वर्षमा मुण्डन गर्नु श्रेष्ठ हुन्छ। फेरि अष्टमी, द्वादशी, रिक्ता ४-९-१४ प्रतिपदा, षष्ठी पूर्वोक्त पर्व

र चैत्रमास यी सम्पूर्ण वर्जित छन् । उत्तरायणका सूर्यमा बुध, चन्द्र, शुक्र, बृहस्पतिवारमा शुभ हुन्छ । जन्मलग्न र जन्म राशिदेखि आठौं लग्न वर्जित हुन्छ। आठौं घर शुद्ध हुनुपर्छ अर्थात् अष्टम स्थानमा कुनै ग्रह नहउन् । ज्येष्ठा नक्षत्रले युक्त अनुराधा नक्षत्रका बिना मृदुसंज्ञक, चर संज्ञक, लघुसंज्ञक नक्षत्र शुभ हुन्छन् । पापग्रह तेस्रा, छैटा, एकादश स्थानमा शुभ हुन्छ । बालककी आमाको ५ महीनाभन्दा बढ्ताको गर्भ भए मुण्डन गर्नु वर्जित छ। बालकको ५ वर्षभन्दा बढ़ी उमेर भए मुण्डन गर्नु शुभ हुन्छ । गर्भको दोष हुँदैन । तारा दुष्ट भएमा चन्द्रमा त्रिकोण ९-५ मा वा उच्च अर्थात् वृषको होस् ता ताराको दोष लाग्दैन । अथवा चन्द्रमा शुभ ग्रह वा मित्रका षड्वर्गमा होस्ता शुभ ग्रहका राशिमा भए पनि दुष्टताराको दोष लाग्दैन, शुभ हुन्छ। अरु मुण्डनादि र यात्रा पनि शुभ हुन्छ। बालककी माता रजस्वला भएमा पनि मुण्डन अशुभ हुन्छ । फेरि पैल्हा गर्भको बालक भएमा ज्येष्ठमासमा मुण्डन गर्नु हुँदैन । कोही २ आचार्यका मतमा यस्तो पनि छ कि प्रथम गर्भका बालकको मार्गशीर्षमा मुण्डन वर्जित हुन्छ ॥२१५-२१८॥

* नित्यक्षौरमुहूर्तः *

क्षौरे प्राणहरास्त्याज्या मघा मैत्रं च रोहिणी
उत्तरा कृत्तिका वारा भानुभौमशनैश्चराः ॥२१९॥
रिक्ता हेयाष्टमी षष्ठी क्षौरे चन्द्रक्षयो निशा ।
सन्ध्याविष्टयन्तगण्डान्ताभोजनान्तश्चगोगृहम् ॥२२०॥

मघा, अनुराधा, रोहिणी, तीनै उत्तरा, कृत्तिका यी र रवि, मङ्गल, शनिवार यी नित्य चौर अर्थात् हजामत बनाउनमा वर्जित छन् । रिक्ता तिथि ४।९।१४ अष्टमी, षष्ठी, अमावस्या रात्रि सन्ध्या, भद्रा र गण्डान्त अनि फेरि भोजनका पछि र गोशालामा वर्जित हुन्छ ॥२१९-२२०॥

* अक्षरारम्भमुहूर्तः *

गणेशविष्णुवाग्रमाः प्रपूज्य पञ्चमाब्दके
तिथौ शिवार्कदिग्द्विषट् शरत्रिके रवावुदक् ॥
लघुश्रवोनिलान्त्यभादितीशतक्षमित्रभे
चरोनसत्तनौ शिशोर्लिपिग्रहः सतां दिने ॥२२१॥

गणेश, विष्णु, सरस्वती, लक्ष्मीको पूजन गरेर पञ्चम वर्षमा अक्षरारम्भ गर्नु शुभ हुन्छ। एकादशी, द्वादशी, दशमी, द्वितीया षष्ठी, पञ्चमी, तृतीया यी तिथि शुभ हुन्छन्। उत्तरायणका सूर्यमा, लघु-संज्ञक नक्षत्र वा श्रवण, स्वाती, रेवती, पुनर्वसु, चित्रा, अनुराधा यी नक्षत्रमा शुभ हुन्छ। फेरि चर संज्ञक लग्न १।४।७।१० वर्जित गर्नु। यस्ता शुभ दिनमा बालकलाई लेखन प्रारम्भ गराउनु ॥२२१॥

* विद्यारम्भमुहूर्तः *

मृगात्कराच्छ्रुतित्रयेऽश्विमूलपूर्विकात्रये-
गुरुद्वयेऽर्कजीववित्सितेऽह्नि षड्शरत्रिके ॥
शिवार्कदिग्द्विके तिथौ ध्रुवान्त्यमित्रभे परैः
शुभैरधीतिरुत्तमा त्रिकोणकेन्द्रगैः स्मृता ॥२२२॥

मृगशिरा, आर्द्रा, पुनर्वसु, हस्त, चित्रा, स्वाती, श्रवण, धनिष्ठा, शतभिषा अश्विनी, मूल तीनै पूर्वा, पुष्य र अश्लेषा यी नक्षत्रमा विद्यारम्भ गर्नु शुभ हुन्छ। रवि, बुध, गुरु, शुक्र यी वार तथा षष्ठी, पञ्चमी, तृतीया, एकादशी, द्वादशी, दशमी, द्वितीया यी तिथिमा शुभ हुन्छ। अरू आचार्यका मतले ध्रुवसंज्ञक नक्षत्र तथा रेवती वा अनुराधा यी असल हुन्, फेरि अरू शुभग्रह त्रिकोण ९।५ वा केन्द्र १।४।७।१० मा हुनु चाहिन्छ ॥ २२२ ॥

* गणितारम्भ मुहूर्तः *

शतद्वयेऽनुराधार्द्रे रोहिणीरेवतीकरे ।
पुष्ये जीवे बुधे कुर्यात्प्रारम्भं गणितादिषु ॥२२३॥

शतभिषा, पूर्वाभाद्रपद, अनुराधा, आर्द्रा, रोहिणी, रेवती, हस्त, पुष्य यी नक्षत्रमा र गुरु, बुधवारमा गणितारम्भ गर्नु असल हुन्छ ॥२२३॥

* व्याकरणारम्भ मुहूर्तः *

रोहिणी पञ्चके हस्तात्पुनर्भे मृगभेऽश्विभे ।
पुष्ये शुक्रेज्यविद्वारे शब्दशास्त्रं पठेत् सुधीः ॥२२४॥

रोहिणी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, पुनर्वसु, मृगशिरा, अश्विनी, पुष्य यी नक्षत्रमा र फेरि शुक्र, बृहस्पति, बुधवारमा व्याकरण शास्त्र पढ्न थाल्नु असल हुन्छ ॥ २२४ ॥

* न्यायादि शास्त्रारम्भ मुहूर्तः *

त्र्युत्तरे रोहिणीपुष्ये पुनर्भे श्रवणे करे ।
अश्विन्यां शतभे स्वातौ न्यायशास्त्रादिकं पठेत् ॥२२५॥

तीनै उत्तरा, रोहिणी, पुष्य, पुनर्वसु, श्रवण, हस्त, अश्विनी, शतभिषा र स्वाती यी नक्षत्रमा न्यायशास्त्र आदि पढ्न आरम्भ गर्नु लाभदायक हुन्छ ॥ २२५ ॥

* धर्मशास्त्रपुराणारम्भ मुहूर्तः *

हस्तादि पञ्चके पुष्ये रेवतीद्वितये मृगे ।
श्रवत्रये शुभारम्भो धर्मशास्त्रपुराणयोः ॥ २२६ ॥

हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, पुष्य, रेवती, अश्विनी, मृगशिरा, श्रवण, धनिष्ठा र शतभिषा यी नक्षत्रमा धर्मशास्त्रारम्भ तथा पुराणारम्भ असल हुन्छ ॥ २२६ ॥

* वैद्यविद्या तथा गारुडीविद्यारम्भ मुहूर्तः *

हस्तत्रयेऽनुराधायां पुनर्भे श्रवणत्रये ।

मूले चान्त्येऽश्विनीपुष्ये ज्येष्ठाश्लेषार्द्रभे मृगे ॥२२७॥
वैद्यविद्या कुजेऽब्जेऽर्के ज्येष्ठाहीनेऽत्र गारुडी ॥२२८॥

हस्त, चित्रा, स्वाती, अनुराधा, पुनर्वसु, श्रवण, धनिष्ठा, शतभिषा, मूल, रेवती, अश्विनी, पुष्य, ज्येष्ठा, अश्लेषा, आर्द्रा र मृगशिरा यी नक्षत्रमा वैद्यविद्या शुभ हुन्छ। मंगल, सोमवार तथा रविवार यी दिन असल हुन्छन्। फेरि यिनै नक्षत्रमा ज्येष्ठालाई छोडेर सर्प-विद्या शुभ हुन्छ ॥ २२७–२२८ ॥

* जैनविद्यारम्भमुहूर्तः *

श्रवणत्रये मघापूर्वाऽनुराधारेवतीत्रये ।
पुनर्भे स्वातिभे सूर्ये शुक्रे जैनागमं पठेत् ॥२२९॥

श्रवण, धनिष्ठा, शतभिषा, मघा, तीनै पूर्वा, अनुराधा, रेवती, अश्विनी, भरणी, पुनर्वसु, स्वाती यी नक्षत्रमा रवि र शुक्रवारका दिन जैनविद्या पढ्नु शुभदायक हुन्छ ॥ २२९ ॥

* फारसीविद्यारम्भमुहूर्तः *

ज्येष्ठाश्लेषा तथा पूर्वा रेवतीभरणीद्वये ।
विशाखार्द्रोत्तराषाढाशतभे पापवासरे ॥
लग्ने स्थिरे च चन्द्रे च फारसीमारबीं पठेत् ॥२३०॥

ज्येष्ठा, अश्लेषा, तीनै पूर्वा, रेवती, भरणी, कृत्तिका, विशाखा, आर्द्रा, उत्तराषाढ़ा, शतभिषा यी नक्षत्र र शनि, मङ्गल, रविवारका दिन फारसी र अरबी विद्या पढ्नु शुभ हुन्छ ॥२३०॥

* लेखनारम्भमुहूर्तः *

शुभे तिथौ शुभे वारे रेवतीयुगले तथा ।
श्रवणे चानुराधायां तथैवार्द्रादिषु त्रिषु ॥२३१॥
हस्तादित्रितये कुर्याल्लेखनारम्भणं सुधीः ॥२३२॥

शुभतिथि, वार र रेवती अश्विनी, श्रवण, अनुराधा, आर्द्रा, पुनर्वसु, पुष्य, हस्त चित्रा र स्वाती यी नक्षत्रमा लेखन आरंभ असल हुन्छ २३१-३२

* बालकजन्मसमये अभुक्तमूलादिज्ञानम् *

ज्येष्ठान्ते घटिकायुग्मं मूलादौ घटिकाद्वयम् ।
अभुक्तमूलमेतत्स्यादित्येवं नारदोऽब्रवीत् ॥२३३॥
वशिष्ठस्तु तयोरन्त्याद्ययोरेकद्विनाडिकम् ।
अङ्गिराघटिकामेकामन्ये षट् चाष्ट तत्र तु ॥२३४॥
जातं शिशुं त्यजेत्तातो न पश्येद्वाष्टहायनम् ॥२३५॥

ज्येष्ठा नक्षत्रका अन्तको २ घड़ी र मूलका आदि ( आद्य ) को घड़ी अभुक्तसंज्ञक मूल हुन्छ । यो नारदजीको वचन हो । अरू वशिष्ठजी भन्छन् कि ज्येष्ठका अन्तमा एक घड़ी र मूलका आदिमा दुइ घड़ी अभुक्तसंज्ञक मूल हुन्छ । अङ्गिरा ऋषि भन्छन् कि ज्येष्ठान्तको १ घड़ी र मूलादिको एक घड़ी अभुक्तसंज्ञक मूल हो । अरू-अरू आचार्यहरूको यो मत छ कि ज्येष्ठाका ६ घड़ी मूलका आदिको ८ घड़ी अभुक्त-संज्ञक हो । यस्ता योगमा बालक उत्पन्न भयो भने बाबूले त्यसलाई त्यागीदिनू अथवा आठ वर्षसम्म त्यसको मुख नहेर्नु; त्यसपछि हेर्दामा दोष लाग्दैन हेर्न हुन्छ ॥२३३-२३५॥

* मूलजनने पादफलम् *

मूलादिचरणे तातो द्वितीये जननी तथा ।
तृतीये तु धनं नश्येच्चतुर्थे हि शुभावहम् ॥२३६॥

मूलको पहिला चरणमा जन्म भए पिताको नाश गर्छ, दोस्रा चरणमा माताको र तेस्रा चरणमा धनको नाश गर्छ; चौथा चरणमा असल हुन्छ॥

* द्वितीयप्रकारेण पादफलम् *

आद्ये पिता नाशमुपैति मूले । पादे द्वितीये जननी तृतीये ॥

धनं चतुर्थोऽस्य शुभोऽथ शान्त्या-
सर्वत्र सत्स्यादहिभे विलोमम् ॥२३७॥

मतान्तरमा यस्तो भनेको छ कि पहिला चरणमा पिताको र दोस्रा चरणमा माताको नाश गर्छ; तेस्रा चरणमा धनको नाश गर्दछ र चौथो चरण असल हुन्छ। शान्ति गरे सबै असल हुन्छन्। यस्तै अश्लेषाको विलोम फल हुन्छ अर्थात् पहिला चरण शुभ, दोस्रा चरण धन नाश; तेस्रा चरण माताको नाश र चौथा चरणमा पिताको नाश गर्दछ ॥ २३७ ॥

* ज्येष्ठायाश्चरणफलम् *

आद्ये पादेऽग्रजं हन्ति ज्येष्ठायामनुजं द्विके।
तृतीये जननीं जातः स्वात्मानं च तुरीयके ॥२३८॥

ज्येष्ठा नक्षत्रका पहिला चरणमा दाज्यूको नाश गर्छ, दोस्रा चरणमा भाईको नाश गर्छ; तेस्रा चरणमा माता (आमा) लाई पिर्दछ, ज्येष्ठाका चौथा चरणमा जन्म भए बालक आफैं नाश हुन्छ अर्थात् मर्दछ ॥२३८॥

* मूलवासज्ञानम् *

माघाषाढाश्विने भाद्रपदे मूलं वसेद्दिवि।
कार्त्तिके श्रावणे चैत्रे पौषमासे तु भूतले ॥२३९॥
वैशाखे फाल्गुने ज्येष्ठे मार्गे पातालवर्ति तत्।
भूतले वर्तमाने तु ज्ञेयो दोषोऽन्यथा न हि ॥२४०॥

माघ, आषाढ, आश्विन र भाद्रपद यी महीनामा मूलको वास आकाशमा जान्नू। कार्तिक, श्रावण, चैत र पौषमा मूलको वास पृथ्वीमा जान्नू। वैशाख, फाल्गुन, ज्येष्ठ, मार्गशीर्षमा मूलको वास पातालमा जान्नू। जब पृथ्वीमा मूलको वास हुन्छ तब त्यो मूल दोषी हुन्छ अन्यथा दोष लाग्दैन ॥ २३९-२४० ॥

* मूलवासचक्रम् *

| आकाश | पृथ्वी | पाताल | मूलवास |
|---|---|---|---|
| माघ, आषाढ आश्विन, भाद्र | कार्तिक, चैत्र श्रावण, पौष | फाल्गुन, ज्येष्ठ मार्गशीर्ष, वैशाख | मास |

* स्तन्यपानमुहूर्तः *

जातकर्मोक्तनक्षत्रे श्रवणे च पुनर्वसौ ।
त्यक्त्वा स्वातीं स्तन्यपानं शुभं प्रोक्तं शुभेऽहनि ॥२४१॥

जातकर्ममा जो नक्षत्र कहिएको छ तथा श्रवण, पुनर्वसु नक्षत्रमा बालककी माताको प्रथम दुग्ध पान गराउनु शुभ हुन्छ, स्वाती नक्षत्रले रहित भएको राम्रो दिन असल हुन्छ ॥ २४१ ॥

* सूतिकाक्वाथमुहूर्तः *

भैषज्यगदिते धिष्ण्ये वारे दुर्योगवर्जिते ।
आरोग्यहेतवे क्वाथः सूतिकायाश्च तच्छिशोः ॥२४२॥

जो नक्षत्र र वारमा औषधि खान कहेको छ उसमा सुत्केरी स्त्रीलाई काढ़ा (औषधि दिनु असल हुन्छ । दुर्योगादि वर्जित गरी यसै मुहूर्तमा बालकलाई पनि आरोग्यका निम्ति काढ़ा इत्यादि दिनु असल हुन्छ ॥

* सूतिकापथ्यमुहूर्तः *

अन्नाशनोक्तनक्षत्रे शुभाहे सांशुमालिनि ।
हित्वा रिक्ता च दुर्योगं सूतिकापथ्यमीरितम् ॥२४३॥

जो नक्षत्र अन्नप्राशनमा कहेका छन् उनैमा सूतिका स्त्रीलाई पथ्य (अन्नादि) दिनु लाभदायक हुन्छ, फेरि रविवारले समेतका असल दिन पनि हुनु पर्दछ । दुष्ट योग वा रिक्ता तिथि वर्जित छ ॥ २४३ ॥

* यवनागमे लिङ्गाण्डच्छेदनमुहूर्तः *

नराश्ववृषभादिनां लिङ्गाण्डच्छेदनं मतम् ।
अर्कारेज्यान्त्यपुष्यार्कस्वातीन्दुश्रुतिवासवैः ॥२४४॥

मनुष्य वा वृषादिको लिङ्गाण्डच्छेदन ( खसीपार्ने ) मुहूर्त यवन-शास्त्रका मतले विचार गर्नु, रवि, मङ्गल, गुरुवार तथा रेवती, पुष्य, हस्त, स्वाती, मृगशिरा, श्रवण र धनिष्ठा यी नक्षत्र मा असल हुन्छ ॥

* शुभाशुभतारीखज्ञानम् *

तृतीया तथैवाष्टमी विश्वसंख्या
तथाष्टादशी च त्रयोविंशतिश्च ।
तथैवाष्टविंशत्तरीखा निषिद्धाः
सदा यावनैः शास्त्रविद्भिः प्रदिष्टाः ॥२४५॥

फारसी मासको तेस्रो, आठौं, तेह्रौं, अठाह्रौं, तेईसौं र अट्ठाईसौं यी तारीख (गते) निषिद्ध छन् । यी यवन-शास्त्रमा प्रदिष्ट छन् ॥२४५॥

* गण्डान्तयोगैः मूलनक्षत्रज्ञानम् *

ज्येष्ठाश्लेषारेवतीनामन्ते च घटिकाद्वयम् ।
आदौ मूलमघाश्वानां भगण्डो घटिकाद्वयम् ॥२४६॥

ज्येष्ठा, अश्लेषा र रेवती यी नक्षत्रका अन्तमा दुइ घड़ी र मूल, मघा तथा अश्विनीका आदिमा दुइ घड़ी नक्षत्र गण्डान्त हुन्छ । फेरि यी ६ नक्षत्र मूलका जान्नु ॥ २४६ ॥

* तिथिगण्डान्तज्ञानम् *

नन्दिकायास्तिथेरादौ पूर्णानां च तथान्तिमे ।
घटिकैका शुभे त्याज्या तिथिगण्डोऽयमुच्यते ॥२४७॥

नन्दा तिथिका आदिमा र पूर्णातिथिका अन्तमा एक-एक घड़ी-का दरले तिथि गण्डान्त हुन्छ, यो शुभ कार्यमा त्याज्य छ ॥२४७॥

* लग्नगण्डान्तज्ञानम् *

मीनवृश्चिककर्कान्ते घटिकार्धं परित्यजेत् ।
आदौ मेषस्य चापस्य सिंहस्य घटिकार्धकम् ॥२४८॥

मीन, वृश्चिक र कर्कका अन्तमा आधा घडी लग्न गण्डान्त हुन्छ। मेष, धन र सिंहका आदिमा आधा घडीसम्म लग्नगण्डान्त हुन्छ २४८

* गण्डान्तफलम् *

तिथिगण्डे भगण्डे च लग्नगण्डे च जातकः।
न जीवति तदा जातो जीवितश्चेद्धनी भवेत् ॥२४९॥

तिथिगण्डान्त वा लग्नगण्डान्तमा बालक जन्म्यो भने बाँच्दैन; यदि बाँच्यो भने ठूलो धनी हुन्छ ॥ २४९ ॥

* अग्निहोत्रमुहूर्तः *

प्राजापत्ये पूषभे सद्द्विदैवे
पुष्ये जेष्ठाश्वीन्दवे कृत्तिकासु ॥
अग्न्याधानं चोत्तराणां त्रयेऽपि
श्रेष्ठं प्रोक्तं प्राक्तनैर्विप्रमुख्यैः ॥२५०॥

रोहिणी, रेवती, विशाखा, पुष्य, ज्येष्ठा, अश्विनी, मृगशिरा, कृत्तिका, तीनै उत्तरा यी नक्षत्रमा अग्निहोत्रादि यज्ञ शुभ हुन्छ। आचार्य भन्छन् कि यो यज्ञ ब्राह्मणहरूको मुख्य हो ॥ २५० ॥

* यज्ञोपवीतमुहूर्तः *

पूर्वाषाढहरित्रयेऽश्विमृगभे हस्तत्रये रेवती।
ज्येष्ठापुष्यभगेषु चोत्तरगते भानौ च पक्षे सिते ॥
गोमीनप्रमदाधनुर्वनचरे शुक्रे गुरौ भास्करे।
पञ्चम्यां दशमीत्रये व्रतमिह श्रेष्ठं द्वितीयाद्वये ॥२५१॥

पूर्वाषाढा, श्रवण, धनिष्ठा, शतभिषा, अश्विनी, मृगशिरा, हस्त, चित्रा, स्वाती, रेवती, ज्येष्ठा, पुष्य र पूर्वाफाल्गुनी यी नक्षत्र यज्ञोपवीत ( व्रतबन्ध ) मा शुभ हुन् तथा उत्तरायणका सूर्य हउन् फेरि शुक्लपक्ष होस् अरु वृष, मीन, कन्या, धन, सिंह यी लग्न शुभ

हुन्छ। शुक्र, बृहस्पति, रविवार शुभ हुन्छ; फेरि पञ्चमी, दशमी, एकादशी, द्वादशी, द्वितीया, तृतीया यी तिथि शुभ हुन्छन् ॥ २५१ ॥

* द्वितीयप्रकारेण यज्ञोपवीतमुहूर्तः *

क्षिप्रध्रुवाहिचरमूलमृदुत्रिपूर्वा
रौद्रेऽर्कविद्गुरुसितेन्दुदिने व्रतं सत् ।
द्वित्रीषुरुद्ररविदिक्प्रमिते तिथौ च
कृष्णादिमत्रिलवकेऽपि न चापराह्णे ॥२५२॥

कवीज्यचन्द्रलग्नपा रिपौ मृतौ व्रतेऽधमाः ।
व्ययेऽब्जभार्गवौ तथा तनौ मृतौ सुते खलाः ॥२५३॥
व्रतबन्धेऽष्टषड्रिष्फवर्जिताः शोभनाः शुभाः ।
त्रिषडाये खलाः पूर्णो गोकर्कस्थो विधुस्तनौ ॥२५४॥

क्षिप्रसंज्ञक नक्षत्र, ध्रुवसंज्ञक, आश्लेषा, चरसंज्ञक, मूल, मृदुसंज्ञक, तीनै पूर्वा, आर्द्रा यी नक्षत्र तथा रवि, बुध, गुरु, शुक्र, चन्द्र यी वार र द्वितीया, तृतीया, पञ्चमी, एकादशी, द्वादशी, दशमी यी तिथि शुभ छन्। शुक्लपक्ष र कृष्णपक्षको पञ्चमीसम्म शुभ हुन्छ। शेष कृष्णपक्ष अशुभ जान्नु, पराह्ण अर्थात् दिनको तेस्रो भागमा पनि वर्जित छ अर्थात् दोपहरदेखि पूर्व यज्ञोपवीत गर्नु शुभ हुन्छ।

यज्ञोपवीतमा लग्नदेखि छैठौं, आठौं स्थानमा स्थित भएको शुक्र

---

१—यद्यपि सबै वर्णको यज्ञोपवीत ( व्रतबन्ध ) संस्कार क्षिप्रादि संज्ञा नक्षत्रमा कहियो। तथापि ब्राह्मणका बालकहरूको व्रतबन्ध पुनर्वसु नक्षत्रमा गर्नु ठीक हुँदैन भन्ने यस्तो शिष्टाचार ( रुढ़ी-बुढ़ी ) छ। यस निमित्त ग्रन्थान्तर बाट यो पनि ज्ञात हुन्छ कि ब्राह्मणको वसन्त ऋतुमा, क्षत्रियको ग्रीष्म ऋतुमा; वैश्यको शरद ऋतुमा व्रतबन्ध संस्कार गर्नु ठीक हुन्छ अर्थात् यसमा गर्दा अति उत्तम हुन्छ, फेरि माघदेखि लिएर ज्येष्ठ सम्म ५ महीना ब्राह्मणादिका निमित्त साधारण कहिएको छ।

बृहस्पति, चन्द्रमा, लग्नेश बाह्रौं स्थानमा स्थित चन्द्रमा शुक्र अनि लग्नमा किंवा आठौं पाँचौं स्थानमा पाप ग्रहहरू स्थित भए अधम अर्थात् बालकलाई अनिष्टकारक हुन्छ ।

यज्ञोपवीतमा लग्नदेखि आठौं छैठौं र बाह्रौं स्थान छोडेर अन्य स्थानमा शुभग्रह स्थित हउन्, तेस्रो छैठौं एघारौं स्थानमा पापग्रह स्थित भएर पूर्ण चन्द्रमा लग्नमा स्थित भए शुभ हुन्छ । तथा वृष, कर्क राशिमा स्थित भयो भने शुभ हुन्छ ॥ २५२–२५४॥

* यज्ञोपवीतलग्ने नवांशफलम् *

क्रूरो जडो भवेत्पापः पटुः षट्कर्मकृद् बटुः ।
यज्ञार्थभाक् तथा मूर्खो रव्याद्यंशे तनौ क्रमात् ॥२५५॥

यज्ञोपवीतका लग्नमा सूर्यका नवांश[१]को उदय भए बालक क्रूर अर्थात् निर्दयी हुन्छ । अरू चन्द्रमाका नवांशको उदय होस् ता जड़ अर्थात् विचारहीन हुन्छ । तथा मङ्गलका नवांशको उदय होस्ता पापी, बुधका नवांशको उदयमा पण्डित हुन्छ । फेरि बृहस्पतिका नवांशको उदयमा षट्कर्म[२] गर्ने हुन्छ । शुक्रका नवांशको उदय होस्ता यज्ञ गर्ने हुन्छ । शनिका नवांशको उदयमा मूर्ख हुन्छ ! यस्कारण व्रतबन्ध मुहूर्तका लग्नमा शुभ ग्रहकै नवांशमा यज्ञोपवीत गर्नु उत्तम हुन्छ ॥२५५॥

* यज्ञोपवीते चन्द्रनवांशफलम् *

विद्यानिरतः शुभराशिलवे पापांशगते हि दरिद्रतरः ।
चन्द्रे स्वलवे बहुदुःखयुतःकर्णादितिभे धनवान्स्वलवे २५६

यज्ञोपवीत कालमा चन्द्रमा यदि शुभराशिका नवांशमा स्थित भए बालक विद्यामा निरत, पापाराशिका नवांशमा बहुतै दरिद्र आफ्ना राशिको अर्थात् कर्कका नवांशमा स्थित भए बहुत दुःख प्राप्त

१—रवि आदिका नवांशको विचार यसै प्रकरणमा गरिन्छ ।

२—यज्ञगर्नु, यज्ञगराउनु, दानलिनु, दिनु पढ्नु पढाउनु यिने कर्म हुन् ।

हुन्छ, तथा श्रवण वा पुनर्वसु नक्षत्रका चन्द्रमा मएर कर्कका नवांशमा होस्ता बालक धनवान् हुन्छ ॥२५६॥

* यज्ञोपवीतमध्ये कुयोगादिज्ञानम् *

कृष्णे प्रदोषेऽनध्याये शनौ निश्यपराह्णके ।
प्राक् सन्ध्यागर्जिते नेष्टो व्रतबन्धो गलग्रहे ॥२५७॥
त्रयोदश्यादिचत्वारि सप्तम्यादिदिनत्रये ।
चतुर्थीमेकमेतेषु अष्टावेते गलग्रहाः ॥२५८॥

पञ्चमीसम्म छोड़ेर कृष्णपक्षमा र सायंकाल प्रदोष परेको दिनमा फेरि अनध्यायमा शनिवारका दिनमा अनि रात्रिमा तथा मध्याह्नका पछाडी प्रातःकाल मेघ गर्जेका दिनमा यज्ञोपवीत गर्दा अशुभ हुन्छ तथा गलग्रहमा पनि वर्जित छ । अब गलग्रह लेखिन्छ, त्रयोदशीदेखि चार तिथि अर्थात् त्रयोदशी, चतुर्दशी, पूर्णमासी, परेवा; कृष्णपक्षमा अमावस्या र सप्तमीदेखि तीन तिथि गलग्रह संज्ञक जान्नू ॥२५७–२५८॥

* प्रदोषज्ञानम् *

अर्कतर्कत्रितिथिषु प्रदोषः स्यात्तदग्रिमैः ।
रात्र्यर्धसार्धप्रहरयाममध्यस्थितैः क्रमात् ॥२५९॥

द्वादशी तिथिमा आधारातदेखि पहिले त्रयोदशी तथा षष्ठी तिथिमा डेढ़पहर रात्रिसम्म सप्तमी, तृतीया तिथिमा एकपहर रात्रिसम्म चौथिको प्रवेश भयो भने प्रदोष जान्नू ॥२५९॥

* अनध्यायज्ञानम् *

शुचिशुक्रपौषतपसां दिगशिवरुद्रार्कसंख्यसिततिथयः ।
भूतादित्रितयाष्टमीसंक्रमणं च व्रतेष्वनध्यायाः ॥२६०॥

* अन्यकुयोगज्ञानम् *

आषाढ़शुक्ल दशमी, ज्येष्ठ शुक्लद्वितीया, पौष शुक्ल एकादशी,

माघ शुक्ल द्वादशी यी सबै यज्ञोपवीतमा अनध्याय संज्ञक हुन्, चतुर्दशीदेखि तीन तिथि अर्थात् चतुर्दशी, पौर्णमासी ( अमावस्या ), प्रतिपदा वा अष्टमी तथा सूर्यसंक्रांतिको दिन यी पनि यज्ञोपवीतमा अनध्याय संज्ञक हुन् । यिनमा यज्ञोपवीत गर्नु ठीक हुँदैन ॥२६०॥

* अन्यकुयोगज्ञानम् *

नान्दीश्राद्धोत्तरं मातुः पुष्पे लग्नान्तरे न हि
शान्त्या चौलं व्रतं पाणिग्रहः कार्योऽन्यथा न सत् ।२६१।

नान्दीश्राद्धका अनन्तर बालकको माता रजस्वला भए त्यस बालकको मुण्डन, यज्ञोपवीत, विवाह संस्कार पूर्वनिश्चित मुहूर्त छोडेर दोस्रा मुहूर्तमा गर्नुपर्छ, यदि दैवयोगले शुभ मुहूर्त शीघ्र नपाए धर्मशास्त्रोक्त शान्ति गरेर उसै मुहूर्तमा मुण्डनादि संस्कार-कर्म गर्नू बिना शान्ति मुण्डनादि संस्कार गरे शुभ हुँदैन ॥२६१॥

* ग्रहयुक्तकुयोगज्ञानम् *

शुक्रे जीवे तथा चन्द्रे सूर्यभौमार्किसंयुते ।
निर्गुणः क्रूरचेष्टः स्यान्निर्घृणः सद्युते पटुः ॥२६२॥

शुक्र, बृहस्पति, चन्द्रमा, सूर्यके साथ भए बालक निर्गुणी हुन्छ, तथा शुक्र, बृहस्पति, चन्द्रमा मङ्गलका साथ भए बालक क्रूरचेष्टाको हुन्छ । शुक्र, बृहस्पति, चन्द्रमा, शनिका सँग भए बालक निर्दयी होला । फेरि सबै शुभग्रह एकै घरमा भए पण्डित होला ॥२६२॥

* व्रतबन्धे विवाहादौ च रविगुर्वादिबलम् *

गुरुसूर्यबलं ज्ञेयं विवाहे यद्विवक्ष्यते ।
चन्द्रताराबलं पूर्वमुक्तं ग्राह्यं बटोः शुभम् ॥२६३॥
बटुकन्याजन्मराशेस्त्रिकोणायद्विसप्तगः ।
श्रेष्ठो गुरुः खषट्त्र्याद्ये पूजयाऽन्यत्र निन्दितः ॥२६४॥

चतुर्थे चाष्टमे चैव द्वादशस्थे दिवाकरे ।
विवाहितो नरो मृत्युं प्राप्नोत्यत्र न संशयः ॥२६५॥
जन्मन्यथो द्वितीये वा पञ्चमे सप्तमेऽपि वा ।
नवमे च दिवानाथे पूजया पाणिपीडनम् ॥२६६॥
एकादशे तृतीये वा षष्ठे वा दशमेऽपि वा ।
वरस्य शुभदो नित्यं विवाहे दिननायकः ॥२६७॥

अस्ता प्रकारले विवाहमा बृहस्पति, सूर्यको बल विचारिन्छ उसै तरह व्रतबन्धमा पनि विचारिन्छ । फेरि पूर्वोक्त चन्द्रमा वा ताराको बल पनि लिनुपर्छ । जब राम्रो हुन्छ तब यज्ञोपवीत बालकको शुभ हुन्छ । बालक वा कन्याका जन्मराशिदेखि नवम, पञ्चम, एकादश, दोस्रो, सातौं यी स्थानमा बृहस्पति हउन् ता श्रेष्ठ हुन्छ तथा दशौं, छैटौं, तेस्रो, पहिलो होस् ता दान दिनाले शुभ हुन्छ । फेरि चौथो, आठौं, बाह्रौं अशुभ जान्नु । जन्मराशिदेखि चौथो, आठौं, बाह्रौं स्थानमा सूर्य बसे बालकको मृत्यु हुन्छ । फेरि जन्मको दोस्रो वा पांचौं, सातौं वा नवौं भए पूजा गर्दा शुभ हुन्छ । फेरि एकादश, तेस्रो, छैटौं, दशौं सूर्य भए शुभ जान्नु ॥२६३–२६७॥

* गुरुबलचक्रम् * रविबलचक्रम् *

| स्थानानि | फलम् | स्थानानि | फलम् |
|---|---|---|---|
| ११ । २ । ५ । ७ । ९ | शुभम् | ११ । ३ । ६ । १० | शुभम् |
| ६ । १ । ३ । १० | पूज्यः | १ । २ । ५ । ७ । ९ | पूज्यः |
| ४ । ८ । १२ | नेष्टः | ४ । ८ । १२ | नेष्टः |

* गुरुपरिहारः *

स्वोच्चे स्वभे स्वमैत्रे वा स्वांशे वर्गोत्तमे गुरुः ।
रिष्फाष्टतुर्यगोऽपीष्टो नीचारिस्थः शुभोऽप्यसत् ॥२६८॥

बृहस्पति कर्क, धन, मीन राशिका हुन् अथवा आफ्ना मित्रका घरमा हुन् अर्थात् मेष वृश्चिक राशिका वा धन, मीनका नवांशमा हुन्, उनै राशि तथा वर्गोत्तम अर्थात् जुन राशिका बृहस्पति छन् उनै राशिका नवांश भएमा बाहौं आठौं चौथो भए पनि शुभ जान्नु। नीच अर्थात् मकर राशिका वा शत्रुका घरमा अर्थात् मिथुन, कन्या, तुला, वृष राशिका भए ता अशुभ जान्नु ॥२६८॥

* यज्ञोपवीतलग्ने केन्द्रस्थानगतग्रहफलम् *

राष्ट्रसेवी वैश्यवृत्तिः शस्त्रवृत्तिश्च पाठकः।
प्राज्ञोऽर्थवान् म्लेच्छसेवी केन्द्रे सूर्यादिखेचरैः ॥२६९॥

लग्न, चौथो, सातौं, दशौं यी स्थानको केन्द्र संज्ञा जान्नु। यदि यज्ञोपवीत कालमा केन्द्रमा सूर्य भए बालक राष्ट्र-सेवक, चन्द्रमा भए वैश्यवृत्तिवाला (व्यापारी), मङ्गल भए हतियार उठाउने, बुध भए पाठक अर्थात् पढ्ने वा पढाउने, बृहस्पति भए पण्डित, शुक्र भए अर्थवान् ( धनवान् ) र शनि केन्द्रमा भए म्लेच्छ ( मुसल्मान ) को नोकरी गर्ने हुन्छ ॥२६९॥

* ग्रहाणां केन्द्रफलचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रसेवी | वैश्यवृत्ति | शस्त्रवृत्तिः | पाठकः | प्राज्ञः | अर्थवान् | म्लेच्छसेवी | फलम् |

* द्वितीयप्रकारेण गुरुपरिहारः *

चैत्रे मासि रवौ मीने विबलेऽपि गुरौ बटोः।
व्रतबन्धः प्रशस्यः स्याच्चैत्रे मीनयुतः शुभः ॥२७०॥

चैत महीना, मीन राशिका सूर्य हुन् ता बालकको बृहस्पति निर्बल भए पनि व्रतबन्ध शुभ जान्नुः किनभने चैतमा मीनका सूर्य बहुतै शुभ हुन्छन् ॥२७०॥

* राज्ञां क्षुरिकाबन्धनमुहूर्तः *

व्रतोक्तमासतिथ्यादौ विचैत्रे सबले कुजे ।
विभौमे क्षुरिकाबन्धः प्राग्विवाहान्महीभुजाम् ॥२७१॥

यज्ञोपवीतको मास तिथ्यादि होस् परन्तु चैत्र महीनाको विना अरु मङ्गल राशिदेखि गोचरोक्त बली होस् फेरि मङ्गलवारका विना विवाहका पैल्है राजाहरुले क्षुरिकाबन्धन गर्नु शुभ हुन्छ ॥२७१॥

* विवाहमुहूर्तः *

मूलानुराधामृगरेवतीषु हस्तोत्तरास्वातिमघासुधात्र्ये ॥
ज्येष्ठे तपःफाल्गुनराधमार्गे शुचौ तु पाणिग्रहणं प्रशस्तम् २७२

मूल, अनुराधा, मृगशिरा, रेवती, हस्त, तीनै उत्तरा, स्वाती, मघा, रोहिणी यी नक्षत्र वा ज्येष्ठ, माघ, फाल्गुन, वैशाख, मार्गशीर्ष, आषाढ यी महीनामा विवाह शुभ हुन्छ ॥२७२॥

* वरणमुहूर्तः *

उत्तरात्रितयपूर्विकात्रये रोहिणीष्वनलभे वरणं सत् ॥
योषितो गुरुरिनः पुरुषस्येन्दुर्द्वयोः परिणये सबलः सन् २७३

तीनै उत्तरा, तीनै पूर्वा, रोहिणी, कृत्तिका यी नक्षत्रमा वर वरण गर्नु (जनैसुपारी पैसा आदि तिलक चढ़ाउनु) शुभ हुन्छ । यसमा स्त्रीको गुरुबल पुरुषको सूर्यबल लिएर विवाह गर्दा शुभ हुन्छ । यज्ञोपवीतमा कहिएको सबै विचार गर्नुपर्छ । अरू चन्द्रमाको बल[१] दुवैको लिनु पर्छ ॥२७३॥

* द्वितीयप्रकारेण वरणमुहूर्तः *

धरणिदेवोऽथवा कन्यकासोदरः
शुभदिने गीतवाद्यादिभिः संयुतः ।

---

१—चन्द्रबल संवत्सर प्रकरणमा लेखिएको हुनाले फेरि यहाँ लेखिएन ।

वरवृत्तिं वस्त्रयज्ञोपवीतादिना
ध्रुवयुतैर्वह्निपूर्वात्रयैराचरेत् ॥२७४॥

तीनै उत्तरा, रोहिणी, कृत्तिका, तीनै पूर्वा यी नक्षत्रमा शुभदिन, शुभ लग्नादिमा गीत बाजा आदिले युक्त भएर ब्राह्मण किंवा कन्याका भाइहरूले वस्त्र, यज्ञोपवीत र द्रव्य आदिले वरको वरण गर्नु ॥२७४॥

* विवाहे जन्ममासादिनिषेधः *

आद्यगर्भसुतकन्ययोर्द्वयोर्जन्ममासभतिथौ करग्रहः ॥
नोचितोऽथ विबुधैः प्रशस्यतेचेद् द्वितीयजनुषोः सुतप्रदः ॥

पहिले उत्पन्न भएका पुत्र कन्या हुन् ता जन्म-मास वा जन्म-नक्षत्र वा जन्मतिथि विवाहमा वर्जित गर्नू। अरू जो दोस्रा गर्भका पुत्र, कन्या भएमा जन्ममासादिकले पुत्रप्रद हुन्छ अर्थात् जन्म मासादिमा विवाह भयो भने पुत्रप्राप्ति हुन्छ ॥ २७५ ॥

* ज्येष्ठमासनिषेधः *

ज्येष्ठद्वन्द्वं मध्यमं संप्रदिष्टं
त्रिज्येष्ठं स्यान्नैव युक्तं कदापि ॥
केचित्सूर्यं वह्निगं प्रोज्झ्यमाहु-
र्नैवाऽन्योन्यं ज्येष्ठयोः स्याद्विवाहः ॥ २७६ ॥

दुइ ज्येष्ठमा विवाह मध्यम हुन्छ अर्थात् वर-कन्याका एक आदि (पहिला) गर्भको जन्म होस् फेरि ज्येष्ठ महीना पनि होस्त दुइ ज्येष्ठ भनेर त्यही कहिन्छ, तीन ज्येष्ठमा विवाह गर्नु वर्जित छ अर्थात् वर-वधू ज्येष्ठ गर्भका र ज्येष्ठ महीना समेत भएमा त्यसैलाई तीन ज्येष्ठ भनेर भन्दछन्। कुनै-कुनै आचार्यको यस्तो मत पनि छ कि कृत्तिका नक्षत्रमा सूर्य भएका बेला ज्येष्ठ भए पनि विवाह गर्न असल हुन्छ, तर कुनै आचार्यका मतमा राम्रो हुँदैन ॥२७६॥

* विवाहमण्डपादिकमुहूर्तः *

चित्राविशाखाशततारकाश्विनी
ज्येष्ठाभरण्यां शिवभाच्चतुष्टयम् ॥
हित्वा प्रशस्तं फलतैलवेदिका-
प्रदानकं कण्डनमण्डपादिकम् ॥२७७॥

चित्रा, विशाखा, शतभिषा, अश्विनी, ज्येष्ठा, भरणी, आर्द्रा, पुनर्वसु, पुष्य र अश्लेषा यी नक्षत्र छोड़ेर अरू जो शेष नक्षत्र छन् उनमा फलदान, तैल-पूजन, वेदी बनाउनु, कण्डन अर्थात् अन्न कुट्नु र मण्डप छाउनु असल हुन्छ अथवा जो विवाहसम्बंधी काम छन् ती सबै विवाहमा कहिएका जति नक्षत्रमा गराउनु उचित हुन्छ ॥२७७॥

* विवाहादिनिषेधकथनम् *

सुतपरिणयात्षण्मासान्तः सुताकरपीडनं
न च निजकुले तद्वद्वा मुण्डनादपि मुण्डनम् ॥
न च सहजयोर्देये भ्रात्रोः सहोदरकन्यके
न सहजसुतोद्वाहोऽब्दार्धे शुभे न पितृक्रिया ॥२७८॥
चूडाव्रतं चापि विवाहतो व्रता-
च्चूडा च नेष्टा पुरुषत्रयान्तरे ॥
वधूप्रवेशाच्च सुताविनिर्गमः
षण्मासतो वाऽब्दविभेदतः शुभः ॥२७९॥

आफ्ना कुलमा पुत्रको विवाह गरेको ६ महीनासम्म पुत्रीको विवाह वर्जित छ। उसै गरी मुण्डन ( क्षौरकर्म ) गर्न पनि वर्जित छ। एकै उदरका दाजु-भाई र दिदी-बहिनीको एकै साथ विवाह भर्नु हुँदैन। फेरि विवाहादि शुभकार्यमा पितृश्राद्धादि अशुभ कार्यादि गर्नु

उचित हुँदैन। अर्थात् विवाहादि शुभमुहूर्त यस्तो हुनु पर्छ कि पितृ-श्राद्धादि मङ्गल कार्यका दिन नपरोस्। पिता, पितामह, प्रपितामह ( बाबु, बुढ़ा-बाबु, बराज्यू ) यी तीन पुरुषमा कसैको विवाह भएका ६ मास भित्र कसैको उसै कुलमा मुण्डनादि कार्य अर्थात् क्षौर, व्रतबन्ध र त्यसका छ महीना भित्र छोरीलाई मैतालू पठाउनु वा वधूप्रवेश गरेका अनन्तर फेरि पतिका घर पठाउनु शुभ हुँदैन। यदि यसमा सारै आवश्यक परे संवत्सरका भेदले मात्र शुभ हुन्छ अन्यथा हुँदैन। जस्तै माघमा कसैको विवाह भयो भने संवत्सरका भेदले वैशाखमा मुंडन, यज्ञोपवीत आदि पूर्वोक्त कार्य गर्नु शुभ हुन्छ ॥२७८-२७९॥

* पञ्चशलाकावेधचक्रम् *

अपि तिर्यग्गतोर्ध्वपञ्चरेखाः प्रतिकोणं द्वयमग्निमीशकोणे ॥
इतराणि लिखेत्क्रमेण भानिप्रथितं पञ्चशलाकचक्रमुक्तम् ॥
यहक्षगो यः खचरः स तत्र प्रलेखनीयो गणकैस्तु पूर्वैः ॥
या पौर्णमासी निकटे विवाहात्तत्तारकस्थो विधीरत्र देयः ॥

पाँचरेखा तेर्छा, पाँच रेखा ठाड़ा लेख्नु र पञ्चशलाका चक्र बनाउनु कोणमा दुइ दुइ रेखा लेख्नु। उसमा ईशान दिशादेखि लिएर कृत्तिकादि २८ नक्षत्र लेख्नु। जुन नक्षत्रमा जुन ग्रह छ त्यो पनि सबै लेख्नु र विवाहका समीपमा जुन पूर्णिमा छ त्यो पूर्णिमाको जो नक्षत्र छ उसै नक्षत्रमा चन्द्रमा लेख्नू ॥ २८०-२८१ ॥

* पञ्चशलाकावेधफलम् *

एकरेखास्थितिर्वेधो दिननाथादिभिर्ग्रहैः।
विवाहे तत्र मासान्ते न जीवति कदाचन ॥२८२॥

एकै रेखामा परस्पर विवाहका नक्षत्रमा ग्रह भए भने वेध हुन्छ। उसमा विवाह भयो भने एक महीना पछी अशुभ हुन्छ ॥२८२॥

* पञ्चशलाकाचक्रन्यासः *




* लत्तादोषज्ञानम् *

सूर्यो द्वादशमष्टमं रविसुतः षष्ठं गुरुर्भूमिज-
स्तार्तीयैकमथो निहन्ति पुरतो नक्षत्रकं लत्तया ॥
द्वाविंशं तुहिनांशुकश्च नवमं राहुर्बुधः सप्तमं
शुक्रः पञ्चमकं तु पृष्ठत इह प्रायेण लत्तां त्यजेत् ॥२८३॥

सूर्य आफ्ना नक्षत्रदेखि बाह्रौं नक्षत्रमा लत्ता मार्दछ, शनि आठौंमा, बृहस्पति छैठामा, मंगल तेस्रामा लत्ता मार्दछ। यी ग्रहले आफ्ना आदिका नक्षत्रमा मार्दछन्। तथा चन्द्रमा आफ्ना स्थानदेखि बाईसौं नक्षत्रमा मार्दछ। राहुले आफुदेखि नवौं नक्षत्रमा लात मार्दछ।' बुध सातौं, शुक्र पाँचौं नक्षत्रमा लत्ता मार्दछ। यी ग्रह आफूदेखि पछाडिका नक्षत्रमा लात मार्छन्। यो लत्ता-दोष विवाहमा वर्जित गर्नुपर्छ॥२८३॥

* पातदोषज्ञानम् *

शूलस्य गण्डस्य च वैधृतेश्च
साध्यव्यतीपातकहर्षणानाम् ॥

यत्तारकं स्यादवसानसंस्थं-
तत्पातितं बङ्गकलिङ्गदुष्टम् ॥२८४॥

शूल, गण्ड, वैधृति, साध्य, व्यतीपात, हर्षण यी योगको अन्त हुने नक्षत्रमा पातदोष लाग्दछ। बङ्ग तथा कलिङ्ग देशमा वर्जित छ॥२८४॥

* युतिदोषज्ञानम् *

यत्र गेहे भवेच्चन्द्रो ग्रहस्तत्र यदा भवेत्।
युतिदोषस्तदा ज्ञेयो विना शुक्रं शुभाशुभम् ॥२८५॥
रविणा संयुतो हानिं भौमेन निर्धनं शशी।
करोति मूलनाशं च राहुकेतुशनैश्चरैः ॥२८६॥
वर्गोत्तमगते चन्द्रे स्वोच्चेमित्रर्क्षगे तथा।
युतिदोषश्च न भवेद्दम्पत्योः श्रेयसी सदा ॥२८७॥

जस घरमा चन्द्रमा छ उसै घरमा अरू कुनै ग्रह भए युतिदोष जान्नु। परन्तु शुक्रलाई छोड़ेर अन्य अशुभ हुन्। अर्थात् शुक्र शुभ हुन्छ, सूर्यसंयुक्त भएमा हानि, मङ्गलयुक्त भए मृत्यु तथा राहु, केतु, शनैश्चर युक्त भए मूल-नाश गर्छ। अब परिहार लेखिन्छ– चन्द्रमा वर्गोत्तम होस् अर्थात् जस ग्रहको राशिमा छ उसैको नवांश होस् अथवा उच्चको होस् तथा मित्रका घरमा भएमा पनि युतिदोष हुँदैन। दम्पति अर्थात् स्त्री-पुरुष दुवै सुखी होलान् ॥२८५–२८७॥

* यामित्रदोषज्ञानम् *

पाणिग्रहस्य शीतांशोर्नक्षत्रं यच्चतुर्दशम्।
नक्षत्रं खेटयुक्तं चेद्यामित्रं स्याद्विगर्हितम् ॥२८८॥

विवाह नक्षत्रदेखि चौधौं नक्षत्रमा कुनै ग्रह भएमा यामित्र दोष हुन्छ त्यो दोषवर्जित जान्नु ॥२८८॥

* पञ्चकदोषकथनम् *

रविक्रान्तियातांशयुक्ताश्च तिथ्यो-
रविर्दिग्गजाः सिन्धवः खेटभक्ताः ।
भवेत्पञ्चकं रोगवह्नीशचौर-
मृतिर्दोषमेतं भजह्याद्विवाहे ॥२८८॥

सूर्यका गतांशमा पन्द्र, बाह, दश, आठ, चार यी अंक अलग अलग राखेर जोड्नु, उनै अङ्कमा नौको भाग दिनु शेष पाँच बचेमा क्रमैले पाँच स्थानमा पाँच पञ्चक (बाण) हुन्छ रोग १ अग्नि २ राज ३ चौर ४ मृत्यु ५ यी बाण क्रमैले जान्नु यी विवाहमा वर्जित गर्नू ।

* बाणचक्रं सूर्यांशेषु *

| रो. | अ. | रा. | चौ. | मृ. |
|---|---|---|---|---|
| ८ | २ | ४ | ६ | १ |
| १७ | ११ | १३ | १५ | १० |
| २६ | २० | २२ | २४ | १९ |
| | २९ | | | २८ |

यो बाण-चक्रबाट बाण हेर्दा सूर्यका अंशबाट हेर्नू गतेबाट हेर्दा मिल्दैन ॥ २८९ ॥

* पञ्चकदोषपरिहारः *

रात्रौ चौररुजौ दिवा नरपतिर्वह्निः सदा सन्ध्ययो-
र्मृत्युश्चाथ शनौ नृपो विदि मृतिर्भौमेऽग्निचौरो रवौ ॥
रोगोऽथ व्रतगेहगोपनृपसेवायानपाणिग्रहे-
वर्ज्यं तत्क्रमतो बुधैरुगनलक्ष्मापालचौरामृतिः ॥२९०॥

रात्रिमा चौर वा रोगपञ्चक वर्जित;हुन्छ, दिनमा नृपपञ्चक र अग्निपञ्चक सदैव वर्जित हुन्छ। फेरि दुवै संध्याकालमा मृत्युपञ्चक वर्जित छ । अथ वारपरत्वेन परिहारः—शनिवार नृपपञ्चक, बुधवार मृत्युपञ्चक, मंगलवार अग्नि वा चौरपञ्चक, रविवार रोगपञ्चक वर्जित हुन्छ । अथ

कार्यभेदन परिहारः—जनै (व्रतबन्ध) मा रोगपञ्चक, घर बनाउँदा अग्नि-पञ्चक वर्जित हुन्छ। राजसेवामा नृपपञ्चक तथा यात्रामा चौरपञ्चक र विवाहमा तथा अरू सबै काममा मृत्युपञ्चक त्याज्य हुन्छ॥ २९०॥

* विवाहाङ्गे ग्रहविचारः *

व्यये शनिः खेऽवनिजस्तृतीये
भृगुस्तनौ चन्द्रखला न शस्ताः।
लग्नेऽट्कविग्लौश्च रिपौ मृतौ ग्लौ-
र्लग्नेऽट् शुभाराश्च मदे च सर्वे ॥२९१॥

किं कुर्वन्ति ग्रहाः सर्वे यस्य केन्द्रे बृहस्पतिः।
मत्तमातङ्गयूथानां शतं हन्ति च केशरी ॥२९२॥

त्र्यायाष्टषट्सु रविकेतुतमोऽर्कपुत्रा-
स्त्र्यायारिगः क्षितिसुतो द्विगुणायगोऽब्जः॥
सप्तव्ययाष्टरहितौ ज्ञगुरू सितोऽष्ट-
त्रिद्यूनषड्व्ययगृहान् परिहृत्य शस्तः ॥२९३॥

शुक्रो दशसहस्राणि बुधो दशशतानि च।
लक्षमेकं तु दोषाणां गुरुर्लग्ने व्यपोहति॥२९४॥

बाह्रौं शनि, दशौं मङ्गल, तेस्रो शुक्र, लग्नमा चन्द्रमा वा क्रूर ग्रह शुभ हुँदैन। लग्नको स्वामी र शुक्र चन्द्रमा छैटौं शुभ हुँदैन। फेरि अष्टम स्थानमा चन्द्रमा, लग्नेश र शुभग्रह, अनि मङ्गल शुभ हुँदैन। सप्तम स्थानमा शुभग्रह शुभ हुँदैन। विवाहका लग्नमा सप्तम स्थानलाई छोडेर यदि अरू केन्द्रमा बृहस्पति भए अरू ग्रहले के गर्न सक्छन् जस्ता प्रकारले मत्तभएका हात्तिका बथानमा पसेर यौटै सिंहले सबैको नाश गर्दछ, उस्तै सम्पूर्ण अरिष्ट (दोष) को गुरु नाश गर्दछन्। तेस्रो, एकादस, आठौं, छैठौं सूर्य, शनि, राहु केतु

हउन्, तेस्रो, छैठौं, एकादश मङ्गल होस् फेरि दोस्रो, एकादश चन्द्रमा होस्, सातौं, बाहौं, आठौं बुध, बृहस्पति नहोस् शुक्र आठौं तेस्रो, सातौं, छैठौं, बाहौं वर्जित हुन्छ। लग्नमा शुक्र भए एक हजार दोष नाश गर्दछ, लग्नमा बृहस्पति भए एक लाख दोष नाश गरिदिन्छ ॥२६१–२६४॥

* एकार्गलदोषज्ञानम् *

विष्कुम्भ-वज्र-परिघ-व्यतिपात-शूल-
व्याघातवैधृतिषु गण्ड इहातिगण्डे।
एकार्गलो भवति चेत्किल साभिजित्कः
पीयूषकान्तिरसमर्क्षगतो रवेर्भात् ॥२८५॥

विष्कुम्भ, वज्र, परिघ, व्यतीपात, शूल, व्याघात, वैधृति, गण्ड, अतिगण्ड यी योगमा एकार्गल योग हुन्छ, सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म अभिजित् समेत गन्नु र जो नक्षत्र समसंज्ञक हुन्छ फेरि पूर्वोक्तयोग पनि भएमा एकार्गल नामको दोष हुन्छ ॥२९५॥

* उपग्रहदोषज्ञानम् *

शराष्टदिक्शक्रनगातिधृत्यस्तिथिर्धृ तिश्च प्रकृतेश्च पञ्च।
उपग्रहः सूर्यभतोऽब्जतारा शुभा न देशे कुरुवाह्लिकानाम् ॥

सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म गन्दा पाँच, सात, आठ, दश, चौध, उन्नाइस, पन्ध्र, अठार, एक्काईस, बाईस, तेईस, चौबीस, पच्चीस, यति नक्षत्र भए उपग्रह-दोष जान्नु, त्यो कुरु वा वाल्हीक देशमा शुभ हुँदैन, अगाड़ि दशदोष सारिणीमा चक्र छ ॥२९६॥

* क्रान्तिदोषज्ञानम् *

पञ्चास्याजौ गोमृगौ तौलिकुम्भौ
कन्यामीनौ कर्क्यली चापयुग्मे।
तत्रान्योन्यं चन्द्रभान्वोर्निरुक्तं
क्रान्तेः साम्यं नो शुभं मङ्गलेषु ॥२८७॥

सिंह-मेष, वृष-मकर, तुला-कुम्भ, कन्या-मीन, कर्कवृश्चिक, धन-मिथुन यी राशिमा परस्पर सूर्य, चन्द्रमा भए क्रांतिसाम्य दोष हुन्छ, त्यो दोष विवाहमा अशुभ हुन्छ ॥२९७॥

* दग्धातिथिज्ञानम् *

**मीने चापे द्वितीयार्के चतुर्थीवृषकुम्भयोः ।**
**मेषकर्कटयोः षष्ठी कन्यायां मिथुनेऽष्टमी ॥२९८॥**
**दशमी वृश्चिके सिंहे द्वादशी मकरे तुले ।**
**एतास्तु तिथयो दग्धाः शुभे कर्मणि वर्जिता ॥२९९॥**

मीन र धनका सूर्यमा द्वितीया तिथि दग्धा हुन्छ। वृष र कुम्भका सूर्यमा चतुर्थी, मेष र कर्कटका सूर्यमा षष्ठी कन्या र मिथुनका सूर्यमा अष्टमी दग्धा हुन्छ। वृश्चिक र सिंहका सूर्यमा दशमी तिथि दग्धा हुन्छ। मकर र तुलाका सूर्यमा द्वादशी तिथि दग्धा हुन्छ। यी सबै शुभ कार्यमा वर्जित गर्नु ॥२९८–२९९॥

* विवाहे दशदोषसारिणी *

१—लत्ता सारिणी मालवदेशे त्याज्या।

| वि न. | रो. | मृ. | म. | उ. फा. | ह. | स्वा. | ऽनु. | मू. | उ.षा. | उ.भा. | रेवती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सू. | पू. षा. | उ. षा. | उ. भा. | अश्वि | भ. | रो. | आ. | पुष्य | म. | स्वा. | वि. |
| चं. | पू. भा. | उ. भा. | रो. | आर्द्रा | पुन. | ऽश्ले. | पू.फा. | हस्त. | स्वा. | पू.षा. | उ.षा. |
| मं. | भ. | कृ. | पुष्य | मघा | उ.फा. | ह. | स्वा. | ऽनु. | मू. | शत. | पू.भा. |
| बु. | म. | पू. फा. | वि. | ज्येष्ठा | मू. | उ.षा. | ध. | पू.भा. | रेव. | मृ. | आर्द्रा |
| गु. | उ.भा. | रे. | मृ. | पुन. | पुष्य | मघा. | उ.फा. | चि. | वि. | उ.षा. | श्रवण |
| शु. | पुष्य | ऽश्ले. | चि. | वि. | ऽनु. | मू. | उ.षा. | ध.. | पू.भा. | कृ. | रोहि. |
| श. | श. | पू. भा. | कृ. | मृ. | आर्द्रा | पुष्य | मघा. | उ.फा. | चि. | मू. | पू.षा. |
| रा. | उ.फा. | हस्त. | ज्ये. | पू. षा. | उ.षा. | ध. | पू.भा. | रेव. | भ. | पु. | पुष्य |

## २—पात-सारिणी कुरुजाङ्गले त्याज्या

| वि.न. | रोहि. | मृग. | मघा. | उ.फा. | हस्त | स्वाती | ऽनु. | मूल | उ.षा. | उ,भा. | रेव. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सू. | आर्द्रा | मृग. | अश्वि. | कृत्ति. | भ. | रो. | भरणी | रोहि. | भर. | भर. | अश्वि |
| सू. | पुन. | आर्द्रा | मृग. | पुन. | आ. | पुष्य | आर्द्रा | ऽश्ले. | न. | पू.फा | म. |
| सू. | पूफा. | म. | ऽश्ले. | पू.फा. | म. | हस्त | पू.फा. | ज्येष्ठा | वि. | उ.फा. | पू.फा. |
| सू. | स्वा. | चि. | हस्त | वि. | स्वा. | श्रव. | पू.षा. | मूल. | ऽनु. | वि. | स्वाती |
| सू. | मू. | ज्ये. | ज्ये. | पू.फा. | शत. | धनि. | उ.षा | धनि. | उ.षा | पू.षा. | मूल |
| सू. | शत. | ध. | रे. | उ.भा. | पू.भा. | रेव. | पू.भा. | रेवती | पू.भा. | श. | धनि. |

## ३—युतिश्चन्द्रयुतक्रूर इति सर्वत्र वर्जयेत्

## ४—वेधयन्त्रम् ।

| वि.न. | रो. | मृग. | मघा | उ.फा. | हस्त | स्वाती | ऽनु. | मूल | उ षा. | उ.भा. | रेव. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वेध. | ऽभि. | उ.षा. | श्रव. | रेव. | उ.भा. | शत. | भर. | पुन. | मृग. | ह. | उ. भा. |

## ५—यामित्रदोषसारिणी सर्वत्र वर्जयेत् ।

| न. | रो. | मृ. | म. | उ.फा. | हस्त | स्वाती | ऽनु. | मूल | उ.षा. | उ.भा. | रेवती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| या. | ऽनु. | ज्ये. | घ. | पू.भा. | उ,भा. | ऽश्वि. | कृ. | मृ. | पुन. | उ.फा. | ह. |

## ६—मृत्युपंचकयंत्रं सर्वत्र वर्जयेत् ।

| १ | २ | ४ | ६ | ८ | १० | ११ | १३ | १५ | १७ | १९ | २० | २२ | २४ | २६ | २८ | २९ | सू.अ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृ. | ऽग्नि | नृ. | चो | रो | मृ. | ऽग्नि | नृ. | चो | रो. | मृ. | ऽग्नि | नृ. | चो | रो. | नृ. | ऽग्नि | क. |

## ७—एकार्गल यन्त्रं काश्मीरदेशे त्याज्यम्

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| न. | रो. | मृ. | म. | उ.फ. | ह | स्वा. | ऽनु. | मू. | उ.षा. | उ.भा. | रे. | यो. |
| वि. | पूभा. | श. | पू.षा. | ज्ये. | ऽनु. | स्वा. | ह. | पू. फा. | ऽश्ले. | कृ. | भ. | प्री. |
| आ | रे. | उ.भा. | ऽभि. | पू.षा. | मू. | ऽनु. | स्वा. | ह. | पू.फा | मृ. | रो. | सौ. |
| शो | भ. | ऽश्वि. | ध. | ऽभि. | उ.षा. | मू. | ऽनु. | स्वा. | ह. | पुष्य | आ. | अ. |
| सु. | रो. | कृ. | भा. | ध. | श्र. | उ.षा. | मू. | ऽनु. | स्वा. | ऽश्ले. | पुष्य. | धृ. |
| शू. | आ. | मृ. | रे. | पू.भा. | श. | श्र. | उ.षा. | मू. | ऽनु. | पू.फा. | म. | गं. |
| वृ. | पुष्य. | पुन. | भ. | रे. | उ.भा. | श. | श्र. | उ.षा. | मू. | ह. | उ.फा. | ध्रु. |
| व्या | म. | ऽश्ले. | रो. | भ. | ऽश्वि. | उ.भा. | श. | श्र. | उ.षा. | स्वा. | चि. | ह. |
| व. | उ.फा. | पू.फा. | आ. | रो. | कृ. | ऽश्वि. | उ.भा. | श. | श्र. | ऽनु. | वि. | सि. |
| व्य. | चि. | ह. | पुष्य | आ. | मृ. | कृ. | ऽश्वि. | उ.षा. | श. | मू. | ज्ये. | व. |
| प. | वि. | स्वा. | म. | पुष्य | पु. | मृ. | कृ. | ऽश्वि. | उ.भा. | उ.षा. | पू.फा. | शि. |
| सि. | ज्ये. | ऽनु. | उ.फा. | म. | ऽश्ले. | पुन. | मृ. | कृ. | ऽश्वि. | श्र. | ऽभि. | सा. |
| शु. | पू.षा. | मू. | चि. | उ.फा. | पू.फा. | ऽश्ले. | पुन. | मृ. | कृ. | श. | ध. | शु. |
| ब्र. | ऽभि. | उ.षा. | वि. | चि. | ह. | पू.फा | ऽश्ले. | पुन. | मृ. | उ.भा | पू.भा. | ऐं. |
| वै. | ध. | श्र. | ज्ये. | बि. | स्वा. | ह. | पू.फा. | ऽश्ले. | पुन. | ऽश्वि. | रेव. | वै. |
| यो. | सू. | सू. | सू. | सू. | सू. | सू. | सू. | सू. | सू. | सू. | सू. | यो. |

### ८—उपग्रह यन्त्रं सर्वत्र वर्जयेत्

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि | रो. | मृ. | म. | उ.फ. | ह. | स्वा. | नु. | मू. | उ.षा. | उ.भा. | रेव. |
| ५ | रे. | अ. | आ. | पुष्य. | ऽश्ले. | पू.फा. | ह. | स्वा. | ऽनु. | भ. | ध. |
| ८ | श. | पू.भा. | कृ. | मृग. | आर्द्रा | पुष्य. | म. | उ.फा. | चि. | म. | पू.षा. |
| १४ | ज्ये. | मू. | रो. | उ.भा | रे. | भ. | रो. | आर्द्रा | पुष्य. | ह. | चि. |
| १८ | चि. | स्वा. | पू.षा. | श्रव. | ध. | पू.भा. | रे. | म. | रो. | ऽश्ले | म. |
| १९ | ह. | चि. | मू. | उ.षा. | श्र. | श. | उ.भा. | ऽश्वि. | कृ. | पुष्य. | ऽश्ले. |
| २२ | म. | पू.फा. | वि. | ज्ये. | मू. | पू.षा. | ध. | पू.भा. | रे. | मृ. | आर्द्रा. |
| २३ | ऽश्ले. | म. | स्वा. | ऽनु. | ज्ये. | पू.षा. | भ. | श. | उ.भा. | रो. | मृग. |
| २४ | पू. | ऽश्ले. | चि. | वि. | ऽनु. | मू | उ.षा. | ध. | पू.भा. | कृ. | रो. |

### ९—क्रान्तिसाम्यचक्रं सर्वत्र वर्जयेत्

| मे. | वृ. | मि. | क. | सिंह. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | सू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिं. | म. | ध. | वृ. | मे. | मी. | कुं. | क. | मि. | वृ. | तु. | कं. | चं. |

### १०—दग्धातिथिचक्रं सर्वत्र वर्जयेत्

| मे. | वृ. | मि. | क. | सि. | कं. | तु. | वृ. | ध. | म. | कु. | मी. | सू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | ८ | ६ | १० | ८ | १२ | १० | २ | १२ | ४ | २ | ति. |

### विश्वाप्रदा ग्रहाः

| सू. | चं. | मं. | बु. | | बृ. | | शु. | | श. | | रा. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | २ | १२ | ११ | २ | ११ | ६ | ११ | २ | ११ | ० | ११ | ६ |
| ३ | ३ | ६ | १ | ६ | ६ | २ | ३ | ४ | ३ | ० | १० | ५ |
| | ११ | ३ | ३ | ८ | ४ | ३ | ५ | ९ | ८ | ० | ८ | ३ |
| | | | ६ | १० | १० | ५ | १० | १ | | | | ६ |
| | | | ५ | | | १ | | | | | | |
| ३॥ | ५ | १॥ | २ | | ३ | | २ | | १॥ | | १॥ | |

लग्नाद्वर्जितग्रहा:

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | लग्नेश |
|---|---|---|---|---|---|---|---|---|
| १<br>७ | १<br>८<br>६ | १<br>८<br>६ | ७<br>८ | ८ | ६<br>७<br>८ | १<br>७ | १<br>७ | ६ |

* लत्तादिदोषपरिहार: *

**लत्ता मालवके देशे पातश्च कुरुजाङ्गले ।**
**एकार्गलं च काश्मीरे वेधं सर्वत्र वर्जयेत् ॥३००॥**

लत्तादोष मालव देशमा, पात दोष कुरुजाङ्गल, एकार्गलदोष काश्मीर र अरु बाँकी दोष र वेध दोष सबै देशमा वर्जित छ ।३००।

* शूद्रादीनां पुनर्विवाहार्थं गान्धर्वविवाह: *

**गान्धर्वादिविवाहेऽर्काद्वेदनेत्रगुणेन्दव: ।**
**कुयुगाङ्गानि भूरामत्रिपद्यामशुभा: शुभा: ॥३०१॥**

सूर्यका नक्षत्रदेखि चन्द्रनक्षत्रसम्म गनेर गान्धर्व विवाहको विचार गर्नु । चार, दुइ, तीन, एक, एक, चार, छ:, एक, तीन फेरि तीन यस क्रमले प्रथम अशुभ फेरि शुभ यै प्रकार जान्नु ॥३०१॥

* गान्धर्वविवाहचक्रम् *

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | ३ | १ | १ | ४ | ६ | १ | ३ | ३ |
| अ. | शु. | अ. | शु. | अ. | शु. | अ. | शु. | अ. | शु. |

* स्वयंवरकालमुहूर्त: *

**पिता पितामहो भ्राता माता बन्धुर्यदा न हि ।**
**ऋतौ वर्षत्रयादूर्ध्वं कन्या कुर्यात्स्वयंवरम् ॥ ३०२ ॥**

कन्याका पिता, पितामह ( बुढा बाबू ), माता, भाई, दाज्यू, आफ्ना बन्धुबान्धवहरू कोही पनि छैनन् भने ऋतु ( रजस्वला )

भएका तीन वर्ष पछि त्यस कन्याले स्वयस्वर अर्थात् आफ्ना इच्छा माफिकको वर वरण गरे हुन्छ ॥३०२॥

* गोधूलिकाज्ञानम् *

यदा नास्तंगतो भानुर्गोधूल्या पूरितं नभः ।
सर्वमङ्गलकार्येषु गोधूलिः शस्यते सदा ॥ ३०३ ॥

सूर्य जब अस्त हुनलाग्दछन् र गाईहरूका खुरको धूलो आकाशमा पूरित हुन्छ, उस समय जति मंगल कार्य छन् सब शुभ हुन्छन् ।३०३।

* अन्धादिलग्नज्ञानम् *

दिने सदान्धा वृषमेषसिंहारात्रौ च कन्या मिथुनं कुलीरः।
मृगस्तुलालिर्वधिरोऽपराह्णे सन्ध्यासु कुब्जा घटधन्विमीनाः॥
दारिद्र्यं वधिरतनौ दिवान्धलग्ने
वैधव्यं शिशुमरणं निशान्धलग्ने ।
पङ्ग्वङ्गे निखिलधनानि नाशमीयुः
सर्वत्राधिपगुरुदृष्टिभिर्न दोषः ॥३०५॥

दिनमा वृष, मेष, सिंह र रात्रिमा कन्या मिथुन, कर्क यी लग्न अन्ध हुन्छ; अरू पराह्णमा मकर, तुला, वृश्चिक यी लग्न बहिरा हुन्छन्; फेरि कुम्भ, धन, मीन यी लग्न सन्ध्यामा लङ्गड़ा हुन्छन् ।

बहिरा लग्नमा विवाह भए सदा दारिद्र्य हुन्छ। दिनको अन्धलग्न वैधव्यकारक हुन्छन् । रात्रिका अन्ध लग्नमा विवाह गरे बालक ( छोराछोरी ) हरूको मृत्यु हुन्छ । सन्ध्याका लंगड़ा लग्नमा विवाह गरे धन-नाश हुन्छ । विवाहमा लग्न-स्वामीमाथि बृहस्पतिको दृष्टि भयो भने उपरोक्त दोष लाग्दैन ॥३०४–३०५॥

* द्वितीयप्रकारेण लग्नफलम् *

घस्रे तुलाली वधिरौ मृगाश्वौ रात्रौच सिंहाजवृषा दिवान्धाः।

कन्यानृयुक्कर्कटकानिशान्धादिने घटोऽन्त्ये निशि पंगुसंज्ञः॥
दिवान्धो वरहन्ता च रात्र्यन्धो धननाशकः ।
दुःखदो वधिरो लग्नः कुब्जो वंशविनाशकः ॥३०७॥

दिनको तुला, वृश्चिक लग्न र रात्रिका धन, मकर बहिरा हुन्छन् । सिंह, मेष, वृष यी दिनका अन्धा हुन् । कन्या, मिथुन, कर्क यी रात्रिमा अन्धा हुन् । फेरि दिनको कुम्भ लँगड़ा हुन् । रात्रिको मीन लग्न लँगड़ो हो । फल पूर्वोक्त जान्नु । दोस्रो प्रकार—दिनको अन्धा लग्नले वरलाई हान्छ । रात्रिमा अन्धा लग्नले धन-नाश गर्छ । फेरि बहिरा लग्नमा दुःख हुन्छ । कुब्जा लग्नमा वंशको नाश हुन्छ ॥३०६–३०७॥

* विवाहमध्ये कर्तरीदोषज्ञानम् *

लग्नात्पापावृज्वनृजू व्ययार्थस्थौ यदा तदा ।
कर्तरी नाम सा ज्ञेया मृत्युदारिद्र्यशोकदा ॥३०८॥

विवाहको लग्नदेखि कर्तरीदोष विचार गर्नु । पापग्रह मार्गी भएर लग्नको बाह्रौं होस् र पापग्रह वक्री भएर लग्नका दोस्रो घरमा भए कर्तरीनाम दोष हुन्छ, त्यो दोष मृत्यु, दारिद्र्य, शोक आदि दिने हुन्छ।

* कुलिकयोगज्ञानम् *

सूर्ये च सप्तमी सोमे षष्ठी भौमे च पञ्चमी ।
बुधे चतुर्थी देवेज्ये तृतीया भृगुनन्दने ॥३०९॥
द्वितीया वर्जनीया च प्रतिपच्च शनैश्चरे ।
कुलिकाख्यो हि योगोऽयं विवाहादौ न शस्यते ॥३१०॥

रविवार सप्तमी, सोमवार षष्ठी, मङ्गलवार पञ्चमी, बुधवार चौथी, गुरुवार तृतीया, शुक्रवार द्वितीया, शनिवार परेवा यी तिथि वारमा कुलिकयोग हुन्छ । त्यो विवाहादिकमा शुभ हुँदैन ॥ ३०९–३१० ॥

*** कुलिकयोगचक्रम् ***

| सू. | चं. | मं. | बु. | बृ. | शु | श. | वाराः |
|---|---|---|---|---|---|---|---|
| ७ | ६ | ५ | ४ | ३ | २ | १ | तिथयः |

*** नवांशज्ञानम् ***

**मेषसिंहधनुलग्ने नवांशा मेषतः स्मृताः ।**
**वृषकन्यामृगे लग्ने मकरान्नवमांशकाः ॥३११॥**
**कर्कालिमीनलग्नेषु नवांशाः कर्कतः स्मृताः ।**
**नृयुग्मतौलिकाभेषु तौलितः स्युर्नवांशकाः ॥३१२॥**

मेष, सिंह, धन लग्नको नवांश मेषदेखि गन्नु । तथा वृष, कन्या, मकर लग्नको नवांश मकरदेखि गन्नु। फेरि कर्क, वृश्चिक, मीन (लग्न) को नवांश कर्क देखि गन्नु । मिथुन, तुला, कुम्भ लग्नको नवांश तुलादेखि गन्नु । गन्ने क्रम – तीस अंशको लग्न हुन्छ । उसमा नवांश तीन अंश बीस कलाको भयो । त्यसलाई प्रथम नवांश जान्नु, यसै क्रमले नौ नवांश हुन्छन्, स्पष्ट लग्नमा र स्पष्ट ग्रहमा जति अंश कला व्यतीत भयो उसको नवांश यसै रीतबाट विचार गर्नु॥३११–३१२॥

*** नवांशचक्रम् ***

| अंश।कला | मे. | वृ. | मि. | क. | सि. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३।२० | मे. | म. | तु. | क. | मे. | म. | तु. | क. | मे. | म. | तु. | क.. |
| ६।४० | वृ. | कुं. | वृ. | सिं. | वृ. | कुं. | वृ. | सिं. | वृ. | कुं. | वृ. | सिं. |
| १०।०० | मि. | मी. | ध. | कं. | मि. | मी. | ध. | कं. | मि. | मी. | ध. | कं. |
| १३।२० | क. | मे. | म. | तु. | क. | मे. | म. | तु. | क. | मे. | म. | तु. |
| १६।४० | सिं. | वृ. | कुं. | वृ. | सिं. | वृ. | कुं. | वृ. | सिं. | वृ. | कु. | वृ. |
| २०।०० | कं. | मि. | मी. | ध. | कं. | मि. | मी. | ध. | कं | मि. | मी. | ध. |
| २३।२० | तु. | क. | मे. | म. | तु. | क. | मे. | म. | तु. | क. | मे. | म. |
| २६।४० | वृ. | सिं. | वृ. | कुं. | वृ. | सिं. | वृ. | कुं. | वृ. | सिं. | वृ. | कु. |
| ३०।०० | ध. | कं. | मि. | मी. | ध. | कं. | मि. | मी. | ध. | कं. | मि | मी. |

स्पष्टलग्न ६।१०।२०।२५ तुला लग्न दश अंश, बीस कला, पचीस विकला स्पष्ट छ। त्यसको नवांश—

तुलालग्नको नवांश तुलादेखि गनिन्छ, त्यसको दश १० अंश बीस २० कला २५ विकला स्पष्ट छ, त्यसमा ३ अंश २० कलाको १ नवांश हुने हुनाले यहाँ चौथो नवांश भयो, तुला लग्नको तुलैबाट गनिने हुँदा तुलाको चौथो मकर भयो, त्यसको स्वामी शनि भयो।

* होराज्ञानम् *

**होरयोरोजराशौ तु रवीन्दू क्रमतः पती।**
**समराशौ तु चन्द्राकौं होरेशौ क्रमतो वदेत् ॥३१३॥**

विषम लग्नमा पन्ध्र अंशसम्म सूर्यको होरा हुन्छ, फेरि पछिको पन्ध्र अंश चन्द्रमाको होरा हुन्छ, फेरि समराशिमा प्रथम पन्ध्र अंश-चन्द्रमाको होरा हुन्छ, फेरि पन्ध्र अंश सूर्यको होरा हुन्छ॥३१३॥

* होराचक्रम् *

| राशि | मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ अंश | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. |
| ३० अंश | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. | चं. | सू. |

* द्रेष्काणज्ञानम् *

**द्रेष्काण आद्ये लग्नस्य द्वितीयः पञ्चमस्य च।**
**द्रेष्काणश्चं तृतीयश्च लग्नान्नवमराशितः ॥३१४॥**

* द्रेष्काणको प्रकार *

१ राशिको तीन भाग गर्दा दश अंश हुन्छ, त्यै दश अंशको एक द्रेष्काण हुन्छ। उसमा प्रथम दश अंशसम्म वा जुन राशिको द्रेष्काण जान्नु छ, त्यस लग्नको प्रथम द्रेष्काण १० अंश भित्र भए त्यसै राशिको स्वामी प्रथम द्रेष्काणको स्वामी हुन्छ। दोस्रो भाग अर्थात् ११ देखि ऊपर २० अंशसम्म भए दोस्रो द्रेष्काण हुन्छ,

* राशिहरूका स्वामी पृ० ७० मा लेखिएको छ।

त्यसका पाँचौं राशिको स्वामी द्रेष्काण-पति हुन्छ। तेस्रो भाग अर्थात् २१ देखि ३०अंशतक् भए तेस्रो द्रेष्काण हुन्छ, त्यसमा नवौं राशिको स्वामी द्रेष्काणको स्वामी हुन्छ। तल द्रेष्काण चक्र छ॥ ३१४ ॥

* द्रेष्काणचक्रम् *

| राशि | मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम द्रेष्काण | मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कु. | मी. | द्रेष्काणका रा० |
| अंशतक १० | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | द्रेष्काणका स्वा० |
| द्वितीय द्रेष्काण | सिं. | क. | तु. | वृ. | ध. | म. | कुं. | मी. | मे. | वृ. | मि. | क. | द्रेष्काणका रा० |
| अंशतक २० | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | द्रेष्काणका स्वा० |
| तृतीय द्रेष्काण | ध. | म. | कु. | मी. | मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | द्रेष्काणका रा० |
| अंशतक ३० | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु | शु. | मं. | द्रेष्काणका स्वा० |

* त्रिंशांशज्ञानम् *

कुजार्कीज्यज्ञशुक्राणां बाणेष्वष्टाद्रिमार्गणः ।
भागः स्युर्विषमे भे तु समराशौ विपर्ययात् ॥३१५॥
कुजार्किगुरुविच्छुक्रास्त्रिंशांशपतयः क्रमात्
पञ्चपञ्चाष्टशैलेषु भागानां विषमे गृहे ॥३१६॥

मेष, मिथुन, सिंह, आदि विषमराशिको प्रथम त्रिंशांश पाँच अंशको हुन्छ उसको स्वामी मङ्गल हो। तदन्तर पाँच अंशको स्वामी शनि, तदनन्तर आठ अंशको स्वामी बृहस्पति, तदनन्तर सात अंशको स्वामी बुध हुन्छ। तदनन्तर पाँच अंशको स्वामी शुक्र जान्नु, समराशिमा विलोम अर्थात् विपरीत जान्नु। अब खुलासा समराशिको त्रिंशांश लेखिन्छ, समराशिमा प्रथम पाँच अंशको स्वामी शुक्र, तदनन्तर सात अंशको स्वामी बुध, तदनन्तर आठ अंशको स्वामी बृहस्पति, फेरि पाँच अंशको स्वामी शनि, फेरि पाँच अंशको स्वामी मङ्गल जान्नू ॥३१५-३१६॥

* विषमत्रिशांशचक्रम् * * समत्रिशांशचक्रम् *

| अं. | मे. | मि. | सि. | तु. | ध. | कुं. | योगः | राशि | अं. | वृ. | क. | कं. | वृ. | म. | मी. | योगः |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | मं. | मं. | मं. | म. | मं. | मं. | ५ | स्वामी | ५ | शु. | शु. | शु. | शु. | शु. | शु. | ५ |
| ५ | श. | श. | श. | श. | श. | श. | १० | स्वामी | ७ | बु. | बु. | बु. | बु. | बु. | बु. | १२ |
| ८ | बृ. | बृ. | बृ. | बृ. | बृ | बृ. | १८ | स्वामी | ८ | बृ. | बृ. | बृ. | बृ. | बृ. | बृ. | २० |
| ७ | बु. | बु. | बु. | बु. | बु. | बु. | २५ | स्वामी | ५ | श. | श. | श. | श. | श. | श. | २५ |
| ५ | शु. | शु. | शु. | शु. | शु. | शु. | ३० | स्वामी | ५ | मं. | मं. | मं. | मं. | मं. | मं. | ३० |

* द्वादशांशज्ञानम् *

**स्याद्द्वादशांश इह राशित एव गेहं**
**होराऽथ दृक्कनवमांशकसूर्यभागाः ।।**
**त्रिंशांशकश्च षडिमे कथितास्तु वर्गाः**
**सौम्यैः शुभं भवति चाशुभमेव पापैः ।।३१७।।**

दुइ अंश तीस कलाको एक द्वादशांश हुन्छ, यस निमित्त एक राशिमा १२ द्वादशांश हुन्छ, जस राशिमा द्वादशांशको विचार गर्नुछ, उसै राशिदेखि लिएर क्रमैले १२ राशिहरूको द्वादशांश सिद्ध हुन्छ ।।

मेषमा पहिलो द्वादशांश मेषको, दोस्रो वृषको, तेस्रो मिथुनको, चौथो कर्कको पाँचौं सिंहको, छैठौं कन्याको, सातौं तुलाको, आठौं वृश्चिकको, नवौं धनको, दशौं मकरको, एघारौं कुम्भको, बाहौं मीनको द्वादशांश हुन्छ । यसै प्रकार वृषमा पैह्लो वृषको, दोस्रो मिथुनको, तेस्रो कर्कको, चौथो सिंहको इत्यादि क्रमले बाहौं मेषको द्वादशांश हुन्छ । मिथुन इत्यादि सबै राशिको द्वादशांश चक्रबाट संझनु पर्छ ।

गृह, होरा, द्रेष्काण, नवांश, द्वादशांश, त्रिंशांश यी ६ वर्ग कहिएका छन् । यी षड्वर्गमा शुभ भए शुभ र पापग्रह भए अशुभ जान्नू ।।३१७।।

* ग्रहाणां गेहचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|
| सिं. | क. | मे वृश्चि. | मि. कं | धन.मी. | वृ. तु. | म. कुं. | राशयः |

## * द्वादशांशचक्रम् *

| अंश कला | मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | लग्न |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २।३० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | राशि |
| | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | ग्रह |
| ५ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | राशि |
| | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | [illegible] | मं. | ग्रह |
| ७।३० | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | राशि |
| | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | ग्रह |
| १० | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | राशि |
| | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | ग्रह |
| १२।३० | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | राशि |
| | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | ग्रह |
| १५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | राशि |
| | बु. | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | ग्रह |
| १७।३० | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | राशि |
| | शु. | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु. | ग्रह |
| २० | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | राशि |
| | मं. | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | ग्रह |
| २२।३० | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | राशि |
| | बृ. | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | ग्रह |
| २५ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | राशि |
| | श. | श. | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | ग्रह |
| २७।३० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | राशि |
| | श. | बृ. | मं. | शु. | बु. | चं | सू. | बु. | शु. | मं. | बृ. | श. | ग्रह |
| ३० | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | राशि |
| | बृ. | मं. | शु. | बु. | चं. | सू. | बु. | शु. | मं. | बृ. | श. | श. | ग्रह |

## * होडाचक्रम् *

वरकन्ययोर्भस्य मेलापकविचारोपयोगी

| भानां वर्णाः | चु चे चोला (ल) | लि लु ले लो | आ (अ) ई उ ए | वा ओवा (व) वि वु | वे वो (क) कि का | कु घ ङ छ | के को (ह) हि हा | हू हे हो डा (ड) | डि डु डे डो | मा (म) मि मु मे | मोटा टि टु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नक्षत्र | अश्विनी | भरणी | कृत्तिका | रोहिणी | मृगशिरा | आर्द्रा | पुन० | पुष्य | आश्लेषा | मघा | पूर्वफा० |
| राशि | मेष | मेष | १मे ३वृष | वृष | वृ २मि२ | मि० | मि३ क१ | कर्क | कर्क | सिंह | सिंह |
| वर्ण | क्षत्री | क्षत्री | क्ष१ वै३ | वैश्य | वै२ शू२ | शूद्र | शू३ वि१ | विप्र | विप्र | क्षत्री | क्षत्री |
| वश्य | चतुःपद | चतुःपद | चतुःपद | चतुःपद | च २ द्वि२ | द्विपद | द्वि३ ज१ | जल चर | जल चर | चतुःपद | चतुःपद |
| योनि | अश्व | गज | छाग | सर्प | सर्प | श्वान | मार्जार | छाग | मार्जार | मूषक | मूषक |
| योनिवैर | महिष | सिंह | वानर | नकुल | नकुल | मृग | मूषक | वानर | मूषक | मार्जार | मार्जार |
| राशीश | भौम | भौम. | भौ१ शु३ | शुक्र | शु.२बु.२ | बुध | बु३ चं१ | चन्द्र | चन्द्र | सूर्य | सूर्य |
| गण | देव | मनुष्य | राक्षस | मनुष्य | देव | मनुष्य | देव | देव | राक्षस | राक्षस | मनुष्य |
| नाडी | आदि | मध्य | अन्त्य | अन्त्य | मध्य | आदि | आदि | मध्य | अन्त्य | अन्त्य | मध्य |

| टे टो (प) पी पा | पुष (ख) ण ठ | पे पो (र) रि रा | रू रे रो ता | ति तु ते तो | ना (न) नी नू ने | नो या (य) यि यु | ये यो भ भि (भा) | भू (ध) धा फा(ढ) ढा | भे भो (ज) जि जा | खि खु खे खो | गा गि (ग) गु गे | गो सा (स) सि सु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तरफा | हस्त | चित्रा | स्वाती | विशाखा | अनुराधा | ज्येष्ठा | मूल | पूर्वाषाढा | उत्तराषा० | श्रवण | धनिष्ठा | शतभिषा |
| सिं१क३ | कन्या | क२तु२ | तुला | तु३ वृ१ | वृश्चिक | वृश्चिक | धनु | धनु | ध१म३ | मकर | म२कुं २ | कुम्भ |
| क्ष० १वै३ | वैश्य | वै२शू२ | शूद्र | शू३वि१ | विप्र | विप्र | क्षत्री | क्षत्रीः | क्ष१वै३ | वैश्य | वै२शू२ | शूद्र |
| च१द्वि३ | द्विपद | द्विपद | द्विपद | द्वि३की१ | कीट | कीट | द्विपद | द्विपद | द्वि१च१ | चतुःपद | च२द्व२ | द्विप |
| गौ | महिष | व्याघ्र | महिंष | व्याघ्र | मृग | मृग | श्वान | वानर | नकुल | वानर | सिंह | अश्व |
| व्याघ्र | अश्व | गौ | अश्व | गौ | श्वान | श्वान | मृग | छाग | सर्प | मेष | गज | महिष |
| सू१ बु३ | बुध | बु२शु२ | शुक्र | श३भौ१ | भौम | भौम | गुरु | गुरु | गुरु१श३ | शनि | शनि | शनि |
| मनुष्य | देव | राक्षस | देव | राक्षस | देव | राक्षस | राक्षस | मनुष्य | मनुष्य | देव | राक्षस | राक्षस |
| आदि | आदि | मध्य | अन्त्य | अन्त्य | मध्य | आदि | आदि | मध्य | अन्त्य | अन्त्य | मध्य | आदि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| से सो (द) दि दा | पूर्वभाद्र | कुं३मी१ | शूद्र३ वि१ | द्वि३जल१ | सिंह | नर | गुरु | देव | अन्त्य |
| (दु थ) झ ञ | उत्तर भाद्र | मीन | विप्र | जलचर | गौ | व्याघ्र | गुरु | मनुष्य | मध्य |
| दे दो (च) चि चा | रेवती | मीन | विप्र | जलचर | सिंह | गज | गुरु३गुरु१ | मनुष्य | आदि |

### * वर्णादिगुणज्ञानम् *

वर्णो वश्यं तथा तारा योनिश्च ग्रहमैत्रकम् ।
गणमैत्रं भकूटं च नाडी चैते गुणाधिकाः ॥३१८॥

वर्ण, वश्य, तारा, योनि, ग्रहमैत्री, गणमैत्री, भकूट, नाडी यी वर्णादिक एकदेखि एक अधिक गुणवाला हुन्छन् ॥३१८॥

### * तत्रादौ वर्णज्ञानम् *

मीनालिकर्कटा विप्राः क्षत्री मेषो हरिर्धनुः ।
शूद्रयुग्मं तुलाकुम्भौ वैश्यकन्या वृषो मृगः ॥३१९॥
नोत्तमामुद्वहेत्कन्यां ब्राह्मणीं च विशेषतः ।
म्रियते हीनवर्णश्च ब्रह्मणा सदृशो यदि ॥३२०॥
विप्रवर्णेषु या नारी शूद्रवर्णेषु यः पतिः ।
ध्रुवं भवति वैधव्यं शुक्रस्य दुहिता यदि ॥३२१॥

मीन, वृश्चिक, कर्क यी राशि ब्राह्मण वर्ण हुन् । मेष, सिंह, धन यी राशि क्षत्रिय वर्ण हुन् । मिथुन, तुला, कुम्भ यी राशि शूद्र वर्ण हुन् । कन्या, वृष, मकर यी राशि वैश्य वर्ण हुन् । वर्णमा श्रेष्ठ कन्या उत्तम हुन्न, ब्राह्मणी विशेष वर्जित हुन्छ, फेरि वर्णहीन वरको मृत्यु हुन्छ, चाहे त्यो ब्रह्माकै समान किन नहोस् । ब्राह्मण वर्णकी स्त्री र पति शूद्रवर्ण भए शीघ्रै विधवा हुन्छे । चाहे त्यो शुक्राचार्यकै कन्या किन नहोस् ॥३१९-३२१॥

*** वर्णचक्रम् ***

| वर्ण | ब्राह्मण | क्षत्रिय | वैश्य | शूद्र |
|---|---|---|---|---|
| राशि | १२।८।४ | १।५।९ | ६।२।१० | ३।७।११ |

*** वश्यज्ञानम् ***

मकरस्य पूर्वभागो मेषसिंहौ धनुर्वृषः ।
चतुष्पदा:कीटसंज्ञः कर्कः सर्पश्च वृश्चिकः ॥३२२॥
तुला च मिथुनं कन्या पूर्वार्धो धनुषस्तथा ।
द्विपदाख्या पश्चिमार्धं मकरस्य तथा पुनः ॥३२३॥
कुम्भमीनौ जलचरा राशयः परिकीर्तिताः ।
सिंहं विना वशाः सर्वे द्विपदानां चतुष्पदाः ॥३२४॥
भक्ष्या जलचरास्तेषां भयस्थाने सरीसृपाः ॥३२५॥

मकर राशिको पहिलो भाग अर्थात् आधा मकर र मेष, सिंह, धन राशिको दोस्रो भाग फेरि वृष यी राशिको चतुष्पदसंज्ञा हो। फेरि अरू कर्कको कीटसंज्ञा हो। वृश्चिकको सर्पसंज्ञा हो। तुला मिथुन, कन्या, धनको पैह्लो भाग यिनको द्विपदसंज्ञा हो। अरू मकर-को दोस्रा भाग, कुम्भ, मीन जलचर हो। यसप्रकार कहिएका द्विपदको सिंहबाहेक सबै वश्य हुन्, अरु जलचर द्विपदको भोजन हो, सर्पदेखि द्विपदलाई भय हुन्छ ॥३२५॥

*** वश्यचक्रम् ***

| | |
|---|---|
| मकर पूर्वार्ध । मेष । सिंह । धन परार्ध । वृष | चतुष्पद |
| कर्क | कीट |
| वृश्चिक | सर्प |
| तुला । मिथुन । कन्या । धन-पूर्वार्ध | द्विपद |
| मकर परार्ध । कुम्भ । मीन | जलचर |

* ताराज्ञानम् *

कन्यर्क्षाद्वरभं यावत्कन्याभं वरभादपि ।
गणयेन्नवहृत् शेषे त्रीष्वद्रिभमसत्स्मृतम् ॥३२६॥

कन्याका नक्षत्रदेखि वरका नक्षत्रसम्म गन्नु, अरु वरका नक्षत्रदेखि कन्याका नक्षत्रसम्म गन्नु दुवै अङ्क फरक फरक गरेर स्थापित गर्नु उसमा नौको भाग दिनु, तीन, पाँच वा सात शेष रह्यो भने अशुभ तारा जान्नु ॥३२६॥

* योनिज्ञानम् *

अश्विन्याः शतभस्याश्वो महिषः स्वातिहस्तयोः ।
पूभाधनिष्ठयोः सिंहो भरण्यन्त्यभयोर्गजः ॥३२७॥
कृत्तिकापुष्ययोर्मेषः श्रुतिपूषाद्वयोः कपिः ।
ऊषाभिजिद्द्वयोर्बभ्रूरोहिणीमृगयोरहिः ॥३२८॥
ज्येष्ठानुराधयोरेणः श्वा मूलार्द्राभयोस्तथा ।
पुनराश्लेषयोरोतुराखुः पूफामघर्क्षयोः ॥३२९॥
विशाखाचित्रयोर्व्याघ्रो गौरुफोत्तरभाद्रयोः ।
मैत्री वैरं विचार्यैवं भानां प्रोक्तास्तु योनयः ॥३३०॥
गोव्याघ्रं महिषाश्वं च श्वैणं मार्जारमूषकम् ।
सिंहेभं कपिमेषं च वैरं तु नकुलोरगम् ॥३३१॥
त्याज्यं परस्परं वैरं दम्पत्योः स्वामिभृत्ययोः ॥३३२॥

अश्विनी शतभिषा नक्षत्रको अश्व ( घोड़ा ) योनि हो । स्वाती र हस्त नक्षत्रको महिष पूर्वाभाद्रपदा धनिष्ठा नक्षत्रको सिंह, भरणी र रेवती नक्षत्रको गज, कृत्तिका र पुष्य नक्षत्रको मेष ( भेडो ), श्रवण, पूर्वाषाढ़ा यी दुवै नक्षत्रको बान्दर, रोहिणी र मृगशिरा

नक्षत्रको सर्प, ज्येष्ठा र अनुराधा नक्षत्रको मृग (हरिण), मूल र आर्द्रा नक्षत्रको कुक्कुर, पुनर्वसु र आश्लेषाको बिरालो, पूर्वाफाल्गुनी र मघाको मूषक, विशाखा र चित्राको व्याघ्र, उत्तरा फाल्गुनी र उत्तरा भाद्रपदको गौ योनि हो। यही प्रकारले मैत्री र योनि वैरको विचार गर्नु ॥ ३२७–३३२ ॥

* योनिवैरज्ञानम् *

गौको बाघ, महिषको घोड़ा, कुत्ताको मृग, सिंहको हस्ती, वानरको भेडा, अरु नेउरीको सर्प परम वैरत्व हुन्छ। यस निमित्त विवाह र नोकरीमा पनि सबै वर्जित गर्नू।

* योनिचक्रम् *

| नक्षत्र | अ. श. | स्वा. ह. | ध. पूर्वाभा. | भ. रे. | पुष्य. कृ. | श्र. पू. षा. | उ. षा. अभि. | मृ. रो. | ज्ये. अनु. | मू. आ. | पुनर्वसु श्ले. | म. पू. फा. | वि. चि. | उ.भा. उ फा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| योनि | अश्व | महिष | सिंह | हस्ती | मेष | वानर | नकुल | सर्प | हरिण | श्वान | मार्जार | मूषक | व्याघ्र | गौ |

* ग्रहमैत्रीज्ञानम् *

मित्राणि द्युमणेः कुजेज्यशशिनः शुक्रार्कजौ वैरिणौ
सौम्यश्चास्य समो विधोर्बुधरवी मित्रे न चास्य द्विषत् ॥
शेषाश्चास्य समाः कुजस्य सुहृदश्चन्द्रेज्यसूर्या बुधः
शत्रुः शुक्रशनी समौ च शशभृत्सूनोःसिताहस्करौ॥३३३॥
मित्रे चास्य रिपुः शशीगुरुशनिक्ष्माजाः समा गोष्पते
र्मित्राण्यर्ककुजेन्दवो बुधसितौ शत्रू समः सूर्यजः ॥
मित्रे सौम्यशनी कवेः शशिरवी शत्रू कुजेज्यौ समौ
मित्रेशुक्रबुधौशनेःरविशशिक्ष्माजाद्विषोऽन्यःसमः॥३३४॥

सूर्यका मंगल, बृहस्पति र चन्द्रमा मित्र; बुध सम; शुक्र, शनैश्चर शत्रु हुन्। चन्द्रमाका बुध र सूर्य मित्र; मंगल, बृहस्पति, शुक्र र शनि सम हुन्। अरु शत्रु कोही छैनन्। मंगलका चन्द्रमा, बृहस्पति र सूर्य मित्र हुन्, बुध शत्रु; शुक्र र शनि सम हुन्। बुधका शुक्र र सूर्य मित्र, चन्द्रमा शत्रु; बृहस्पति, शनैश्चर र मंगल सम हुन्। बृहस्पतिका सूर्य, मंगल र चन्द्रमा मित्र हुन्, बुध र शुक्र शत्रु हुन्, अनि शनिश्चर सम हो। शुक्रका बुध, शनिश्चरमित्र हुन्, चन्द्रमा, सूर्य शत्रु हुन्, मंगल र बृहस्पति सम हुन्। शनिश्चरका शुक्र, बुध मित्र हुन्; सूर्य, चन्द्रमा, मंगल शत्रु हुन्; बृहस्पति सम हुन् ॥ ३३३–३३४ ॥

* मैत्रीचक्रम् *

| ग्रहाः | सू. | चं. | मं. | बु. | बृ. | शु. | श. |
|---|---|---|---|---|---|---|---|
| मित्र | म. बृ. चं. | सू. बु. | चं. बृ. सू. | सू. शु. | सू. म. च. | बु. श. | बु. शु. |
| सम | बु. | मं. बृ. शु. श | शु. श. | म. बृ. श. | श. | मं. बृ. | बृ. |
| शत्रु | शु. श. | ०० | बु. | चं. | बु. शु. | चं. सू. | सू. चं. मं. |

* गणमैत्रीज्ञानम् *

रक्षोनरामरगणाः क्रमतो मघाहि-
वस्विन्द्रमूलवरुणानिलतक्षराधाः ॥
पूर्वोत्तरात्रयविधातृयमेशभानि
मैत्रादितीन्दुहरिपौष्णमरुल्लघूनि ॥३२५॥
निजनिजगणमध्ये प्रीतिरत्युत्तमा स्या-
दमरमनुजयोः सा मध्यमा संप्रदिष्टा ।
असुरमनुजयोश्चेन्मृत्युरेव प्रदिष्टो-
दनुजविबुधयोः स्याद्वैरमेकान्ततोऽत्र ॥३२६॥

मघा, श्लेषा, धनिष्ठा, ज्येष्ठा, मूल, शतभिषा, कृत्तिका, चित्रा र विशाखा यी नक्षत्रको राक्षस गण हो। तीनै पूर्वा तीनै उत्तरा, रोहिणी, भरणी र आर्द्रा यी नक्षत्रको मनुष्य गण हो, अनुराधा पुनर्वसु, मृगशिरा, श्रवण, रेवती, स्वाती, हस्त, अश्विनी, पुष्य यी नक्षत्रको देवता गण हो ॥३३५-३३६॥

फल—आफ्ना आफ्ना गणमा अति उत्तम प्रीति हुन्छ अर्थात् वर र कन्याको जन्म नक्षत्र र गण एकै भएमा विवाह भए वर कन्या दुवैमा बड़ो गाढ़ प्रीति हुन्छ, अरु वर कन्या दुवैमा कसैको जन्म नक्षत्र देवता गणको र कसैको मनुष्यगणको भएमा मध्यम प्रीति हुन्छ। फेरि कसैको जन्म नक्षत्र राक्षसगणको र कसैको मनुष्य गणको भएमा वर कन्याको मृत्यु हुन्छ। वर कन्या दुवैमा एकको जन्म नक्षत्र राक्षस गण र दोस्राको देवता गण भएमा दुवैको परस्पर वैर रहन्छ, मिलाप हुँदैन।

* गणचक्रम् *

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राक्ष. | म. | श्ले | ध. | ज्ये. | मू | श. | कृ. | चि. | वि. |
| मनु. | पू. भा. | पू. षा. | पू फा. | उ.भा. | उ. षा | उ. फा. | रो. | भ. | आ. |
| देवता | अनु. | पुन. | मृ. | श्र. | रे. | स्वा. | ह. | अ. | पुष्य |

* भकूटज्ञानम् *

**मृत्युः षडष्टके ज्ञेयोऽपत्यहानिर्नवात्मजे।**
**द्विर्द्वादशे निर्धनत्वं द्वयोरन्यत्र सौख्यकृत ॥३३७॥**

कन्याका जन्मराशिदेखि वरका जन्मराशिसम्म र फेरि वरका जन्मराशिदेखि कन्याको जन्मराशिसम्म गन्दा छैटौं वा आठौं भयो भने दुवैको मृत्यु हुन्छ। नवौं वा पाँचौं भएमा सन्तानको हानि हुन्छ। दोस्रा वा बाह्रौं भएमा दुवै निर्धनी हुन्छन्। यसदेखि अतिरिक्त भयो भने दुवै सुखी रहन्छन् ॥३३७॥

* मृत्युषडष्टकज्ञानम् *

**कन्यामेषे वृषे चापे कामालिघटकर्कटे ।**
**मृगसिंहे तुलामीने त्यजेन्मृत्युषडष्टके ॥३३८॥**

कन्या र मेष, वृष र धन, मिथुन र वृश्चिक, कुम्भ र कर्क, मकर र सिंह, फेरि तुला र मीनमा मृत्युषडष्टक हुन्छ ॥३३८॥

* वृद्धिषडष्टकज्ञानम् *

**मेषालिमकरे युग्मे कन्याकुम्भतुले वृषे ।**
**सिंहमीने धने कर्के षडष्टौ प्रतिवृद्धिदम् ॥३३९॥**

मेष र वृश्चिक; मकर र मिथुन; कन्या र कुम्भ; तुला र वृष; सिंह र मीन; धन र कर्क यिनको परस्पर वृद्धिषडष्टक जान्नु ॥ ३३९॥

* वर्गगुणज्ञानम् *

**अकचटतपयशवर्गाः खगेशमार्जारसिंहशुनाम् ।**
**सर्पाखुमृगावीनां निजपञ्चमवैरिणामष्टौ ॥ ३४० ॥**

अवर्ग, कवर्ग, चवर्ग, टवर्ग, तवर्ग, पवर्ग, यवर्ग, शवर्ग यी आठ वर्ग हुन्छन् । यिनको वर्गसंज्ञा यस्ता प्रकारले जान्नु । अवर्ग गरुड, कवर्ग बिरालो, चवर्ग सिंह, टवर्ग श्वान, तवर्ग सर्प, पवर्ग मूषक ( मूसो ), यवर्ग मृग, शवर्ग मेष ( भेडो ) हो । यसमा आफ्ना पाँचौंको वैरी हुन्छ । जस्तै–गरुड़को साँप, बिरालाको मूसो, सिंहको हरिण, श्वानको भेड़ो, साँपको गरुड़, मूषाको बिरालो हरिणको सिंह, भेड़ाको श्वान ( कुत्ता ) वैरी हुन्छ, यस कारण कन्याका नामको पहिलो अक्षर जुन वर्गको हुन्छ उसैदेखि वरका वर्गको पाँचौं हुनु ठीक होइन । कन्या र वरका नामको पैहो अक्षर एकै वर्गको भए दुवैको परस्पर प्रीति हुन्छ ॥३४०॥

* वर्गचक्रम् *

| | | | | | |
|---|---|---|---|---|---|
| अ इ उ ए ओ | गरुड़ | १ | त थ द ध न | सर्प | ५ |
| क ख ग घ ङ | मार्जार | २ | प फ ब भ म | मूषक | ६ |
| च छ ज झ ञ | सिंह | ३ | य र ल व | मृग | ७ |
| ट ठ ड ढ ण | श्वान | ४ | श ष स ह | मेष | ८ |

* नाडीविचारः *

ज्येष्ठारौद्रार्यमाम्भः पतिभयुगयुगं दास्रभं चैकनाडी
पुष्येन्दुत्वाष्ट्रमित्रान्तकवसुजलभं योनिबुध्न्ये च मध्या ॥
वाय्वग्निव्यालविश्वोडुयुगयुगमथो पौष्णभं चापरास्या-
द्दम्पत्योरेकनाड्यां परिणयनमसन्मध्यनाड्यां हि मृत्युः ॥

ज्येष्ठा, मूल, आर्द्रा, पुनर्वसु, शतभिषा, पूर्वाभाद्रपद, उत्तराफाल्गुनी, हस्त, अश्विनी यी नक्षत्रको आदि नाड़ी हो; पुष्य, मृगशिरा, चित्रा, अनुराधा, भरणी, धनिष्ठा, पूर्वाषाढ़ा, पूर्वाफाल्गुनी उत्तराभाद्रपद यिनको मध्य नाड़ी हो; स्वाती, विशाखा, कृत्तिका, रोहिणी आश्लेषा, मघा, उत्तराषाढ़ा, श्रवण, रेवती यिनको अन्त्य नाड़ी हो।

फल—एकै नाड़ीमा वर कन्याको नक्षत्र भयो भने विवाहमा अशुभ हुन्छ। अरु मध्य नाड़ीमा भए मृत्यु हुन्छ ॥ ३४१ ॥

* नाड़ीचक्रम् *

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अ. | आ. | पु.न. | उ.फा. | ह. | ज्ये. | मू. | श. | पू.भा. | आदिनाड़ी |
| भ. | मृ. | पुष्य | पू.फा. | चि. | अनु. | पू.षा. | ध. | उ.भा. | मध्यनाड़ी |
| कृ. | रो. | श्ले. | म. | स्वा. | वि. | उ.षा. | श्र. | रे. | अन्त्यनाड़ी |

* नक्षत्रनिषेधज्ञानम् *

भामिनीजन्मनक्षत्राद्द्वितीयं पतिसम्भवम्।
न शुभं भर्तृनाशाय कथितं ब्रह्मयामले ॥ ३४२ ॥

ब्रह्मयामलमा कहेको छ कि स्त्रीका जन्म-नक्षत्रदेखि दोस्रो नक्षत्र पतिको भयो भने विवाह शुभ हुँदैन, किन्तु पतिनाशक हुन्छ ॥२४२॥

* भकूटादिपरिहारः *

प्रोक्ते दुष्टभकूटके परिणयस्त्वेकाधिपत्ये शुभो-
ऽथोराशीश्वरसौहृदेऽपि गदितो नाड्यृक्षशुद्धिर्यदि ।
अन्यर्क्षांशपयोर्बलित्वसखिते नाड्यृक्षशुद्धौ तथा
ताराशुद्धिवशेन राशिवशिताभावे निरुक्तो बुधैः ॥२४३॥

उक्त प्रकार जो दुष्ट भकूट कहियो उसको परिहार यस प्रकार हुन्छ — यदि वर-कन्याका राशिको स्वामी एकै भएमा जस्तै मेष-वृश्चिकको ( भौम ) वृष-तुलाको ( शुक्र ) हुँदा विवाह शुभ हुन्छ, अरु राशिको मैत्री भएमा पनि शुभ हुन्छ, यदि नाड़ी शुद्धि नक्षत्र शुद्धि होस् अरु उक्त राशीश अंशेशको परस्पर मैत्री होस् बलवान् पनि हुन्, नाड़ीशुद्धि ताराशुद्धि होस्; एवं राशिवश्यता पनि उचित होस्ता ग्रहका शत्रुभावको दोष लाग्दैन। यहाँ (ग्रहमैत्री) मित्रषट्काष्टक (१) एकाधिपत्य (२) सबलांशेशमैत्री (३) राशिवश्यता (४) तारा-शुद्धि (५) यी षट्काष्टकको परिहार छ, यी मध्यमा एक भए पनि षट्काष्टक दोष लाग्दैन ॥२४३॥

* गणपरिहारः *

मैत्र्यां राशिस्वामिनोरंशनाथद्वन्द्वस्यापि स्याद्गणानां न दोषः
खेटारित्वं नाशयेत्सद्भकूटं खेटप्रीतिश्चापि दुष्टं भकूटम् ॥२४४॥

दुवै राशिका स्वामीको दुवै राशिका नवांशका स्वामीको मित्रता भएमा गणको दोष लाग्दैन। यदि शुभ भकूट होस् अर्थात् कन्याका जन्मराशिदेखि वरको जन्मराशि, वरको जन्मराशिदेखि कन्याको जन्म-राशि तेस्रो, चौथो, सातौं, दशौं, तेह्रौं भयो भने वर कन्याको जन्म-राशिका स्वामीहरुका शत्रुताको विनाश गर्दछ, यदि दुवै जन्मराशीश-

को परस्पर मित्रता भयो भने दुष्ट भकूटको विनाश गर्दछ ॥३४४॥

* नाडीगणदोषपरिहारः *

राश्यैक्ये चेद्भिन्नमृक्षं द्वयोः स्या न्नक्षत्रैक्ये राशियुग्मं तथैव ॥
नाडीदोषो नो गणानां च दोषो
नक्षत्रैक्ये पादभेदे शुभं स्यात् ॥३४५॥

वर र कन्याको राशि एकै भयो, जन्म नक्षत्र भिन्नै भयो अनि फेरि नक्षत्र दुवैको एकै होस् राशि भिन्नै होस्ता, नाड़ीदोष र गणको दोष लाग्दैन। फेरि दुवैको नक्षत्र एकै होस् परन्तु चरणको भेद भयो भने मात्रै विवाह शुभ हुन्छ ॥३४५॥

* केचिन्मतेन वर्णादिदोषपरिहारः *

गणदोषो योनिदोषो वर्णदोषः षडष्टकम् ।
च्चत्वारि नैव दुष्यन्ति राशिमैत्री यदा भवेत् ॥३४६॥

गणदोष, योनिदोष, वर्णदोष, षडष्टक यी चारै दोष ग्रहमैत्री भयो भने पनि दोष गर्न सक्दैनन् ॥३४६॥

* पुनः परिहारः *

न वर्गवर्णो न गणो न योनिर्द्धिर्द्वादशे[1] नैव षडष्टके[2] वा ।
ताराविरुद्धे नवपञ्चमे[3] वा मैत्री यदा स्याच्छुभदो विवाहः॥

वर्ग, वर्ण, गण, योनि, द्विर्दादश, षडष्टक, तारा, नवपञ्चक यी सबै दोष हुँदा पनि यदि केवल ग्रहमैत्री मात्र पनि बन्यो भने विवाह शुभदायक हुन्छ ॥ ३४७ ॥

---

१. मीन मेष, वृष मिथुन, कर्क सिंह, कन्या तुला, वृश्चिक धनु र मकर कुम्भ यी राशि 'द्विर्दादश' कहिन्छन्।

२. मेष कन्या, तुला मीन, मिथुन वृश्चिक, मकर सिंह, कुम्भ कर्क, वृष धन यी दुई-दुई राशिको 'मृत्युषडष्टक' संज्ञा हुन्छ।

३. मीन वृश्चिक, कर्क मीन, कर्क वृश्चिक, कुम्भ मिथुन, मकर कन्या यी दुई-दुई राशिको 'नवपंचक' संज्ञा हुन्छ।

* नवपञ्चकपरिहारः *

वरस्य पञ्चमे कन्या कन्याया नवमे वरः ।
एतत्त्रिकोणकं ग्राह्यं पुत्रपौत्रसुखावहम् ॥३४८॥

वरका राशिदेखि पञ्चम कन्याको राशि होस् कन्याका राशि-देखि नवौं राशि वरको होस्ता नवपञ्चक दोष पनि शुभ हुन्छ । अरु पुत्र पौत्रादि सबैलाई सुख दिने हुन्छ ॥ ३४८ ॥

* मङ्गलीयदोषज्ञानम् *

लग्ने व्यये च पाताले जामित्रे चाष्टमे कुजे ।
पत्नी हन्ति स्वभर्तारं भर्ता भार्यां न संशयः ॥३४९॥
एवंविधे कुजे सख्ये विवाहो न कदाचन ।
कार्यो वा गुणबाहुल्ये कुजे वा तादृशे द्वयोः ॥३५०॥

स्त्रीका जन्म लग्नमा बाहौं, सातौं, चौथो र आठौं स्थानमा मङ्गल होस्ता पतिलाई विनाश गर्छ त्यस्तै पतिको होस्ता स्त्री विनाश गर्छ, यी स्थानमा यदि मङ्गल होस्ता कस्तै भए पनि विवाह नगर्नु । अथवा बहुत गुण मिलेमा विवाह गर्नु । दुवै मंगले मङ्गली हुन् ता शुभ हुन्छ ॥ ३४९–३५० ॥

* कस्यचिन्मतेन भौमपरिहारः *

जामित्रे च यदा सौरिर्लग्ने वा हिबुकेऽथवा ।
नवमे द्वादशे चैव भौमदोषो न विद्यते ॥३५१॥

जन्मलग्नदेखि सातौं, लग्नमा वा चौथो नवौं र अनि बाहौं शनैश्चर भयो भने मङ्गलको दोष लाग्दैन ॥ ३५१ ॥

* नाड्यादिदोषदानम् *

दोषापनुत्तये नाड्या मृत्युञ्जयजपादिकम् ।
विधाय ब्राह्मणांश्चैव तर्पयेत्काञ्चनादिना ॥३५२॥

हिरण्मयीं दक्षिणां च दद्याद्वर्णादिकूटके ।
गावोऽन्नं वसनं हेम सर्वदोषापहारकम् ॥३५३॥

नाडी दोषमा मृत्युञ्जयको जप गराएर ब्राह्मणलाई सुवर्ण (सुन) दान दिनु उचित हुन्छ। वर्णादिकूटमा अर्थात् वर्णादि दोषमा सुवर्ण दान दिनु अरू गोदान, वस्त्र-दान र सुवर्णको दान गर्नाले सर्व दोष नष्ट हुन्छ ॥ ३५२-३५३ ॥

* गुणप्रमाणेन शुभाशुभज्ञानम् *

साम्ये च वर्णोत्तमजे वरे भूर्गुणोऽथ वश्याशनके गुणार्धम्।
एकोऽरिवश्ये द्वितयं सखित्वे स्याद्वैरभक्षे गुणहानिरेव॥
ताराशुभेऽथो वरकन्ययोस्तु त्रयस्तदर्धं सदसद्भसत्वे।
महारि वैरे सममित्रताया: खेन्दुत्रिकाम्बुप्रमिता गुणा: स्यु:॥
वैरेऽरिसाम्येऽरिसुहृत्त्वकेऽपि द्वयोश्च साम्ये सममित्रतायाम्।
एकाधिपत्योभयमित्रतायां खैकद्विवह्न्यम्बुशरागुणा: स्यु:॥
साम्ये च षड्नामनुजश्च देवी पत्नीशरा:स्यु:विपरीतके षट्।
दैत्याङ्गनाराक्षसनात्र चैको गुणोऽन्यथा खं त्वथ दुष्टकूटे॥
चेद्योनिमैत्री रमणी सुदूरं वेदानचेत्खं त्वनयो: पदैकम् ।
भूरिक्षपादैक्य अभाव इष्टे चेत्कण्टके भारिनृदूरते षट् ॥
भिन्नर्क्षराशैक्य इषून्मित: स्युस्त्वन्यस्य सप्ताथ च नाडिभेदे।
गजागुणैक्यं धृतितोऽधिकं चे त्स्त्रीकान्तयो:सौख्यकरं प्रदिष्टम्

* योनिगुणाः *

वर कन्या दुवैको वर्ण एकै होस् या वरको वर्ण उत्तम होस्ता एक गुण हुन्छ। वश्य भक्षक छ भने आधा गुण पाउँछ।

शत्रु वश्य भएमा एक गुण पाउँछ। मित्र वश्य होस् वा सम वश्य होस् ता दुइ गुण पाउँछ।

### १ वर्णगुणज्ञानाय चक्रम्

| | वरस्य | विप्र | क्ष. | वै. | शू. |
|---|---|---|---|---|---|
| कन्यायाः | विप्र | १ | ० | ० | ० |
| | क्षत्री | १ | १ | ० | ० |
| | वैश्य | १ | १ | १ | ० |
| | शूद्र | १ | १ | १ | १ |

### २ वश्य गुणज्ञानाय चक्रम्

| | वरस्य | च. | मा. | ज. | व. | की. |
|---|---|---|---|---|---|---|
| कन्यायाः | चतु | २ | १ | १ | ॥ | २ |
| | मान! | १ | २ | १ | ० | ० |
| | जल | १ | ॥ | २ | १ | २ |
| | वन | ० | ० | १ | २ | ० |
| | कीट | १ | ० | १ | ० | २ |

### ३ ताराया गुणबोधकचक्रम्

| | वरस्य | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कन्यायाः | १ | ३ | ३ | १। | ३ | १॥ | ३ | १॥ | ३ | ३ |
| | २ | ३ | ३ | १॥ | ३ | १॥ | ३ | १॥ | ३ | ३ |
| | ३ | १॥ | १॥ | ० | १॥ | ० | १। | ० | १॥ | १॥ |
| | ४ | ३ | ३ | १॥ | ३ | १॥ | ३ | १॥ | ३ | ३ |
| | ५ | १॥ | १॥ | ० | १॥ | ० | १॥ | ० | १॥ | ॥ |
| | ६ | ३ | ३ | १॥ | ३ | १॥ | ३ | १॥ | ३ | ३ |
| | ७ | १॥ | १॥ | ० | १। | ० | १॥ | ० | १॥ | १॥ |
| | ८ | ३ | ३ | १॥ | ३ | १॥ | ३ | १॥ | ३ | ३ |
| | ९ | ३ | ३ | १॥ | ३ | १॥ | ३ | १॥ | ३ | ३ |

### * तारा गुणाः *

वर र कन्या दुवैको तारा शुभ होस्ता तीन गुण पाउँछ। एक तारा शुभ एक अशुभ होस्ता डेढ़ गुण पाउँछ। अन्यथा शून्य गुण।

### * योनिगुणाः *

महावैर योनि होस्ता शून्य गुण पाउँछ तथा वैरमा एक गुण पाउँछ। समयोनिमा तीन गुण पाउँछ अरु मित्र योनिमा चार गुण हुन्छ।

४ अथात्रवरकन्ययोर्नक्षत्रमेलापके वर्णादिनाड्यन्तानामष्टकूटानांगुणस्य-संख्याज्ञानमिदम्। अथात्र योनिकूटस्य गुणज्ञानाय चक्रम्।

वरस्य

| योनिः | अश्व | गज | मेष | सर्प | श्वान | मार्जा | मूष | गौ | महिष | व्याघ्र | मृग | वानर | नकुल | सिंह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अश्व | ४ | २ | ३ | २ | २ | २ | २ | ३ | ० | १ | ३ | २ | २ | १ |
| गज | २ | ४ | ३ | २ | ३ | २ | ३ | २ | ३ | २ | २ | ३ | २ | ० |
| मेष | ३ | ३ | ४ | ३ | २ | ३ | २ | ३ | ३ | १ | ३ | ० | ३ | १ |
| सर्प | २ | २ | ३ | ४ | २ | २ | १ | १ | २ | २ | २ | २ | ० | २ |
| श्वान | २ | २ | २ | २ | ४ | १ | १ | २ | २ | १ | ० | २ | २ | १ |
| मार्जा | २ | २ | ३ | २ | १ | ४ | ० | २ | २ | १ | २ | २ | २ | २ |
| मूष | २ | २ | २ | १ | १ | ० | ४ | २ | २ | २ | २ | २ | २ | १ |
| गौ | ३ | २ | ३ | १ | २ | २ | २ | ४ | ३ | ० | ३ | २ | ३ | १ |
| महिष | ० | ३ | ३ | २ | २ | २ | २ | ३ | ४ | १ | २ | २ | २ | ३ |
| व्याघ्र | १ | २ | १ | २ | १ | १ | २ | ० | १ | ४ | १ | १ | २ | २ |
| मृग | ३ | २ | ३ | २ | ० | २ | २ | ३ | २ | १ | ४ | २ | २ | २ |
| वानर | २ | ३ | ० | २ | २ | २ | २ | २ | २ | १ | २ | ४ | २ | ३ |
| नकुल | २ | २ | ३ | ० | २ | २ | २ | ३ | २ | २ | २ | २ | ४ | २ |
| सिंह | १ | ० | १ | २ | १ | २ | १ | १ | ३ | २ | २ | ३ | २ | ४ |

कन्यायाः

* मैत्रीगुणाः *

५ ग्रहमैत्रिकस्वगुणज्ञानाय चक्रम्

| कन्यायाः / वरस्य | सू. | चं. | मं | बु. | गु. | शु. | श. |
|---|---|---|---|---|---|---|---|
| सू. | ५ | ५ | ५ | ४ | ५ | ० | ० |
| चं. | ५ | ५ | ४ | २ | ४ | १ | १ |
| मं | ५ | ४ | ५ | १ | ५ | ३ | १ |
| बु. | ४ | २ | १ | ५ | १ | ५ | ४ |
| गु. | ५ | ४ | ५ | १ | ५ | १ | ३ |
| शु. | ० | १ | ३ | ५ | १ | ५ | ५ |
| श. | ० | १ | १ | ४ | ३ | ५ | ५ |

दुवै वर कन्याका राशि-देखि परस्पर शत्रुता होस्ता शून्य गुण हुन्छ। एक शत्रु र एक सम होस्ता एक गुण पाउँछ। एक शत्रु एक मित्र होस्ता २ गुण पाउँछ। दुवैमा सामान्य होस्ता तीन गुण पाउँछ। एक सम एक मित्र होस्ता चार गुण हुन्छ। दुवै राशिको स्वामी एकै होस् अथवा मित्रता होस्ता पाँच गुण पाउँछ ॥

## * गणमैत्रीगुणाः *

६ गणमैत्री गुणज्ञानाय चक्रम्

| | वरस्य गणाः | देवता | मनुष्य | राक्षस |
|---|---|---|---|---|
| कन्यायाः | देवता | ६ | ५ | १ |
| | मनुष्य | ६ | ६ | ० |
| | राक्षस | ५ | ० | ६ |

दुवै वर र कन्याको समगण भयो भने ६ गुण पाउँछ फेरि वरको मनुष्य गण होस् कन्याको देवतागण होस्ता पाँच गुण पाउँछ। वरकन्या देवतामनुष्य भए ६ गुण पाउँछ। कन्या देवतागणकी होस् वर राक्षसगणको होस्ता एक गुण पाउँछ। उसमा अन्यथा भए अर्थात् मनुष्य राक्षस भयो भने शून्य गुण पाउँछ।

## * भकूटगुणाः *

वर कन्यादेखि षडष्टकादि दुष्टभकूटहोस् परन्तु पुरुषका राशिदेखि स्त्रीका राशि दूर होस् अरु दुवैदेखि योनिमा मैत्री होस् अर्थात् योनि गुणमा मित्रता भए चार गुण हुन्छ। यो बात नहोस् ता शून्य गुण जान्नु। वर र कन्याको नक्षत्र एकै भएर चरण भेद होस् ता एक गुण हुन्छ। दुवैको नक्षत्र वा चरण अभाव होस् अर्थात् अरु अरु होस् ता पनि एकै गुण पाउँछ। दुष्टकूट होस् राशीशदेखि शत्रुता होस् अरु स्त्रीदेखि पुरुष दूर (टाढा) होस्ता छः गुण पाउँछ। नक्षत्र भिन्न होस् राशि एकै होस्ता पाँच गुण पाउँछ। यसदेखि अन्यथा होस्ता सात गुण पाउँछ।

॥ ७ राशिकूटस्य गुणबोधचक्रम् । वरस्य ॥

| | राशयः | १ मे. | २ वृ. | ३ मि. | ४ क. | ५ सि. | ६ कं. | ७ तु. | ८ वृ. | ९ ध. | १० म. | ११ कुं. | १२ मी. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कन्यायाः | मे. | ७ | ० | ७ | ७ | ० | ० | ० | ० | ० | ७ | ७ | ० |
| | वृ. | ० | ७ | ० | ७ | ७ | ० | ० | ७ | ० | ० | ७ | ७ |
| | मि. | ७ | ० | ७ | ० | ७ | ७ | ० | ० | ७ | ० | ७ | ० |
| | क. | ७ | ७ | ० | ७ | ० | ७ | ७ | ० | ० | ७ | ० | ० |
| | सिं. | ० | ७ | ७ | ० | ७ | ० | ७ | ७ | ० | ० | ७ | ० |
| | कं. | ० | ० | ७ | ७ | ० | ७ | ० | ७ | ७ | ० | ० | ७ |
| | तु. | ७ | ० | ० | ७ | ७ | ० | ७ | ० | ७ | ७ | ० | ० |
| | वृ. | ० | ७ | ० | ० | ७ | ७ | ० | ७ | ० | ७ | ७ | ० |
| | ध. | ० | ० | ७ | ० | ० | ७ | ७ | ० | ७ | ० | ७ | ७ |
| | म. | ७ | ० | ० | ७ | ० | ० | ७ | ७ | ० | ७ | ० | ७ |
| | कु. | ७ | ७ | ७ | ० | ७ | ० | ० | ७ | ७ | ० | ७ | ० |
| | मी. | ० | ७ | ० | ० | ० | ७ | ० | ० | ७ | ७ | ० | ७ |

* नाडीगुणाः *

८ नाडीगुण.चक्रम्

| कन्यायाः | वर | आ | म. | अं |
|---|---|---|---|---|
| | आ | ० | ८ | ८ |
| | म | ८ | ० | ८ |
| | अं | ८ | ८ | ० |

नाडी दुवै वर र कन्याको अन्य-अन्य (दोस्रा दोस्रै) होस्ता आठ गुण पाउँछ, एकै नाडी भए शून्य गुण पाउँछ। यी माथि लेखेको सबै गुण हरु जोड्दामा यदि अठारदेखि अधिक होस् ता विवाहमा शुभ हुन्छ। स्त्री पुरुषलाई सुखदायक पनि हुन्छ। अरु जो अठारदेखि कम होस् ता विवाहमा अशुभ हुन्छ पुरा अठार भएमा मध्यम जान्नु ॥ ३५४-३५९ ॥

❀ कस्यचिन्मतेन वर्णदोषः परिहारः ❀

हीनवर्णो यदा राशी राशीशो वर्णमुत्तमम्।
तदा राशीश्वरो ग्राह्यस्तस्य राशिं न चिन्तयेत् ॥३६०॥

राशिदेखि जसको वर्ण हीन छ फेरि त्यसमा राशिस्वामीको वर्ण उत्तम भएमा विवाह शुभ हुन्छ। राशिको विचार नगर्नु राशिका स्वामीको ग्रहण गर्नु ॥ ३६० ॥

❀ राशीश्वरवर्णचक्रम् ❀

| १।८ | २।७ | ३।६ | ९।१२ | १०।११ | ४ | ५ | राशि |
|---|---|---|---|---|---|---|---|
| क्षत्रिय | ब्राह्मण | शूद्र | ब्राह्मण | शूद्र | वैश्य | क्षत्रिय | वर्ण |
| मं. | शु. | बु. | गु. | श. | चं. | सू. | स्वामी |

❀ विवाहे रविचन्द्रगुरुशुद्धिचक्रम् ❀

| रविः | चन्द्रः | गुरुः | ग्रहाः |
|---|---|---|---|
| ३।६।<br>१०।११ | ३।६।७<br>११ | २।५।७<br>९।११ | शुभस्था-<br>नानि |
| १।२।५<br>१२।९ | १।२<br>५।९ | १।३<br>१०।६ | पूज्यस्था<br>नानि |
| ४।८<br>१० | ४<br>८।१२ | ४<br>८।१२ | निन्दित-<br>स्थानानि |

अत्र कन्याविवाहे कुमारस्योपनयने गुरुबलं चिन्त्यम् ॥ कुमारस्योपनयने विवाहेऽपि सूर्यबलं चिन्त्यम्, उभयोश्चन्द्रबलं चिन्त्यमिति।

* वधूप्रवेशमुहूर्तः *

समाद्रि पञ्चाङ्कदिने विवाहाद्वधूप्रवेशोऽष्टिदिनान्तराले ।
शुभः परस्ताद्विषमाब्दमासदिनेऽक्षवर्षात्परतो यथेष्टम् ॥
ध्रुवक्षिप्रमृदुश्रोत्रवसुमूलमघानिले ।
वधूप्रवेशः सन्नेष्टो रिक्तारार्के बुधे परैः ॥३६२॥

विवाहका दिनदेखि सोह्र दिनभित्र सम दिनमा अर्थात् दोस्रो, चौथो, छैटौं, दशौं, बाह्रौं, चौधौं, सोह्रौं अनि फेरि सातौं, पाँचौं, नवौं दिन र १६ दिनपछि पैल्हा, तेस्रा, पाँचौं वर्षमा पैल्हा, तेस्रा, पाँचौं, सातौं, नवौं, एघारौं मैन्हामा वधू-प्रवेश शुभ हुन्छ । पाँच वर्ष वितेपछि आफ्नू इच्छाअनुसार जैले ल्याए पनि विषम वर्ष मासादिको विचार गरेर वधूप्रवेश गर्नु, उक्त समय मिल्न सकेन भने इच्छानुसार ल्याउनु ।

ध्रुवसंज्ञक[1] नक्षत्र, क्षिप्रसंज्ञक[2] मृदुसंज्ञक[3] तथा श्रवण, धनिष्ठा, मूल, मघा, स्वाती यी नक्षत्रमा वधू प्रवेश गर्नु शुभ हुन्छ । फेरि चौथी, नवमी, चतुर्दशी यी तिथि र रविवार भौमवार यी दिनमा अरु कुनै आचार्यका मतले बुधवारमा पनि वधूप्रवेश गर्नु अशुभ हुन्छ ॥ ३६१–३६२ ॥

* द्विरागमनमुहूर्तः *

विवाहाद्विषमे वर्षे कुम्भमेषालिगे रवौ ।
बलिन्यर्के विधौ जीवे शुभाहे-चाश्विनीमृगे ॥३६३॥
रेवतीरोहिणीपुष्ये त्र्युत्तरे श्रवणत्रये ।
हस्तत्रये पुनर्वस्वौ तथा मूलानुराधयोः ॥३६४॥

---

१. रोहिणी र तीन उत्तरा यी नक्षत्र ध्रुवसंज्ञक हुन् ।
२. हस्त, अश्विनी, पुष्य र अभिजित् यी नक्षत्र क्षिप्रसंज्ञक हुन् ।
३. मृगशिरा, चित्रा, अनुराधा र रेवती यी मृदुसंज्ञक नक्षत्र हुन् ।

कन्यामीनतुले युग्मे वृषे प्रोक्तबलान्विते ।
लग्ने पद्मदलाक्षीणां द्विरागमनमिष्यते ॥३६५॥
संमुखे दक्षिणे शुक्रे नो गच्छेत्तु कदाचन ।
गर्भिणी तु विगर्भास्यान्नवोढा वन्ध्यतामियात् ॥
बालकश्चेद्विपद्येत विगेहादपि चेद्व्रजेत् ॥३६६॥

विवाहदेखि विषम वर्षमा द्विरागमन शुभ हुन्छ । कुम्भ, मेष, वृश्चिकका सूर्य हउन् अरु सूर्य, चन्द्रमा, बृहस्पति बली हउन् अनि फेरि शुभ दिन पनि होस् । अश्विनी, मृगशिरा, रेवती, रोहिणी, पुष्य, तीनै उत्तरा, श्रवण, धनिष्ठा, शतभिषा, हस्त, चित्रा, स्वाती, पुनर्वसु, मूल र अनुराधा यी नक्षत्र शुभ छन् । फेरि कन्या, मीन, तुला, मिथुन, वृष यी लग्न स्त्रीहरूका द्विरागमनमा शुभ हुन्छन् । अनि संमुख र दक्षिण शुक्रमा पनि कहिल्यै न जानु । यदि गर्भिणी स्त्री गई भने विना गर्भकी हुन्छे अर्थात् गर्भ तुहाउँछे । अरु जो नवीन अर्थात् विना गर्भवाली स्त्री गई भने वन्ध्या हुन्छे, यदि बालकलाई साथमा लिएर गए बालको मृत्यु हुन्छ ॥३६३–३६६॥

* शुक्रपरिहारः *

एकग्रामे चतुष्कोणे दुर्भिक्षे राजविग्रहे ।
विवाहे तीर्थयात्रायां प्रतिशुक्रो न दोषभाक् ॥३६७॥

एक ग्राममा, चारै कोणमा अनि दुर्भिक्ष कालमा, राजाले दुःख दिएमा अनि फेरि विवाहमा अर्थात् वधूप्रवेशादिमा वा तीर्थ-यात्रा आदिमा शुक्रका संमुख र दक्षिणको दोष लाग्दैन ॥ ३६७ ॥

* गोत्रभेदेन शुक्रपरिहारः *

कश्यपेषु वशिष्ठेषु भृगावाङ्गिरसेषु च ।
भरद्वाजेषु वत्सेषु प्रतिशुक्रो न दोषदः ॥३६८॥

कश्यपगोत्र, वशिष्ठगोत्र, भृगुगोत्र, आङ्गिरसगोत्र, भरद्वाजगोत्र वा वत्स गोत्रीमा शुक्रको संमुख र दक्षिणको दोष लाग्दैन ॥३६८॥

* पुनः शुक्रपरिहारः *

पैत्र्ये गृहे चेत्कुचपुष्पसंभवः स्त्रीणां न दोषः प्रतिशुक्रसंभवः ।
भृग्वङ्गिरावत्सवशिष्ठकश्यपाऽत्रीणां भरद्वाजमुनेः कुले तथा ॥

पिताका घरमा जस स्त्रीको कुच ( स्तन ) उठोस् वा रजस्वला होस् उस स्त्रीलाई शुक्रका सम्मुख र दक्षिणको दोष लाग्दैन। भृगु, अङ्गिरा, वत्स, वशिष्ठ, कश्यप, अत्रि र भरद्वाज यी गोत्रीहरूलाई संमुख र दक्षिण शुक्रको दोष लाग्दैन ॥३६९॥

* शुक्रान्ध परिहारः *

रेवत्यादिमृगान्ते च यावत्तिष्ठति चन्द्रमाः ।
तावच्छुक्रो भवेदन्धः सम्मुखे दक्षिणे शुभः ॥३७०॥

रेवतीदेखि मृगशिरासम्मका नक्षत्रमा चन्द्रमा भएका बेला शुक्र अन्ध हुन्छ। त्यो शुक्र संमुख दक्षिणादिमा शुभदायक हुन्छ ॥३७०॥

* द्वितीयप्रकारेण शुक्रान्धज्ञानम् *

यावच्चन्द्रः पूषभात्कृत्तिकाद्ये
पादे शुक्रोऽन्धो न दुष्टोग्रदक्षे ।
मध्ये मार्गं भार्गवास्तेऽपि राजा
तावत्तिष्ठेत्सम्मुखत्वेऽपि तस्य ॥३७१॥

चन्द्र नक्षत्र, रेवतीदेखि कृत्तिकाका पैल्हा चरण सम्म शुक्र अन्ध रहन्छ। उसमा यात्रा परेमा संमुख दाहिनु भए पनि शुक्रको दोष लाग्दैन। फेरि राजाका यात्रामा मध्यमार्गमा नै यदि शुक्र अस्त भयो भने राजाले त्यहीं बस्नु, जबतक शुक्र उदय हुँदैन तबतक वास गर्नु अथवा जबतक सम्मुख रहन्छ तबसम्म वास गर्नु ॥३७१॥

* दानेन शुक्रपरिहारो दीपिकायाम् *

सितमश्वं सितं छत्रं हेममौक्तिकसंयुतम् ।
ततो द्विजातये दद्यात्प्रतिशुक्रप्रशान्तये ॥३७२॥

सेता घोड़ा, सेता छाता, मोती संयुक्त सुन ब्राह्मणलाई दिनू सम्मुख दक्षिण शुक्रको दोष शान्त हुन्छ ॥३७२॥

* त्रिरागमनमुहूर्तः *

आदित्यहस्तेऽन्त्यमृगाश्विमैत्रे
तथा श्रविष्ठास्वपि वातपैत्र्ये ।
वध्वास्तृतीयं गमनं प्रशस्तं
स्याद्योगिनी शूलतमोविशुद्धौ ॥३७३॥

पुनर्वसु, हस्त, रेवती, मृगशिरा, अश्विनी, अनुराधा, धनिष्ठा, स्वाती, मघा यी नक्षत्रमा वधूको त्रिरागमन ( तेस्रोबार मैताबु ल्याउनु ) शुभ हुन्छ । योगिनी, दिशाशूल र राहुको शुद्धि पनि हुनु आवश्यक छ ॥३७३॥

* त्रिरागमने मासिकराहुविचारः *

आद्येऽर्के भ्रमतो राहुः पूर्वाशादिक्चतुष्टये ।
संमुखे दक्षिणे त्याज्यस्तृतीयागमने स्त्रियाः ॥३७४॥

मेष राशिका सूर्यदेखि पूर्वादि चारै दिशामा राहु बस्तछ, त्यो स्त्रीहरुका सम्मुख र दाहिने वर्जित हुन्छ, उदाहरण चक्रमा छ ॥३७४॥

* मासिकराहुवासचक्रम् *

| पूर्व | दक्षिण | पश्चिम | उत्तर | राहुदिशा वासः |
|---|---|---|---|---|
| मेष, सिंह धन | वृष, कन्या, मकर | मिथुन, तुला कुम्भ | कर्क, वृश्चिक मीन | सूर्य-राशि |

* राहुफलम् *

**अग्रे राहौ च वैधव्यं दक्षिणे दुःखदो भवेत् ।**
**पृष्ठे पुत्रवती नारी वामे सौभाग्यशालिनी ॥३७५॥**

संमुख राहु भए विधवा हुन्छे, दाहिने भए दुःख पाउँछे, पछाडि भए पुत्रवती हुन्छे, बाआ परे सौभाग्यशालिनी हुन्छे ॥३७५॥

* कस्यचिन्मतेन त्रिमासिकराहुज्ञानम् *

**गमोक्ततिथ्यादिषु कारयेद् बुधो वध्वास्तृतीयं पतिवेश्मनो गमम् ।**
**तत्रालितस्त्रि त्रिभसंस्थिते रवौ प्रागादि राहुर्न शुभोऽग्रदक्षे ॥**

यात्राका तिथ्यादिमा पतिका घर वधूप्रवेश तेस्रा बार जाँदा वृश्चिकका सूर्यदेखि तीन तीन महीनामा राहु पूर्वादि चारै दिशामा वास गर्दछ, त्यो राहु संमुख र दाहिने वर्जित हुन्छ ॥३७६॥

* त्रिमासिकराहुचक्रम् *

| पूर्व | दक्षिण | पश्चिम | उत्तर | राहुदिशा |
|---|---|---|---|---|
| वृश्चिक, धन, मकर | कुम्भ मीन, मेष | वृष, मिथुन, कर्क | सिंह, कन्या, तुला | सूर्य-राशि |

* गृहारम्भमुहूर्तः *

**मृगे धातृचित्रानुराधोत्तरान्त्ये धनिष्ठाकरस्वातिपुष्याम्बुपेषु ।**
**नभोमार्गवैशाखपौषे तपस्ये समन्दे शुभाहे गृहारम्भणं सत् ॥**

मृगशिरा, रोहिणी, चित्रा, अनुराधा, तीनै उत्तरा, रेवती, धनिष्ठा, हस्त, स्वाती, पुष्य, शतभिषा यी नक्षत्र गृहारम्भमा शुभ हुन् । फेरि श्रावण, मार्गशीर्ष, वैशाख, पौष, फाल्गुन, यी मास शुभ हुन् तथा शनैश्चर-समेतका शुभ दिन हुनुपर्छ ॥३७७॥

* गृहारम्भे भूमिलक्षणम् *

**श्वेता शस्ता द्विजेन्द्राणां रक्ता भूमिर्महीभुजाम् ।**
**विशां पीता च शूद्राणां कृष्णाऽन्येषां तु मिश्रिता ॥३७८॥**

सफेद (सेतो) भूमि ब्राह्मणलाई श्रेष्ठ हो, अरु क्षत्रियलाई लालवर्ण, वैश्यलाई पीतवर्णको, शूद्रलाई कृष्णवर्णको भूमि श्रेष्ठ हो। अरु वर्णलाई मिश्रित अर्थात् मिलेको भूमि शुभ हुन्छ ॥३७८॥

* ग्रहविचारः *

भौमार्करिक्तामाधूने चरोनेङ्गे त्रिपञ्चके ।
त्र्यष्टयान्त्यस्थैः शुभैर्गेहारम्भस्त्र्यायारिगै खलैः ॥३७९॥

गृहारम्भमा मङ्गल, रविवार, रिक्तातिथि, चर लग्न, पञ्चक यी सम्पूर्ण वर्जित हुन् । तथा आठौं बाह्रौं शुभ-ग्रह अशुभ हुन्छ। अरु तेस्रो, एकादश, छैठौं पापग्रह शुभ हो ॥३७९॥

* गृहारम्भचक्रम् *

गेहाद्यारम्भेऽर्कभाद्वत्सशीर्षे रामैर्दाहो वेदभैरग्रपादे ॥
शून्यं वेदैः पृष्ठपादे स्थिरत्वं रामैः पृष्ठे श्रीर्युगे दक्षकुक्षौ ३८०
लाभोरामैःपुच्छगैःस्वामिनाशो वेदैर्नैःस्वं वामकुक्षौ मुखस्थैः
रामःपीडा सन्ततं वार्कधिष्ण्याद्दश्वैरुद्रैर्दिग्भिरुक्तं ह्यसत्सत् ।

सूर्यका नक्षत्रदेखि गृहारम्भको वत्स चक्र विचार गर्नु । तीन नक्षत्र वत्सका शीर्षमा दिनु त्यसको फल दाहकारक हुन्छ, अरु चार नक्षत्र अग्रपादमा दिनु त्यसको फल स्थिरता हो। अरु तीन नक्षत्र पृष्ठमा दिनु त्यसको फल लक्ष्मीप्रद हो। फेरि अरु चार नक्षत्र दाहिने कोखामा दिनु त्यको फल लाभप्रद हो। फेरि तीन नक्षत्र पुच्छरमा दिनु त्यसको फल स्वामि-नाशक हुन्छ । अरु चार नक्षत्र बाउा कोखामा दिनु त्यसको फल निःस्वताकारक अर्थात् दरिद्रता होला। अरु बाँकी तीन नक्षत्र मुखमा दिनु त्यसको फल संन्तानपीड़क हुन्छ अथवा सूर्यका नक्षत्रदेखि सात नक्षत्र अशुभ हो। फेरि एघार शुभ हो। फेरि दश अशुभ हो यसै क्रमले जान्नु ॥३८१॥

* गृहारम्भवृषचक्रन्यासः सूर्यभात् *

| शीर्ष | अग्र पाद | पृष्ठ पाद | पृष्ठ | दक्षिण कुक्षि | पुच्छ | वामकुक्षि | मुख | अङ्ग |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | ४ | ३ | ४ | ३ | ४ | ३ | नक्षत्र |
| दाह | शून्य | स्थिरता | लक्ष्मी | लाभ | स्वामि नाश | निर्धनता | पीड़ा | फल |

* पुनश्चक्रम् *

| ७ | ११ | १० | नक्षत्र |
|---|---|---|---|
| अशुभ | शुभ | अशुभ | फल |

* ग्रामस्य ऋणधनविचारः *

**स्ववर्गं द्विगुणं कृत्वा परवर्गेण संयुतम् ।**
**अष्टभिस्तु हरेद्भागं योऽधिकः स ऋणी भवेत् ॥३८२॥**

अवर्ग आदि जो आठ वर्ग विवाहमा कहिए उसैदेखि ग्रामको ऋण धन विचार गर्नु । आफ्ना नामका वर्गलाई दूना गरेर फेरि त्यसलाई ग्रामका अङ्कमा जोडिदिनु, त्यसमा आठको भाग दिनु जो शेष बच्छ त्यसलाई अलग राखेर फेरि ग्रामका वर्गाङ्कलाई दूना गर्नु नाउँका वर्गाङ्कमा जोड़ीदिनु उसमा आठको भाग दिनु जो शेषाङ्क बच्छ त्यसलाई अलग राखनु, दुवै अङ्क हेर्नु जो अधिक हुन्छ सो ऋणी हुन्छ जो कम ( थोर ) हो सो धनी हुन्छ ।

जस्तै—ग्रामको नाउँ कास्की र मालिकको नाऊँ भास्कर छ । कास्कीको वर्ग २ नाउँको वर्ग ६ भयो ग्रामका अङ्कलाई दुना गर्दा ४ भयो नाऊँको अङ्क जोड़दा १० भयो, आठले शेष गर्दा २ शेष बच्यो। अब फेरि नामका अङ्कलाई दूना गर्दा १२ भयो ग्रामको अङ्क जोड़दा १४ भयो ८ ले भाग दिंदा ६ रह्यो । यी दुवै शेषांक मध्ये नाउँका अंक अधिक (धेर) भयो। यस निमित्त भास्करको अंक धेर भयो ऋणी भयो, कास्की धनी भएकाले कास्कीमा भास्करलाई जुरेन ॥३८२॥

* गृहारम्भे राहुमुखचक्रं[1] पूर्वोक्तम् *

| ईशान | वायव्य | नैर्ऋत्य | आग्नेय | दिशा |
|---|---|---|---|---|
| सिंह, कन्या, तुला | वृश्चिक, धन, मकर | कुम्भ, मीन, मेष | वृष, मिथुन कर्क | सूर्य-राशि |

जुन दिशामा मुख छ उसैका पहिला दिशामा खात हुन्छ। त्यसमा खन्नु शुभ हुन्छ, फेरि पूर्वोक्त भूमिसुप्त[2] पनि विचार्नु पर्छ।

* परहस्तगतयोगज्ञानम् *

शून्याम्बरे यदैकोऽपि परांशस्थो ग्रहो गृहम्।
अब्दान्तः परहस्तस्थं कुर्याच्चेद्वर्णपोऽबलः ॥३८३॥

घरका आरम्भ कालमा एक पनि ग्रह शत्रुका नवांशमा स्थित होस् त त्यो घर एक वर्ष भित्र बनाउनेका हातदेखि दोस्राका हातमा जान्छ। परन्तु उसका वर्णको स्वामी बलवान् होस्ता शुभ हुन्छ अर्थात् शुक्र बृहस्पति ब्राह्मणका स्वामी हुन्, मङ्गल, सूर्य क्षत्रियका स्वामी हुन् अरु चन्द्रमा वैश्यका स्वामी हुन् ॥३८३॥

* रक्षोभूतयुतयोगः *

अजैकपादहिर्बुध्न्यशक्रमित्रानिलान्तकैः।
समन्दैर्मन्दवारे स्याद्रक्षोभूतयुतं गृहम् ॥३८४॥

शनिवार युक्त पूर्वाभाद्रपद, उत्तराभाद्रपद, ज्येष्ठा, अनुराधा, स्वाती, भरणी यी नक्षत्रमा शनिवारका दिन आरम्भ गरेका घरमा राक्षस, भूतको निवास रहन्छ ॥३८४॥

* ग्रामवासफलम् *

ग्रामो यत्र भवेद्दक्षे तदाद्याः सप्त मस्तके।

---

१—पहिले यसै प्रकरणमा 'देवालये गेहविधौ' इत्यादि श्लोक द्वारा राहुका वास आदिको व्याख्या गरिसकेको छ।

२—यसको विवरण पनि राहुवासका पहिले 'प्रद्योतनात्पञ्च' इत्यादि श्लोक द्वारा यसै प्रकरणमा उल्लेख भएको छ।

पृष्ठे सप्त हृदि सप्त सप्त पादे च तारकाः ॥३८५॥
मस्तके च धनी मान्यः पृष्ठे हानिश्च निर्धनः ॥
हृदये सुखसंपत्तिः पादे पर्यटनं फलम् ॥३८६॥

ग्रामका नक्षत्रदेखि सात नक्षत्र ग्रामका मस्तकमा राख्नु अरु सात नक्षत्र पीठमा दिनु अरु सात हृदयमा स्थापित गर्नु, अरु बाँकी सात नक्षत्र चरणमा दिनु ॥३८५-३८६॥

फल–आफ्नु नक्षत्र ग्रामका मस्तकमा पर्‍यो भने धनी हुन्छ, ग्राममा संतान पाउँछ। पीठमा परे हानि हुन्छ, अरु निर्धनी पनि हुन्छ, हृदयमा परोस्ता सुख सम्पदा र चरणमा परे विदेशमा भ्रमण गराउँछ ॥

* ग्रामराशिविचारः *

एकभे सप्तमे ग्रामे वैरं हानिस्त्रिषष्ठगे।
तुर्याष्टद्वादशे रोगः शेषे स्थाने सुखं भवेत ॥३८७॥

आफ्ना नाम राशिदेखि ग्रामको राशि एकै होस् वा सातौं होस् ता विरोध हुन्छ, तेस्रो, छैठौं होस्ता हानि होला, चौथो आठौं बाह्रौं होस्ता रोग होला अरु शेष स्थानमा सुखकारक हुन्छ ॥३८७॥

* ग्रामे निवासदिग्विचारः *

मध्ये ग्रामस्य गोद्वन्द्वनक्रसिंहाख्यराशयः।
मीनालिकन्यकाः पूर्वे दक्षिणे कर्कराशिकः ॥३८८॥
धन्विनः पश्चिमे मेषस्तुलाकुम्भस्तथोत्तरे।
नो वसेयुर्नराः सौख्यधनलाभात्मजार्थिनः ॥३८९॥

वृष, मिथुन, मकर र सिंह राशिले नगरका मध्यमा निवास नगर्नु। मीन, वृश्चिक, कन्या राशिले पूर्व, कर्क राशिले दक्षिण, धनराशिले पश्चिम, बाँकी मेष, तुला र कुम्भले नगरका उत्तर दिशामा निवास नगर्नू। जो मनुष्यले सुख धन र सन्तानादिको इच्छा गर्दछन् उनले उपरोक्त दिशामा निवास गर्नु उचित हुँदैन ॥३८९॥

वैनतेयमुखा वर्गा बलिष्ठाः पूर्वतः क्रमात् ।
स्वदिशायां गृहं श्रेष्ठं पञ्चम्यां दिशि मृत्युदाः ॥३८०॥

पूर्व आदि आठ दिशामा क्रमैले गरुड़ आदि आठ वर्ग उत्तरोत्तर बली हुन्छन् । यो विषय तल लेखेका चक्रबाट राम्रोसित विदित हुन्छ । जुन वर्गको जो दिशा हो त्यै श्रेष्ठ हुन्छ, परन्तु आफूदेखि पाँचौं दिशालाई मृत्युदायक सम्झनु ॥३९०॥

* वर्गदिशाश्रेष्ठचक्रम् *

| गरुड़ | बिडाल | सिंह | श्वान | सर्प | मूषक | मृग | मेष | वर्ग |
|---|---|---|---|---|---|---|---|---|
| पूर्व | आग्नेय | दक्षिण | नैऋर्त्य | पश्चिम | वायव्य | उत्तर | ईशान | दिशा |
| अ | क | च | ट | त | प | य | श | वर्ण |
| इ | ख | छ | ठ | थ | फ | र | ष | वर्ण |
| उ | ग | ज | ड | द | ब | ल | स | वर्ण |
| ए | घ | झ | ड | घ | भ | व | ह | वर्ण |
| ओ | ङ | ञ | ण | न | म | ० | ० | वर्ण |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | वर्णाङ्क |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

* पिण्डज्ञानम् *

एकोनितेष्टर्क्षहताद्वितिथ्यो रूपोनितेष्टायहतेन्दुनागैः ॥
युक्ता धनैश्चापि युता विभक्ता भूपाश्विभिः शेषमितो हि पिण्डः
स्वेष्टायनक्षत्रभवोऽथ दैर्घ्यहृ-
त्स्याद्विस्तृतिर्विस्तृतिहृच्च दीर्घता ॥
आयो ध्वजो धूमहरिश्वगोखरे-
भध्वांक्षकाः पिण्ड इहाष्टशेषिते ॥३९२॥

विवाहमा वर-कन्याको जन्म नक्षत्रदेखि मेलापकको विचार गरिए

जस्तै ग्राम आदिका निवासमा पनि ग्रामका प्रसिद्ध नामदेखि र निवास गर्नेका प्रसिद्ध नामदेखि विचार गर्नुपर्छ। ग्रामका नाम नक्षत्र-लाई इष्ट मानेर उसै इष्ट नक्षत्रका संख्यामा एक घटाई दिनु र शेष-लाई एकसय बाउन्नले (१५२) गुणा गर्नु अनि त्यसलाई अलग राखेर आफ्ना इष्टमा एक घटाई दिनु र त्यसलाई एकासी (८१) ले गुणा गर्नु अब दुवै अङ्कहरुलाई जोड़ेर त्यसमा सत्र अरु जोड़ी दिनु र त्यसमा २१६ को भागदिनु शेष पिण्ड (क्षेत्रफल) हुन्छ। पिण्डका अङ्कमा अर्थात् जसमा २१६ को भाग दिएको छ त्यै अङ्क इष्ट नक्षत्रको हो। त्यसमा कल्पित हातका लम्बाइको भाग दिनाले लब्धि चौड़ाइ आउँछ, चौड़ाइको भाग दिनाले लम्बाइ सिद्ध हुन्छ। शेषाङ्कलाई चौबीस (२४) ले गुणा गरेर पूर्वोक्त प्रकारले भाग दिंदा लम्बाइ चौड़ाइको अंगुल निस्कन्छ। कमती-बढ़ती लम्बाइ चौड़ाइ गर्न चाहेका अङ्कमा २१६ बराबर गर्नु र त्यसमा भाग दिएर आफ्ना कार्यार्थिको लम्बाइ चौड़ाइ निकाल्नु। यो माथिबाट ज्ञान हुन्छ। फेरि पिण्डमा ८को भाग दिनाले लब्ध ध्वजादिक आय हुन्छ, क्रमैले नाम—ध्वज १ धूम २ हवि ३ श्वान ४ गो ५ खर ६ हात्ती ७ काक ८ यही क्रमले शेषाङ्कमा आठ आय जान्नु ॥२९१–२९२॥

* आयप्रकारस्तथा द्वारप्रकारः *

**ध्वजादिकाःसर्वदिशि ध्वजे मुखं कार्यं हरौ पूर्वयमोत्तरे तथा।**
**प्राच्यां वृषे प्राग्यमयोर्गजेऽथवा पश्चादुदक्पूर्वयमे द्विजादितः।**

पूर्वोक्त ध्वज आयलाई चारै दिशामा द्वार प्रसिद्ध हुन्छ। फेरि सिंहायको मुख, पूर्व दक्षिण-उत्तरमा प्रसिद्ध हुन्छ। अरु वृषायको पश्चिम मुखको द्वार प्रधान हुन्छ। गजायको पूर्व दक्षिण मुख प्रधान हुन्छ अथवा ब्राह्मणले पश्चिम मुख, क्षत्रियले उत्तर मुख, वैश्यले पूर्व मुख, शूद्रले उत्तर मुखको द्वार (दैलो) गर्नु शुभ हुन्छ ॥२९३॥